# पहिलो अध्याय

# परिचय

## १.१ विषय प्रवेश : (Introduction)

विश्व मानचित्रमा ०.०३ प्रतिशत तथा एशिया महाद्वीपमा ०.३ प्रतिशत भूभाग ओगटेको सानो देश नेपालको धार्मिक र सांस्कृतिक क्षेत्र विश्वकै महत्वपूर्ण स्थानमा रहेको छ । आर्थिक, भौतिक र राजनैतिक रुपले पछि परे पनि संस्कृति र संस्कारमा नेपाल निकै धनी छ । यहाँका स्थानीय जनसमुदायले अवलम्वन गर्दै आएको सामाजिक मूल्य मान्यता, धर्मकर्म, रीतिरिवाज, परम्परागत संस्कृति र संस्कार विश्वको अन्य जनजातिको भन्दा पृथक रहेको देखिन्छ । नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक देश भएकोले यस देशलाई राजा पृथ्वीनारायण शाहले "सबै जातजातिको साझा फूलबारी" भनेर चिनाउने गरेका थिए ।[1] वि.सं.२०५६ साल बैशाक १० गते स्थानिय विकास मन्त्रालयबाट सार्वजनिक गरेको अनुसूची अनुसार नेपालमा ६१ जनजाति भएको उल्लेख छ ।[2] यी जातिहरुमध्ये नेवार पनि एक जाति हो । नेवार जातिलाई नेपालमा अथवा काठमाडौं उपत्यकामा प्राचीन कालदेखि बसोबास गर्दै आएको जातिको रुपमा लिइन्छ ।[3]

नेवारहरुको प्रमुख वासस्थान काठमाडौं उपत्यका हो । किराँतकाल, लिच्छवीकाल मल्लकालदेखिका विभिन्न कलाकृति, मठ, मन्दिर, धर्मकर्म, रीतिरिवाज, संस्कृति र संस्कारहरुमा नेवार जातिको अमित छाप परेको देखिन्छ । नेवार जाति संस्कृतिमा अगाडि परेको देखिन्छ । नेवार जातिले गर्ने विभिन्न संस्कारहरुमध्ये मृत्यु संस्कार महत्वपूर्ण संस्कारको रुपमा लिइन्छ । यसरी नै अरु जातिले पनि मृत्यु संस्कारलाई महत्व दिएको पाइन्छ । मृत्यु संस्कारलाई महत्व दिनुको मूल कारण मृत्युदेखि डराउनु हो । शतपथ ब्राह्मणका अनुसार शुरुमा सम्पूर्ण संसार नै मृत्युको डरबाट आतंकित थिए । आतंकित हुनेहरुमा मानवमात्र थिएन देवतासमेत थिए । भनिन्छ, अमरत्व प्राप्तिका लागि देवताहरुले

---

[1] हिरण्यलाल श्रेष्ठ, *नयाँ नेपाल परिचय,* काठमाडौं : लुजः रुपेश प्रकाशन, वि.स.२०३५, पृ. १८,।

[2] *गोकुलप्रसाद बुर्लाकोटी, संक्षिप्त सामान्यज्ञान दर्पन,काठमाडौं: विद्यार्थी पुस्तक भण्डार,२०६१/६२,पृ १९८ ।*

[3] बाबुराम आचार्य, *नेपालको सांस्कृतिक परम्परा,* काठमाडौं : श्री कृष्ण आचार्य , वि.सं. २०५८ , पृ. ११,१२ ।

यज्ञ गरे र अमर भए तथा देवताहरुको लागि मृत्युको डर अन्त्य भयो । तर प्राणीहरुले भने अमरत्व प्राप्त गर्न सकेनन् ,परिणामस्वरुप उनीहरु मृत्यु अंगाल्न बाध्य भए ।[4]

मानव जीवनको सवैभन्दा ठूलो डर भनेको नै मृत्यु हो । मानव जीवित रहनको लागि प्राणतत्वको आवश्यक हुन्छ । यही प्राणलाई आत्मा पनि भन्ने गरिन्छ । प्राणलाई अर्को शब्दमा ज्यान पनि भनिन्छ । मानिसको शरीरबाट प्राणतत्व वा ज्यान निस्केपछि उसको मृत्यु हुन्छ । वास्तवमा यस्ता मृत्युबाट मानिसहरु सधैं टाढा हुन चाहन्छन् । तर मृत्युबाट कोही बच्न सक्दैन । अरुलाई दुःख दिई, रुवाइ पाप गरी मर्नेहरु र दुर्घटनामा परी मर्नेहरुलाई मृत्युपछि शान्ति मिल्दैन । उनीहरुको आत्मा भौतारिरहेको हुन्छ । यस्ता आत्माले मानिसहरुलाई दुःख पीडा दिइरहन्छ भन्ने जनविश्वास छ । अतः यस्ता प्रेतात्माबाट हुन सक्ने दुःख पीडाबाट मुक्त भै शान्त वातावरणमा बस्न मानिसहरुले विभिन्न धार्मिक कार्य गर्न थाले । अथर्व संहिताको अठार काण्डमा मृतकको नाउँमा दिने गौदान, पकाएको भात,मास,तिल मिश्रित खाद्य दान गरेको उल्लेख छ ।[5] मानिसले शान्तिपूर्वक मृत्युवरण गर्न सकोस् तथा उत्पीडित आत्माले पनि सद्गति पाऊन् भन्ने चाहनामा मृत्यु संस्कार गर्ने चलन थालेको देखिन्छ । आश्वालायन गृहसूत्रका अनुसार आमाबाबुको मृत्यु भएमा १२ दिन, सपिण्डको मृत्यु भएमा १०, असपिण्डको मृत्यु भएमा ३ दिन र सहपाठीको मृत्यु भएमा १ दिन दान दिने, वेद अध्ययन स्थगित गर्नुपर्छ भनी लेखिएको छ ।[6] यसरी सबै जात जातिहरुले आ-आफ्नो किसिमले मृतकको नाउँमा संस्कार गर्न थाले । नेवार समाजले अन्य जातिको संस्कार र काजक्रियाभन्दा फरक किसिमले मृत्यु संस्कार गर्दै आएको छ । त्यही कुरालाई यस शोधपत्रमा समेट्ने जमर्को भएको छ ।

## १.२ अध्ययनको उद्देश्यः (Objectives of the Research)

इतिहास विगतको सत्यघटनाको वर्णन हो । इतिहासमा आदिमकालदेखि वर्तमान कालसम्मको मानव सभ्यता र संस्कृतिको अध्ययन गरिन्छ । मानिसले समाजमा बसेर अवलम्बन गर्ने सम्पूर्ण कियाकलाप संस्कृतिभित्र पर्दछ । नागरिकको हैसियतबाट मानिसले

---

4 कला उपाध्याय, *अन्त्येष्टि एक ऐतिहासिक अध्ययन,* वाराणसी : यज्ञ प्रकाशन, इ.स.१९८९, पृ. १९,२०।

5 *ऐ ऐ* पृ.*१०५* ।

6 *ऐ ऐ* पृ. १०६ ।

गर्ने धर्म, परम्परा, संस्कार, रीतिरिवाज, चाडपर्व, उत्सव सबै संस्कृति हुन् । त्यसैले मानिसले गर्ने संस्कृति र संस्कारलाई इतिहासबाट अलग्याउन सक्दैन ।

ह्मम्रो संस्कृति र संस्कारहरुको संरक्षण र सम्बर्द्धन गर्नु हाम्रै दायित्व हो । नेपालका कतिपय जातिहरुको संस्कार र संस्कृतिहरु लोप भइसकेका छन् भने कतिपयको लोप हुने अवस्थामा छ । यसरी संस्कृति र संस्कारहरु लोप हुंदै जानुको प्रमुख कारण लिपिबद्ध गर्न नसक्नु हो । यस्ता संस्कारहरुमध्ये अन्तिम संस्कार अर्थात् अन्त्येष्टि संस्कार (मृत्यु संस्कार) लाई यथार्थ स्थितिमा वर्णन गर्ने उद्देश्य लिएको छ । यस शोधपत्रका उद्देश्यहरुलाई बुँदागत रुपमा दिइएको छ ।

१, मृत्यु संस्कारलाई उपलब्ध स्रोतहरुका आधारमा चिनाउने ।

२, मृत्यु संस्कारको विकासकमबारे उल्लेख गर्ने ।

३, मृत्यु संस्कारका कममा सम्पन्न गरिने क्रियाकर्महरुबारे चर्चा गर्ने ।

४, समाजमा मृत्यु संस्कारको असरबारे प्रकाश पार्ने ।

## १.३ अध्ययनको महत्व :- (Importance of the research)

हामीले मान्दै आएका चाडपर्व, धर्मकर्म, परम्परा, रीतिरिवाज नै हाम्रो संस्कृति हो । संस्कृति हाम्रो गहना हो । यसको संरक्षण र सम्वर्द्धन गर्नु हाम्रो कर्तव्य हो । आफ्नो जातिको चिनारी गर्ने आधार आ-आफ्नो जातिको परम्परागत संस्कृति र संस्कार हुन् । त्यसैले सबै जातजातिको लागि आफ्नो संस्कृति र संस्कार उत्तिकै महत्व हुन्छ ।

नेवार समाजले अंगाल्दै आएको संस्कार र संस्कृतिहरुमा छुट्टै पहिचान देखिन्छ । नेवार समाजमा जन्मदेखि मृत्यु परान्तसम्म गरिने अनेकौं संस्कृति र संस्कारहरुमध्ये चाडपर्व, जात्रा, उत्सव, तथा विवाह, ब्रतवन्ध सम्बन्धी थोरै भएपनि प्रकाशित कृतिहरु छन् तर मृत्युपछि गरिने संस्कारहरुको विषयमा प्रकाशित कृतिहरु निकै न्यून छन् । यो शोधपत्रले नेवार समाजको मृत्यु संस्कारसम्बन्धी जानकारी राख्न चाहने स्वदेशी तथा विदेशीलाई सहयोग मिल्ने अपेक्षा गरेको छ ।

## १.४ पूर्व प्रकाशित कृतिहरुको समीक्षा (Review of Literature)

शोध गर्ने कार्य त्यति सहज होइन जसको उद्देश्य परिपूर्तिको लागि अनुसन्धानात्मक प्रविधिको आवश्यक छ । जसमध्ये प्रकाशित कृतिबाट प्रवाहित सूचनाको संपरिक्षण गर्नु पनि

हो । "नेवार समाजको मृत्यु संस्कार" विषय शोध कार्यको लागि आवश्यक पुस्तकहरु कममात्र पाइयो । मृत्यु संस्कारको विषयमा संकलित पुस्तिकाका केही लेखहरु र सत्वतारा बज्र बज्राचार्यबाट लिखित "नेवाः बौद्ध समाजय् मृत्यु संस्कार-वि.स. २०६१ भाद्र २१-२५ गते वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बानेश्वरमा भएको चतुर्थ अन्तर्राष्ट्रिय बौद्ध संस्कृति सम्मेलनमा प्रस्तुत कार्यपत्र" बाट ठूलो मदत मिलेको छ । नेवार जातिको आगमन र नेवारहरुको संस्कारको विषयमा केही नेवारी तथा नेपाली भाषामा प्रकाशित पुस्तकहरु र इतिहासहरुको सहयोग मिलेको छ । यो शोधपत्र तयार गर्न किताबबाहेक संस्कारसम्बन्धीका ज्ञाता पुरोहितहरु, गुठीका नाइकेहरु, टोलका बृद्ध र जानकारहरुको ठूलो मद्दत मिलेको छ । उपलब्ध पुस्तकहरुमध्ये महत्वपूर्ण पुस्तकहरुको संक्षिप्त समीक्षा यहाँ प्रस्तुत गरिएको छ ।

### क, नेवाः बौद्ध समाजय् मृत्यु संस्कार- कार्यपत्र २०६१

"नेवाः बौद्ध समाजय् मृत्यु संस्कार- कार्यपत्र २०६१" सत्वतारा बज्र बज्राचार्यले नेवार समाजकै मृत्यु संस्कारलाई व्याख्यात्मक रुपमा लेख्नुभएको छ । नेपालभाषामा लेख्नुभएको नेवार बौद्ध समाजमा मृत्युपछि गरिने संस्कारहरु उक्त कार्यपत्रमा उल्लेख छ । यस कार्यपत्रमा नेवार बौद्ध समाजमा गरिने प्रायः सबै मृत्यु संस्कारहरु सबैले बुझ्ने किसिमले व्याख्या गरिएको छ । मृत्यु संस्कारसम्बम्धी जान्न चाहनेहरुले यस कार्यपत्र पढ्नु नितान्त आवश्यक छ ।

### ख, नेपालको सांस्कृतिक परम्परा

इतिहासकार बाबुराम आचार्यले लेख्नुभएको "नेपालको सांस्कृतिक परम्परा"नामक पुस्तकलाई नेपालको राम्रो इतिहासको रुपमा लिन सकिन्छ । त्यस पुस्तकमा नेपालका विभिन्न जातिहरुको राम्रो परिचय पाइन्छ । इतिहासकार आचार्यले त्यस पुस्तकमा नेवारलगायत विभिन्न जातिहरुको संस्कृतिको विषयमा स्पष्ट गरी लेख्नुभएको छ । यस पुस्तक सानो भए पनि अति महत्वपूर्ण र ज्ञानवर्द्धक पुस्तक मान्नुपर्दछ ।

**ग, नेवाः**

रेवती रमणानन्द श्रेष्ठले नेपालभाषामा लेख्नुभएको “नेवाः” पुस्तक नेवार समाजको ऐतिहासिक जानकारी भएको पुस्तक हो । यस पुस्तकमा लेखक श्रेष्ठले नेवार जातिको उत्पति, नेवार जाति कसरी नेवाः (नेवार) भए र नेवार जातिको संस्कृतिको विषयमा लेख्नुभएको छ । यस पुस्तकमा नेवार भाषा, नेवार लिपि र नेवार राष्ट्रिय व्यक्तित्वहरुको सम्बन्धमा अति रोचक किसिमले उल्लेख गर्नुभएको छ । यस पुस्तकलाई नेवार जातिको इतिहास भन्न मिल्छ ।

**घ, जयस्थिति मल्लको सुधार**

“जयस्थिति मल्लको सुधार” नामक चन्द्र विक्रम बुढाथोकीद्वारा लिखित सानो पुस्तकामा राजा जयस्थिति मल्लले गरेका सुधारहरुको विस्तृत विवरण पाइन्छ । नेपाली जनतालाई विभिन्न जातिमा विभाजन गरेको र तिनीहरुको काम निर्धारण गरेको कुरा त्यस पुस्तकमा लेखिएको छ । उक्त पुस्तकमा स्थिति मल्लले तोकेको काम तोकेको जातिले मात्र गर्न पाउने र अन्य जातिले गरेमा सजाय हुने नियम उल्लेख छ । साथै त्यस पुस्तकमा कामको ज्याला कति पाउने हो त्यो पनि उल्लेख गरिएको छ ।

**ङ, भक्तपुरको नवदुर्गा गण**

डा. पुरुषोतम लोचन श्रेष्ठबाट लिखित “भक्तपुरको नवदुर्गागण” पुस्तकमा भक्तपुरको जीवित देवताको रुपमा मान्दै आएको नवदुर्गागणको विषयमा विस्तृत विवेचना पाउन सकिन्छ । नवदुर्गाको उद्‌गम, नवदुर्गाको महत्व, नवदुर्गाको जन्म र मृत्यु सम्बन्धमा डा.श्रेष्ठले उक्त पुस्तकमा लेख्नुभएको छ । नवदुर्गागणको जन्मदेखि मृत्यु परान्तसम्म गर्ने संस्कारहरु त्यस पुस्तकमा उल्लेख गरिएको छ । नवदुर्गागणले गर्ने संस्कार र भक्तपुरका जनताले गर्ने संस्कारहरुबीचको सम्बन्धमा पनि उक्त पुस्तकमा लेख्नुभएको छ ।

**च, The Newars**

गोपाल सिंह नेपालीले नेवार समाजको विषयमा 'The Newars' पुस्तक लेख्नुभएको छ । श्री नेपालीले नेवारहरुको परिचय, नेवारहरुको रहन सहन, बसोबासको विषयमा सो पुस्तक लेख्नुभएको छ । उक्त पुस्तक नेवारहरुको संस्कृति र संस्कारहरुको व्याख्यात्मक विवरण पाइन्छ । काठमाडौंको कीर्तिपुर, पांगातिरका नेवारहरुको संस्कारमा केन्द्रित भएर

लेखिएको सो पुस्तकमा नेवार समाजको मृत्यु संस्कारको विषयमा पनि वर्णन गरिएको छ । अंग्रेजी भाषामा लेखिएको उक्त पुस्तक नेवारहरुको संस्कृति र संस्कार बुझ्न चाहने विदेशीहरुको लागि महत्वपूर्ण देखिन्छ ।

**छ, अत्येष्टि एक ऐतिहासिक अध्ययन**

डा. कला उपाध्यायद्वारा लिखित यस पुस्तक अन्त्येष्टि विषयको पुरानो इतिहास हो । यज्ञ प्रकाशन वाराणसीबाट हिन्दी भाषामा प्रकाशित उक्त पुस्तक आठ अध्यायमा विभाजन गरिएको छ । पृष्ठभूमिको रुपमा प्रस्तुत गरिएको प्रथम अध्यायमा अन्त्येष्टि पुस्तकको महत्व, स्रोत र सीमाको विषयमा चर्चा गरिएको छ ।

दोस्रो अध्यायमा मृत्युको उत्पति, मृत्युबाट हुने डर, त्रास, मृत्यु देवता यम र उनको वासस्थान र पुनर्जन्मको विवेचना गरिएको छ ।

तेस्रो अध्यायमा प्राचीन भारतमा अन्त्येष्टि, चौथोमा शवदाहको परम्परा, पाँचौंमा शव गाड्ने परम्पराको विश्लेषण, छैठौमा अस्थि गाड्ने परम्परा, सातौमा मृत्युको सुतक ( अशौच) र शुद्ध गर्नेसम्बन्धी र आठौंमा उपसंहार लेखिएको छ ।

**ज, अन्तिम अग्नी संस्कार क्रिया**

नेपाल परम्परागत बौद्धधर्म संघद्वारा “अन्तिम अग्नी संस्कार क्रिया” नामको पुस्तक नेपालभाषामा प्रकाशित गरिएको छ । नेवाः बौद्ध समाजमा मृत्युपछि गरिने अन्त्येष्टि क्रिया सबैलाई जानकारी गर्ने उद्देश्यले ललितपुरका एक “सिइगुथि” समूहले डा. नरेशमान बज्राचार्यको निर्देशनमा श्री राजभाइ बज्राचार्यसमेतको सम्पादनमा प्रकाशित उक्त पुस्तकमा मृत्युपछि मसानमा गरिने सम्पूर्ण संस्कार विषयमा जानकारी दिइएको छ ।

## १.५ अध्ययनका समस्याहरु (Problems of Statement)

नेवार समाज प्राचीन जाति हो । वर्तमान नेवार समाज विभिन्न समयमा नेपाल प्रवेश गरेका अन्य जातिहरुसंग समिश्रण भइबनेको छ । नेवार समाजको प्रमुख वासस्थान काठमाडौं उपत्यका भए पनि उपत्यका बाहिरका विभिन्न जिल्लाहरुमा सो जाति

फैलिसकेको छ । बाहिर गएका नेवारहरुको संस्कारहरुमा आएको भिन्नता जानकारी पाउन अति नै कठिन भएको छ । नेवार समाजमा विद्यमान मृत्यु संस्कार अथवा अन्त्येष्टि संस्कारको शुरुको अवस्था यकिन साथ थाहा पाउन प्रमानको कमी छ । यसरी नै उहिले र अहिलेको मृत्यु संस्कारमा गरिने विधिविधानमा के कस्ता भिन्नताहरु आयो लेखाजोखा गर्न गाह्रो छ ।

नेवार समाज विभिन्न उपजातिहरुमा विभाजित छ । ती विभाजित उपजातिमा गरिने संस्कारका प्रक्रियाहरु उपजातिअनुसार साधारण भिन्नता पाइन्छ । मृत्यु संस्कारमा पनि साधारण भिन्नता छ । सबै उपजातिहरुको सानातिना भिन्नताहरु केलाउन त्यति सजिलो छैन ।

नेवार समाजमा कपाली (कुस्ले) जातिको बाहेक अरु सबैको लाश जलाउने संस्कार छ । कपाली जातिको लाश गाड्ने संस्कार कसरी हुन गयो, खोजकै विषय छ ।

नेवार समाजमा मृत्युपछि मृतकको नाउँमा दुई वर्षसम्म विभिन्न संस्कारहरु अनिवार्य रुपमा गरिन्छ । दुई वर्षपछि पनि समय-समयमा संस्कारहरु गरिन्छ । ती संस्कारहरु धार्मिक मान्यता र परम्पराको आधारमा गरिरहेका छन् । त्यसका विश्वासिलो र भरपर्दो प्रमाणहरु प्राप्त छैनन् तापनि उपलब्ध प्रकाशित, अप्रकाशित सामग्री तथा जानकारहरुको भनाइको आधारमा नेवार समाजको मृत्यु संस्कार विषयक शोधपत्र तयार गर्ने प्रयास भएको छ ।

## १.६ अध्ययनको क्षेत्र (Scope)

नेवार समाजको प्रमुख स्थल काठमाडौं उपत्यका हो । उपत्यका बाहिरका शहरहरुमा पनि नेवारहरु बसेका छन् । देशका ठाउँ-ठाउँमा गएर बसेका नेवारहरु उपत्यकाबाट नै गएका हुन् । परम्परादेखि गरिंदै आएको रीतिरिवाज, संस्कार र संस्कृति उपत्यकाका नेवारहरुमा बढी संचित रहेको देखिन्छ । उपत्यका तीन शहरमध्ये भक्तपुरका नेवारहरुमा बढी संस्कार जीवित भएको देखिन्छ । त्यसैले भक्तपुरलाई नेवार संस्कृतिको उद्‌गम स्थल साथै संस्कृतिको राजधानी भन्ने गरिन्छ । त्यसैले यस शोधपत्रको अध्ययन क्षेत्र प्रमुख रुपमा भक्तपुरलाई लिइएको छ ।

## १.७ अध्ययनको सीमा (Limitation)

नेवार समाजलाई नेपालको कला, संस्कृति र संस्कारको धनी समुदायको रुपमा लिन सकिन्छ । यस समाजको संस्कृति, संस्कार र परम्परा अपार छ । नेवार समाजमा पनि ठाउँअनुसार र जातिअनुसार संस्कार र संस्कृतिमा केही भिन्नता पाइन्छ । परापूर्वकालमा एकै किसिमको भए तापनि समयको अन्तरालसँगै बसाइ-सराइ र अन्य जातिको प्रभावले संस्कार विधिमा झिनामसिना परिवर्तन भएको पाइन्छ । आफ्नो परम्परा, संस्कृति र संस्कारलाई जीवित अवस्थामा राख्न भक्तपुरका नेवारहरु अगाडि देखिन्छ । त्यसैले यस शोधपत्रमा भक्तपुरका नेवार समाजको मृत्यु संस्कार, त्यसमा पनि विशेषगरी किसान समुदायको मृत्यु संस्कारलाई प्राथमिकता दिइएको छ ।

नेवार समाजको परम्परा र संस्कार अनगिन्ती छन् । यस शोधपत्रमा मृत्यु संस्कारको मात्र अध्ययन गरेको छ । कुनै एक व्यक्तिको मृत्यु हुँदा या मृत्यु हुने अवस्थादेखि २ वर्षसम्म के कस्ता संस्कारहरु गर्नुपर्छ, कुन-कुन तिथि मितिमा के-के र कसरी गरिन्छ, त्यसको लिपिवद्ध यस शोधपत्रमा गरेको छ ।

## १.८ अध्ययनको पद्धति (Mesearch Methodology)

नेवार समाजको मृत्यु संस्कारसम्बन्धी प्रकाशित लेख, रचना र पुस्तकहरु त्यति पाइँदैन । मृत्यु संस्कारसम्बन्धी अध्ययन गर्न मृत्यु भएकै स्थानमा गै अध्ययन गर्नु आवश्यक छ । स्थलगत अध्ययन र शोधखोजबाट नै काजकिया र संस्कारको विषयमा थाहा पाउन सकिन्छ ।

मृत्यु संस्कारका कुराहरुमा युवाहरुले त्यति चासो राख्दैनन् । यस विषयमा भोगेका, गरेका र जानेका प्रायः बुढापाकाहरु नै हुन्छन् । ती वृद्धाहरु अशिक्षित छन् । ती वृद्ध, बाजेहरुसँग मौखिक सोधपुछ र छलफलबाहेक अन्य विकल्प छैन । गुठी, दाफा, भजनका नाइकेहरु जो अनुभवी, पाको भैसकेका छन्, उहाँहरुसँग गरेको छलफल अन्तरकिया र सरसल्लाहको निचोड नै अध्ययनको सार हुन्छ । कर्मकाण्ड गर्ने गुरु पुरोहितसँग गरेको छलफल, लिएको प्रश्नावलीको उत्तर, राय, सल्लाह पनि अध्ययनका पद्धतिहरु हुन् ।

संस्कृति, संस्कार, परम्परासम्बन्धी प्रकाशित कृतिहरु, लेख, रचनाहरु र अन्य महानुभावहरुले गरेका शोधपत्र, कार्यपत्रको अध्ययन गरी शोधपत्रको लागि आवश्यक,

उपयुक्त कुराहरु लिइएको छ ।  इतिहास र संस्कृति विषयका शिक्षकहरुसँग बुझ्नु र सिक्नु पनि अध्ययनका पद्धतिहरु हुन् ।

## १.९ समयावधि  (**Time Duration**)

मृत्यु संस्कारबारे अध्ययन गर्न पुस्तक अध्ययन गर्नुभन्दा स्थलगत अध्ययन बढी गर्नु पर्ने भएकोले बढी समय लागेको छ । यस अध्ययन कार्य पूरा गर्न ३ महिना लाग्ने अनुमान छ । पहिलो महिना स्थलगत अध्ययन गर्ने, दोस्रो महिना अनुभवी बृद्ध, गुठीका नाइके, जानकार भएका पुरोहित, मृत्यु संस्कारसम्बन्धी भोगेकाहरुसंग छलफल, भेटघाट र अन्तर्वार्ता गर्नेछ । त्यसपछि बाँकी एक महिनाभित्र शोधपत्र लेखन र टङ्कन कार्य सम्पन्न गरी इतिहास केन्द्रीय विभागमा शोधपत्र बुझाइने छ ।

## १.१०, अध्याय विभाजन (**Chapter Divisition**)

यस शोधपत्रमा उल्लेखित विषयवस्तुलाई विषय र प्रसङ्गको आधारमा निम्नानुसार आठ अध्यायमा विभाजन  गरिएको छ ।

| | |
|---|---|
| पहिलो अध्याय | परिचय |
| दोस्रो अध्याय | नेवार समाजको परिचय, अभ्युदय, विशेषता र संस्कारको परिचय |
| तेस्रो अध्याय | नेवार समाजमा मृत्यु संस्कार |
| चौथो अध्याय | मृत्युबाट हुने अशुध्द शुध्द गर्ने विधिहरु |
| पाँचौं अध्याय | वर्षभरिमा गर्नुपर्ने सांस्कृतिक कार्यहरु |
| छैठौं अध्याय | जुठो बार्ने र जुठोमा वर्जित हुने |
| सातौं अध्याय | मृत्यु संस्कारमा समाहित हुने समूह र व्यक्ति |
| आठौं अध्याय | उपसंहार |

# दोस्रो अध्याय

## नेवार समाजको परिचय

### २.१ ऐतिहासिक पृष्ठभूमि :-

नेपाल बहु जाति र बहु भाषाभाषीहरुको देश हो । यहाँ किरात, गुरुङ्ग, तामाङ्ग, थारु, नेवार, मगर, शेर्पा आदि  अनेक जातिहरु बसोबास गर्छन् । उनीहरुमध्ये काठमाडौं उपत्यकामा बसोबास गर्ने नेवार जाति एक प्रमुख जातिको रुपमा लिइन्छ । अहिले यो जाति देशका प्रायः सबै जिल्लामा बसोबास गरिरहेका भेटिन्छन् । तर उनीहरुको मूल थलो भने काठमाडौं उपत्यका नै हो । मध्यकालमा मात्र होइन केही समय अगाडिसम्म पनि काठमाडौं उपत्यकामा आवतजावत गर्ने मानिसहरु आफूलाई नेपाल जाने भन्ने गर्थे ।

नेवारहरु काठमाडौं उपत्यकाको आदिवासीको रुपमा परिचित छन् । ऐतिहासिक दृष्टिकोणले हेर्ने हो भने उपत्यका राजनीतिक केन्द्रको रुपमा प्रतिस्थापित छ । काठमाडौं उपत्यकामा बसोबास गर्ने भएकाले नेवारहरु नेपालका अन्य ठाउँका विभिन्न जातिहरुभन्दा विशेष स्थानमा रहेका छन् ।

### २.२ नेवार जातिको परिचय :

नेपाली बृहत शब्दकोशमा नेवार भनेको नेपालको प्रायः शहरी क्षेत्रमा बसोबास गर्ने एक प्रसिद्ध जाति भनी लेखिएको छ ।[7] "नेवार" शव्द नेपालभाषाको "नेवा" शव्दबाट बनेको हो ।

नेवार शव्दको व्युत्पतिको सम्बन्धमा विभिन्न इतिहासकारहरुको फरक फरक भनाइ रहेका छन् । इतिहासकार बालचन्द्र शर्माका अनुसार "नेवार" शब्दको व्युत्पति यो जातिको मूल स्थलको रुपमा रहेको नेपालबाट नै भएको छ । इङ्गल्याण्ड निवासी इङ्गलिश  र

[7] बालकृष्ण पोखरेल , *नेपाली वृहत शब्दकोश,* काठमाडौः नेपाल राजकिय प्रज्ञा-प्रतिष्ठान , वि.स.२०४०, पृ. ७५२ ।

अफगानिस्तान निवासी अफगान भएझैं नेपाल निवासी “नेवार“ हुन गएको कुरामा कुनै शंका नभएको उहाँको तर्क छ ।[8]

“नेपाल” र “नेवार” शब्दको मूल रुप “नेपार” बाट भएको भन्ने तर्क इतिहास शिरोमणी बाबुराम आचार्यले पेश गर्नुभएको छ । भारतमा “र” को बदलामा “ल” बोलिने तर्क प्रस्तुत गर्दै उहाँ यही नेपार शब्द विकृत भएर यहाँ “नेवार र पछि “नेपाल” भएको हो भन्नुहुन्छ । त्यसैले सार्वनामिक भाषा परिवारअन्तर्गत रहेको मानिएको अति प्राचीन नेवारी भाषा बोल्ने जाति नै यहाँका मूलनिवासी हुन् भन्ने उहाँको ठहर छ । यहाँका मूल निवासीहरुसंग पछि आएर लिच्छवि, विदेह, शाक्य, बृजक, कोशल र मल्ल आदि आर्य परिवारका विभिन्न जातिहरुको सहवास हुन जान्दा वर्तमान नेवारजातिको अभ्युदय भयो भन्ने आचार्यको कठन छ ।[9] यी विभिन्न जातिहरुले पछि गएर नेपालको राजसत्ता आफ्नो हातमा पार्न सफल भए पनि उनीहरुले आफ्नो छुट्टै पहिचान भने दिन सकेन । अन्ततः उनीहरु यहाँको स्थानीय जाति, भाषा, रहनसहन, रीतिरिवाज तथा परम्परामा बिलिन भए।[10] त्यसैले पछि जो कोही यहाँ आए पनि ती सबै नेवार नै भए भन्ने जन-विश्वास छ ।

अर्कोतर्फ डा.सुनितिकुमार चाटर्जीको यस विषयमा आफ्नो अलग्ग मत छ । उहाँ “नेपाल” र “नेवार” शब्द एउटै मान्नुहुन्छ । भाषाको दृष्टिकोणमा “प” र “ल” को ठाउँमा क्रमशः “व” र “र” उच्चारण गर्ने प्रवृत्तिले गर्दा “नेपाल” शब्दको ठाउँमा “नेवार” हुन आएको हो । यही भाषिक कुरालाई ध्यानमा राखी नेवारी भाषामा “नेपाल” लाई “नेपा” र “नेवार” लाई “नेवा” भन्न पुगेको हो भन्ने तर्क उहाँले उल्लेख गर्नुभएको छ ।[11]

यसरी नै पेशल दाहाल भारतबाट पहाडै पहाडको बाटो गरी गण्डकी भेगतर्फबाट नेपाल उपत्यकामा गाई पालन गरी जीविका चलाउन आएका ‘नेप’ (नीप) नामक गोपालजाति नै नेवाः जातिमा परिणत भएको विश्वास गर्नुहुन्छ ।[12] पछि गएर यी नेवाः

---

[8] बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रुपरेखा* , वाराणसी : कृष्णकुमारी देवी , वि.स.२००८, पृ. ५४ - ५७ ।

[9] बाबुराम आचार्य, *नेपालको सांस्कृतिक परम्परा,* काठमाडौं : श्री कृष्ण आचार्य , वि.सं. २०५८ , पृ. १०२ ।

[10] *ऐ ऐ* पृ. १०२ ।

[11] *मेचीदेखि महाकाली भाग २, मध्यमाञ्चल* , विकास क्षेत्र काठमाण्डौ : श्री ५ को सरकार संचार मन्त्रालय सूचना विभाग ,वि.स.२०३१, पृ. ७७५ ।

[12] पेशल दाहाल , *नेपालको इतिहास र संस्कृति* , काठमाण्डौं : एम.के.पब्लिशर्स , वि.स.२०६३ , पृ. २८ ।

जातिलाई नेपालीमा नेवार भन्न थालिएको हो । यसैले रेवती रमानन्दले ठोकुवासाथ “नेप” भनिएका गोपालहरु नै नेवाः जाति हुन् भनेका छन् ।[13]

## २.३ नेपाल उपत्यका नेपाली सभ्यताको उद्गम स्थल

बाबुराम आचार्यका अनुसार नेपालमा सभ्यताको प्रारम्भ प्राचीनकालमा नै भएको पाइन्छ । हिमालयको दक्षिणी काखमा, सतलज नदीदेखि पूर्वका ठूल-ठूला नदीहरुका उपत्यकाहरुमा मानव सभ्यताको उत्थान र विकास हुनुभन्दा पहिले नै बागमती नामक एक सानो नदीको शिरानमा रहेको उपत्यकामा सभ्यताको उत्थान र विकास भएको थियो ।[14]

मानिस चिन्तनशील प्राणी भएकोले ऊ संधै चिन्तन गरिरहन्छ । मानिसको मानसिक चिन्तनबाट पैदा भएका वस्तु र भावलाई संस्कृतिको रुपमा लिइन्छ । मानवजाति भौतिक आवश्यकताहरुको पूर्तिले मात्र सन्तुष्ट रहन सक्दैन । ऊ आफ्नो जीवनलाई सुखमय तथा आनन्दमय बनाउने र आफूले सृष्टि गरेका वस्तुहरुलाई आकर्षक, कलात्मक, मनमोहक एवं सुन्दर बनाउने इच्छा पनि मानवजातिमा आदिमकालदेखि नै स्वाभाविक रुपमा रहन्दै आएको छ । यसै प्रवृत्तिअनुसार मानवजातिले आफ्नै किसिमले आध्यात्मिक चिन्तनहरु गर्दै मूर्त एवं अमूर्त कलाहरुको सृजना गरेको छ र रीतिरिवाज, भेषभूषा आदिको पनि स्वतन्त्र रुपले विकास गर्दै ल्याएको छ ।  मानवसमाजद्वारा गरिने यस्ता सबै प्रयासहरु समाजका संस्कृति हुन् । यसरी मानव सभ्यताको विकाससंगै संस्कृतिको विकास भएको पाइन्छ ।

काठमाडौं उपत्यका बस्तीयोग्य ठाउँमा परिणत हुनुभन्दा अगाडि पानीले भरिएको एउटा दह थियो । कर्कोटक, कुलिश, टकाशा आदि नाम भएका नागराजाहरु बसोबास गरिरहेको यो ठाउँ नागबासह्रड, टौदह आदि नामले चिनिन्थ्यो ।  भनिन्छ, त्यस दहको पानी अष्टगुणले युक्त थियो । यस्तो पवित्र ठाउँको तीर्थ भ्रमण गर्न विपश्वी बुद्ध आएको स्वयम्भूपुराणमा उल्लेख गरेको छ । नागह्रद(नागदह)को तीर्थ भ्रमण गर्न आएका विपश्वी बुद्धले यहाँ कमलको बीउ रोप्नुभएको थियो । कालान्तरतः सो बीउबाट सहश्रदलयुक्त एक कमलको फूल उम्रे र त्यसमा स्वयम्भू ज्योतिरुप उत्पन्न भयो । उक्त ज्योतिरुपको दर्शन गर्न अनेकन बुद्धहरु विभिन्न कालमा यहाँ आगमन भए । त्रेता युगमा सोही नागदहमा

---

[13] रेवती रमणानन्द, *नेवाः: येलः साहित्य मू लुखा* , वि.स. २०५८, पृ. २ ।

[14] आचार्य, *पूर्ववत पाद टिप्पणी नं. ३*, पृ. १२ ।

उत्पन्न भएको स्वयम्भू ज्योतिरुप दर्शन गर्न महाचीनबाट मंजुश्री वोधिसत्व नागदहको तटमा आएका थिए । उनले तीनदिन तीनरात महामण्डप पर्वत (भक्तपुर पूर्वतिरको एक सानो पहाड)मा बिहार गरी स्वयम्भू ज्योतिरुपको दर्शन गरे । त्यसपछि त्यहाँ बसेर उक्त नागदहको जल बाहिर निकाल्न सकेमा भविष्यमा एक ठूलो बस्ती (शहर) बस्न सक्ने विचार गरे । यसको लागि उहाँ दक्षिणतिरको एक पर्वतमा बस्नुभयो । त्यहाँबाट सो नागदहलाई घेर्ने पर्वत-मालाको राम्ररी निरीक्षण गर्नुभयो । त्यसपछि उनले कोदुवाल (कटुवाल) नामक स्थानमा खड्गले पहाड छेडन गरी नागदहको पानी बाहिर पठाए । पानी बाहिर गएपछि यो ठाउँ बस्तीयोग्य भयो तथा मंजुश्रीले पद्मगिरी (स्वयम्भूको पहाड) देखि गुह्येश्वरीसम्म फैलिएको एउटा विस्तृत नगर बसाई धर्माकर नामका एक क्षेत्रीयलाई राजा बनाए । त्यसपछि उनी चीन फर्केर गएको वर्णन स्वयम्भू पुराणमा गरेको छ ।[15]

त्यस्तै नै शैव पुराणहरुमा पनि यहाँ पहिले नाग जातिका मानिसहरु रहेको कुरा गरेको छ । यसैबीच कुनै एक दानासुर नामक राक्षसले यो नेपाल उपत्यकालाई पुनः जलमग्न गरिदिए । हिन्दू पुराणअनुसार द्वारकाबाट श्रीकृष्ण यहाँ आई दानासुरको बध गरी उहाँले चोभारबाट पानी निकाल्नुभयो तथा उहाँसंग आएका गोपालहरु स्वयम्भूको आसपासमा बसेपछि यो क्षेत्रमा बस्तीको विकास भयो । [16]

इतिहासविद् भुवनलाल प्रधानका अनुसार यहाँका आदिबासी गोपालहरु मकवानपुर मालाखेबाट नेपालमा प्रवेश गरेका आदिवासी भूमिपुत्र हुन् ।[17]

नेपाल उपत्यकाको उत्पतिको विषयमा पौराणिक कथाहरुमा वर्णित कुराहरु तर्कयुक्त छैन भन्ने इतिहासविद्हरुको मत छ । तैपनि कुनैबेला काठमाडौं उपत्यका एक दहको रुपमा थियो र यहाँको पानी बाहिर गएपछि यो ठाउँ बस्नयोग्य भएको कुरा भने भूगर्भशास्त्रीहरुले पनि स्वीकार गरेका छन् ।

आजभन्दा ६/७ हजार वर्षपहिले सम्ममा यहाँका मूल निवासीहरुले घुमन्ते एवं जंगली जीवनबाट पशुपालक ग्रामीण जीवनमा पदारपन गरेको अनुमान गरेका छन् ।

---

[15] शर्मा , *पूर्ववत् पाद टिप्पणी नं. २* , पृ. ५४ - ५७ ।

[16] *ऐ ऐ* , पृ. ६२ ।

[17] पद्म श्रेष्ठ, *नेवा* , काठमाडौं : स्यस्य समाज, वि.सं. २०६२, पृ. १८ ।

खेतीपाती र पशुपालनको काममा प्रवेश गरेपछि प्राकृतिक सुविधा आवश्यक भएकोले मानिसहरु अनुकूल ठाउँहरुमा स्थायी बासस्थान बनाएर बस्न थालेको अनुमान छ ।[18]

वास्तवमा काठमाडौं उपत्यका प्राकृतिक रुपले धनी छ । यहाँका निरन्तर बगिरहने नदीनाला र छाँगाछहारी, हरिया रुखहरुले ढाकिएको पहाड-पर्वत र डाँडाकाँडाले गर्दा जो कोहीलाई पनि मनमोहक तुल्याएको छ । प्राकृतिक जलश्रोतले यहाँका भूमि सिंचित गर्न सकिएको हुनाले र यहाँको उर्वरा भू–भाग तथा खनिज सम्पदा सुलभ भएकाले पनि यहाँको उपत्यका पहिलो सभ्यताको विकास केन्द्र भएको हुनसक्छ ।

सभ्यताको उत्थानको निम्ति प्राकृतिक एवं भौतिक सुविधाहरुको सुलभता हुनु अनिवार्य छ । त्यसैले नेवार र नेवारहरु जस्तै अन्य जातिहरु आवाद गरी बसिआएको नेपालको पश्चिम सतलज नदीदेखि पूर्वको टिस्टा नदीसम्मका पहाडी भू–भाग प्राकृतिक रुपले सुन्दर भए तापनि ती ठाउँहरु अति विकट क्षेत्र भएकोले ती प्रदेशहरुमा सभ्यताको विकास सम्भव थिएन । त्यसैले काठमाडौं उपत्यकामा नै नेपालको प्रथम सभ्यताको उत्थान भएको देखिन्छ ।[19] तर आर्य जातिको प्रवेश नभएसम्म यहाँका मूलवासीहरु अर्ध सभ्य अवस्थामै थिए भन्ने अनुमान गरिएको छ ।[20]

गोपालराज वंशावलीमा उल्लेख गरिएअनुसार “ने” नाम गरेका एक मुनि स्लेष्मान्तक वनमा विहार गरी बस्दा मलाखा भन्ने ठाउँबाट यस नेपाल उपत्यकामा गोपालहरु (गाईपालकहरु) आई गोग्राम (गोपालको गाउँ) बस्ती बसाएको भन्ने कथन छ । सोही गोपाल जातिमा “नेप” नाउँ भएका जाति नै नेवा:(नेवार) जातिको शुरु जाति हुन सक्छ भनेर अनुमान गरिएको छ । यही नेप नामका गोपाल वंशीहरुको वंशजले यो देशमा धेरै कालसम्म राज्य गरेको उल्लेख गरिएको छ ।[21] आज पनि मकवानपुरमा मलाखा भन्ने ठाउंमा गोपालीहरुको एक पुरानो बस्ती छ । सोही मकवानपुरको मलाखा भन्ने ठाउँबाट गोपालहरु उपत्यकामा आई पहिले थानकोटको मातातीर्थमा बसे र त्यसपछि मात्रै

---

18 आचार्य, *पूर्ववत् पाद टिप्पणी नं. ३* , पृ. १० ।

19 *ऐ ऐ* , पृ. १३ ।

20 *ऐ ऐ* , पृ. १३ ।

21 धनवज्र बज्राचार्य , *गोपालराज वंशावली* , काठमाण्डौ : कमल पी मल्ल, इ.स. १९८५, पृ. ७३ ।

स्लेषमान्तक वनतिर आएको हुनुपर्छ भनी कुनै कुनै विद्वानहरुको भनाइ छ । स्लेष्मान्तक वनक्षेत्र भन्नाले ग्वल, बतीसपुतली, सिनामंगलतिर पर्छ ।[22]

भाषावंशावली अनुसार नेवारहरु ब्रम्हपुत्र क्षेत्रीय हुन् । तिनीहरु भारतको दक्षिणभागमा रहेको नाएर नामक प्रदेशबाट प्रथम कर्नाटवंशी राजा नान्यदेवसंग नेपाल आएका हुन् ।[23] स्मरणीय छ, सोही राजा नान्यदेवले नेपालको दक्षिण क्षेत्रमा सन् १०९७ तिर तिरहुत राज्य स्थापना गरेको उल्लेख छ । सोही नान्यदेवले ई.१११ मा नेपाल उपत्यकामा आक्रमण गर्न आएका थिए ।[24] यस हिसाबले यो कथनमा सत्यता भएको देखिंदैन । यस सम्बन्धमा बाबुराम आचार्यले लेख्नुभएको छ- "कर्णाटवंशी राजा नान्यदेवको साथमा नै नेवार सिमरौनगढबाट नेपालमा आएका हुन् भन्ने एक दन्त्यकथा काठमाडौं उपत्यकमा निकै प्रचलित रहेको छ । तर यो सत्य होइन ।"[25]

वंशावलीमा उल्लेख भएअनुसार नेपालमा प्राचीन समयमा पशुपतिनाथको देवल भूकम्पले भत्की पुरिराखेको थियो । त्यो बेलामा कुनै एक दानासुर नामक दैत्यले चोभारको न्हसिकापको प्वाल बन्द गरेर यो उपत्यकालाई फेरि जलले भरिदियो । त्यहीबेला द्वारिकाबाट श्री कृष्णसहित गोपालहरुको एक समूह यहाँ आई यस उपत्यकाको पानी बाहिर पठाए । त्यसरी श्री कृष्णसंग आएका गोपालहरु माताातीर्थनिर रहेको थानकोट स्थानलाई केन्द्र बनाई बसोबास गरे । उनीहरुले पछि आफ्नो बस्ती कीर्तिपुरसम्म पनि बढाएको थियो भन्ने अनुमान गरिएको पाइन्छ ।[26] त्यसरी बसोबास गरेका ती गोपालहरु नै नेवार हुन् भन्ने गरिन्छन् ।

काठमाडौं उपत्यकामा आर्यहरु वा आर्य सभ्यताको प्रवेश ईशापूर्व ७५० तिर भएको अनुमान गरिएको छ । ती आर्यहरुको प्रवेश भएपछि मात्रै काठमाडौं उपत्यकाका नेवारहरु निकै सभ्य, सचेत र उन्नत भएका थिए ।[27] त्यसबेलाका नेवारहरु तिरहुत, मगध, कोसलदेखि काशीसम्म पनि आवतजावत गर्थे । यस कुराको पुष्टि कौटिल्यको अर्थशास्त्रमा

---

[22] रमणानन्द, *पूर्ववत् पाद टिप्पणी नं. ७*, पृ. ३ ।

[23] दाहाल, *पूर्ववत् पाद टिप्पणी नं. ६*, पृ. ३८ ।

[24] श्री राम प्रसाद उपाध्याय , *नेपालको समिक्षात्मक इतिहास,* ललितपुर : साझा प्रकाशन , वि.स.२०५५, पृ. २८ ।

[25] आचार्य, *पूर्ववत् पाद टिप्पणी नं. ३,* पृ.७२ ।

[26] श्रेष्ठ, *पूर्ववत् पाद टिप्पणी नं. ११,* पृ. १८,१९ ।

[27] आचार्य, *पूर्ववत् पाद टिप्पणी नं. ३,* पृ. १५ ।

नेपालका घरेलु उत्पादनका रुपमा तयार गरिएका वस्तुहरु मिहिन, रंगीन, बुट्टेदार र मोटो ऊनी कपडा, वन्यजन्तुका छाला, तथा “भिङ्गिसी” नामक आठपाटे घुमराडी (कमल)हरु मगध, कोसलदेखि काशीसम्म लगेर बेच्न लान्थ्यो भन्ने उल्लेख गरेको छ । यतिमात्रै होइन ती वस्तुहरु संग्रह गर्न लायक वस्तुहरुमध्येमा गनिएको समेत उल्लेख गरिएको पाइन्छ । यसरी उपत्यका र यसको आसपासका नेवारहरुले आफ्नो सभ्यता र संस्कृतिको विकासमा तीव्रता गरेको थियो भने अन्य क्षेत्रका जातिहरुले भने सभ्य अवस्थामा पुग्न सकेको थिएन । यसको मूल कारण काठमाडौं उपत्यकामा प्राकृतिक एवं भौतिक सुविधा सुलभ थियो अन्य क्षेत्रमा थिएन ।

समयको अन्तराल संगसंगै अन्य जातिहरु जस्तै उत्तरी भेगबाट आएका मंगोलियन जाति अर्थात् तिब्बतिहरु र दक्षिणी भेगबाट आएका लिच्छवि, विदेह, शाक्य र मल्ल आदि आर्यमूलका जातिहरु पनि नेवार जातिमा मिसिन गए । लिच्छवि तथा मल्लहरुले यहाँका मूल निवासी नेवारहरुमाथि राज गरे तापनि नेवार जातिको भाषा, रीतिरिवाज, संस्कार र संस्कृतिमाथि अतिक्रमण गरेन ,बरु नेवारजातिकै भाषा, रीतिरिवाज, संस्कार र संस्कृतिलाई तिनीहरुले आत्मसात गरेको देखिन्छ ।

राजा पृथ्वीनारायण शाहले नेवार राज्य काठमाडौं उपत्यकालाई आक्रमण गरेर जिते तर नेवारहरुको धर्म, संस्कृति, रीतिरिवाजलाई उनले छोएनन् । उनले नेवारहरुको संस्कृतिमा साथ दिए । यो पृथ्वीनारायण शाहको कूटनीतिक चाल थियो । यदि पृथ्वीनारायण शाहले नेवारहरुको धर्म, संस्कृति, रीतिरिवाजलाई आक्रमण गरेको भए सबै नेवारहरु उनको विरुद्ध उठ्ने थियो । पृथ्वीनारायण शाह उपत्यकामा सफल हुनुको प्रमुख कारण यही थियो ।

अतः समस्तिगत रुपमा भन्नुपर्दा नेवार समाज एक सभ्य जातिको रुपमा चिनिन्छ । यो जातिको आफ्नै मौलिक संस्कृति र परम्परा छन् । यो जातिमा ज्यामी, कुली, खेतीपाती गर्नेदेखि लिएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्मका व्यापारी, उद्योगी, यातायात व्यवसायी, संचार क्षेत्रका कर्मचारीहरु छन् । वर्तमान समयमा यो जाति नेपालको प्रायः सबै शहरी क्षेत्रमा बसोबास गरिरहेका छन् । त्यसरी यो जाति देशको कुनाकाप्चासम्म फैलिएर बसे तापनि यस जातिको मूल थलो भने काठमाडौं उपत्यका नै हो । शारीरिक दृष्टिकोणले नेवारहरु अलि अग्ला, पातला, गहुँगोरो रंगका तथा अनुहार लाम्चो, गोलो फराकिलो किसिमका हुन्छन् । यिनीहरुको आँखा कालो, नघुंगुरिएको कालो कपाल, जीउ कस्सिला

हुन्छन् । नेवार जातिको आफ्नो छुट्टै मौलिक परम्परा छ । आफ्नो छुट्टै भाषा, भेषभुषा, रीतिरिवाजमात्र होइन छुट्टै लिपिहरु ( रञ्जना ,भुजिमो, पाचुमो) पनि छन् ।

## २.४ नेवार जातिमा जातीय विभाजन

नेपालका विभिन्न जातिहरुमा नेवार एक सुसंस्कृत जाति हो । यो जातिमा प्राचीन समयमा जातीय विभाजन भएको देखिंदैन । समय-समयमा अन्य क्षेत्रबाट विभिन्न जातिहरु नेपाल उपत्यकामा प्रवेश गरे । लिच्छविहरु पनि नेपालमा पटक-पटक प्रवेश गरेको पाइन्छ । नेपालमा प्रवेश गर्ने लिच्छविहरुमा अधिकांश क्षेत्रीय थिए । विदेहहरुमा भने ब्राम्हणहरुको प्रधानता थिए । यिनीहरु नेपालमा प्रवेश हुँदा उनीहरुको साथमा धोवी, तेली, चमार, डुम आदि शुद्रहरु पनि प्रवेश भएका थिए । यी सबै नेवाहरुकै समाजमा घुलमिल भए । हुनत नेवार समाजले जातपात र छुवाछूत मान्दैनथ्यो तर विदेहहरुले जातपात र छुवाछूत प्रथालाई कायमै राखेको थियो । जव लिच्छविहरु स्वतन्त्र राज्यको स्थापना गर्न सफल भए तबदेखि समाजमा जातपात छुवाछूतको भावना कठोर हुँदै आएको पाइन्छ ।[28] लिच्छविहरुले यहाँ आफ्नो प्रभुत्व जमाएपछि यहाँका आदिवासीहरुमाथि शासन गरे र यहाँका आदिवासीहरुको सामाजिक संरचनामा परिवर्तन गर्न खोजे । फलस्वरुप यहाँको नेवार जाति कालान्तरमा धेरै जाति र उपजाति भएको समुदायको रुपमा देखापरे । तैपनि यहाँको नेवार समुदायमा समावेश भएका व्यक्ति, जाति तथा वंशहरुले नेवार समुदायकै भाषा, भेषभूषा, रीतिरिवाज, धर्म, संस्कार ग्रहण गरी त्यही जातिमा समिश्रण भएको देखिन्छ ।

त्यसकारण आजसम्म आउँदा विभिन्न जातिहरु समिश्रण भैसकेको नेवार जाति बनेको छ । त्यसैले आजको नेवार समाजमा लिच्छविहरु, विदेहका ब्राम्हणहरु र तिनीहरुसंगै आएका धोवी, तेली, चमार, डुमलगायत शुद्र जातिहरु सबै नै घुलमिल भएका छन् । यसरी नेवार समाजमा लिच्छविबाट आएकाहरु क्षेत्रीय थिए भने विदेहबाट आएकाहरु ब्राम्हण थिए । त्यसबेलाको समाजमा यिनीहरुको बोलवाला रहेको थियो । त्यसैले उनीहरुले यहाँका नेवार समाजमा रहेको जातीय समानतालाई परिवर्तन गरी विभिन्न जातजाति र छुवाछूतको प्रथा लादेको देखिन्छ । यसरी नेवार समाजमा लिच्छविहरुको राज्यकालदेखि जातपात, छुवाछूतको

---

[28] आचार्य , *पूर्ववत् पाद टिप्पणी नं. ३,* पृ. २६ ।

भावना पलाएको देखिन्छ ।[29] तर त्यसबेलासम्मको समाज ४ वर्ण १८ जातमा मात्रै विभाजित थियो । यही ४ वर्ण १८ जातमा विभाजित नेवार समाजपछि ४ वर्ण ३६ जातमा विभाजित गरिएको थियो । मल्लकालमा फेरि परिवर्तन गरी राजा जयस्थिति मल्लले ४ वर्ण ७२५ जातमा विभाजन गरेको उल्लेख छ ।[30]

## २.५ नेवार समाजको विशेषता

नेवार समाज अनेक जात र थर भएको जाति हो । नेपालका प्रायः सबैजसो जिल्लाहरुमा व्यापार व्यवसायलाई आफ्नो मुख्य पेशा गरेर गुजारा चलाउने यो जाति प्रायः व्यापारी क्षेत्रमा छन् । बजारको निर्माण गरी व्यवस्थित व्यापार गर्ने चतुर जातिको रुपमा नेवार जातिलाई लिइने गरिन्छ । यसरी व्यापारी वर्गमा गणिने जातिहरुमा तुलाधर, ताम्राकार, मानन्धर, कंसाकार, प्रधान,जोशी, राजभण्डारी, अमात्य, मास्के, वैद्य र श्रेष्ठ हुन् । यिनीहरुमध्ये शाक्य, बज्राचार्य, तुलाधर, ताम्राकार कंसाकार जातिहरुले बौद्ध धर्म मान्छन् भने अरुले हिन्दू धर्म मान्छन् । यसबाहेक यहाँ अनेक थरका कृषकहरु छन् । यिनीहरुले हिन्दू र बौद्ध दुवै नै धर्महरु मान्ने गर्छन् । नेवारहरुमा धर्मको सन्दर्भमा धार्मिक कतरता थिएन । यिनीहरुमा धार्मिक सहिष्णुता रहँदै आएको छ । यो नेवार जातिको एक विशेषता नै मान्न सकिन्छ । यी नेवार जातिलाई यिनीहरुले गर्ने कामअनुसार जात र थरमा विभाजन गरिराखेको देखिन्छ , यो पनि नेवर जातिको विशेषता नै मान्नुपर्छ ।

नेवारहरु वास्तुकला, शिल्पकलालगायत ललितकलामा निपुण छन् । यिनीहरु कलायुक्त मठ मन्दिर, देवालय, पौवा, पाटी, चैत्य, स्तुप आदि बनाउन सिपालु छन् । यिनीहरुले बनाएका यस्ता पाषणकला, मूर्तिकला, मृत्यकला, धातुकला, काष्ठकला, चित्रकलाहरु राष्ट्रिय स्तरमा मात्रै होइन अन्तर्राष्ट्रिय स्तरमा समेत प्रख्यात छन् । चीनको प्रशिद्ध श्वेतचैत्यको निर्माण नेपालको एक प्रसिद्ध नेवार कलाकार अरनिकोले बनाएका थिए । अरनिको ललितपुरका वासिन्दा भएको इतिहासकारहरु बताउँछन् । त्यसैले नेवार समाजलाई शिल्पकलाको खानीको रुपमा लिन सकिन्छ । यो पनि नेवार जाति र समाजको विशेषता भन्न सकिन्छ ।

---

29 दाहाल, *पूर्ववत् पाद टिप्पणी नं.* ६, पृ. २६ ।

30 चन्द्र विक्रम बुढाथोकी, *जयस्थितिमल्लको सुधार,* पुलचोकः साझा प्रकाशन, वि.स. २०३९, पृ. ६ ।

नेवार जाति सांस्कृतिक दृष्टिकोणले पनि निकै सम्पन्न रहेको पाइन्छ । यिनीहरुको संस्कृति र संस्कारलाई परम्परागत रुपमा मान्ने चलन छ । त्यस्ता परम्परागत रुपले मान्दै आएका संस्कृति र संस्कारहरुमा यहाँका चाडपर्व, जात्रा र उत्सवहरु हुन् । त्यस्ता चाडपर्व र जात्राहरु भन्नाले बिस्केट जात्रा, गाईजात्रा, इन्द्रजात्रा, तिहार, दशैं आदि हुन् ।

त्यस्तै संस्कारका कार्य भन्नाले यो जातिमा बालक जन्मेदेखि मृत्योपरान्तसम्म गर्ने अनेक संस्कारहरु हुन् । यस्ता काजक्रियामा बच्चा जन्मेपछि उसको पास्नी, जन्मदिन, चुडाकर्म, ब्रतवन्ध आदि केटालाई गर्ने क्रिया हुन् भने बेलबिवाह, बाह्रा राख्ने केटीलाई गर्ने क्रिया हुन् । केटा र कटी दुवैलाई संयुक्त रुपले गर्ने संस्कारगतक्रिया विवाह र भीमरथारोहण हुन् । यी संस्कारगत क्रियाहरु जन्मेर नमरुन्जेल खुसियालीको रुपमा गरिने रीतिरिवाज हुन् । त्यस्तै मानिसको मरण भएपछि गरिने संस्कारगत क्रियाहरु भनेको लोकाचार, न्हेनुमा, घःसुः ( घर सुद्धि/दुबेकें ), लत्या (४५ दिन), खुला (६ महिनाको श्राद्ध), दाकिला (एकवर्षे श्राद्ध ) र नेदाया तिथि -दुईवर्षे श्राद्ध ) आदि हुन् । यी संस्कारहरु दुखःका क्रियाहरु हुन् । यसरी खुशीयालीको रुपमा मान्ने चाडपर्वहरुमा होस् र दुःखदमा गरिने संस्कारहरुमा होस् दुवै संस्कारहरुमा विशेष पूजा गरेरे आफ्ना नातेदार छरछिमेकहरुलाई बोलाएर भोज खुवाउने चलन जातिहरुमा रहेको पाइन्छ ।[31]

नेवार जाति सांस्कृतिक दृष्टिकोणले पनि निकै सम्पन्न रहेको कुरा माथि नै उल्लेख गरिसकेको छ । यिनीहरु वर्षभरि नै विभिन्न देवी-देवताहरुको पूजा, उत्सव र जात्रा मनाउने गर्दछन् । त्यसरी मनाउँदै आएका चाडपर्व, जात्रा र उत्सवहरुमा बिस्केट जात्रा, गाईजात्रा, इन्द्रजात्रा, तिहार, दशैं आदि हुन् । त्यस्तो जात्रा र चाडपर्व सम्पन्न गर्नको लागि आवश्यक कार्यहरु सम्पादन गर्न विभिन्न गुठीहरुको व्यवस्था गरिएको हुन्छ । चाडपर्व र जात्राहरुमा दाफा भजन गर्नु, बाजा बजाउनु आदि कार्यहरु गुठीले गर्छन् साथै धर्मकर्म,पूजाआजा,निर्माण कार्य सम्पन्न गर्नको लागि विभिन्न समूहहरुको व्यवस्था गरिएको हुन्छ । नेवार समाज सांस्कृतिक रुपले धनी छ । यस समजमा मनाइने अनेक जात्राहरुमा थरीथरीका नेवारी बाजाहरु बजाइन्छ । त्यस्ता बाजाहरुमा नायखिं, लालाखिं, धाँ, धिमाय, बाँसुरी, मुहालीं, प्वङा आदि हुन् । नेवार समाज बाजामा मात्रै धनी होइन नृत्यमा पनि उत्तिकै धनी छ । यस समाजमा देवी नृत्य, लोक नृत्यलगायत पशुपंक्षी नृत्यहरुसमेत गरिने चलन चलिआएको छ ।

[31] सिः गुठिका नाइके इन्द्रवहादुर दुवालसंग मिति २०६३।०१।२० गते मौखिक रुपमा लिइएको अन्तर्वार्ता अनुसार ।

त्यस्ता परम्परागत नृत्यहरुमा देवी नृत्य (देवी प्याखं), भैरव नृत्य (भैल प्याखं), बाँदर नृत्य ( माक प्याखं), कुकुर नृत्य (खिचा प्याखं), कंकाल नृत्य (कवांचा प्याखं), माछा नृत्य (ङा प्याखं), घोडा नृत्य (सलां प्याखं) आदि हुन् । यस्ता परम्परागत नेवारी नृत्यहरु र बाजा-गाजा, दाफा-भजनलगायत नाटक आदि कुनै विशेष चाडपर्वहरुमा प्रदर्शन गरिन्छ । नेवार समाजका प्रत्येक युवाले दाफा, भजन, बाजा र नृत्यहरुमध्ये घटीमा एउटा सिक्नैपर्ने सामाजिक मान्यता छ । आजकल धेरै युवतीहरु पनि बाजा र नृत्यहरुमा समिलित हुने गरेको पाइन्छ ।

नेवार समाज संयुक्त परिवारमा रहने जाति हो । यिनीहरु गाउँ, शहर, पहाड, तराई सबै ठाउँमा गुच्चमुच्च भई मिलेर बस्छन् । बाजेदेखि नाति, पनातिसम्म एक संयुक्त परिवारको रुपमा बसेको देख्न पाइन्छ । संयुक्त परिवारमा नबसी भिन्न भैसकेका दाजु भाइहरु पनि 'ज' फुकी' बनाई सामाजिक मान्यतामा बाँधिएर बस्छन् । यसरी अनेक पुस्तासम्म संयुक्त परिवारमा बस्न सक्नु पनि यो जातिको विशेषताको रुपमा लिन सकिन्छ ।

## २.६ नेवार समाजका संस्कारहरु

नेवारहरु आफ्नो सामाजिक मान्यता र संस्कृति परम्परालाई अति नै माया गर्छन् । यो नेवारहरुको विशेषता हो । उनीहरुले आजसम्म आफ्नो मौलिक पहिचानको रुपमा आफ्नो भाषा, भेषभुषा, रीतिरिवाज, परम्परालगायत सँस्कृतिलाई अंगीकार गर्दै आएका छन् ।

नेवार सभ्यताको मूल रुप ग्रामीण सभ्यता नै थियो । नवागन्तुक आर्यावर्तीय आर्यहरुको आवादी यहाँ बढ्दै गएपछि यहाँका नेवारहरुको सभ्यता ग्रामीण सभ्यताबाट नगर सभ्यतामा परिणत भएको थियो । त्यसैले नेवारहरुले ती आर्यहरुबाटै ज्ञान–विज्ञान, कृषि, वाणिज्य, उद्योगधन्दा सिकेको अनुमान हुन्छ । यसरी आर्यहरुबाटै ज्ञान–विज्ञान, कृषि, वाणिज्य, उद्योगधन्दा सिकेर लिए तापनि आफ्नो सभ्यता, संस्कृति र परम्परालाई भने यथावत नै कायम राखे । बरु उल्टो उनीहरुले आफ्नो भाषा, भेषभुषा, रीतिरिवाज, परम्परा र संस्कृतिमा अरुलाई समाहित गर्न सफल भए । तैपनि सधैंभरि आफ्नो मूल संस्कार र संस्कृतिलाई यथावत राख्न सम्भव नभएको हुनाले पछि विस्तारै लिच्छवि, विदेह तथा अन्य नवागन्तुक आर्यहरुको मेलबाट प्राचीन मूल संस्कृतिमा केही परिवर्तन आए ।[32]

[32] आचार्य, *पूर्ववत् पाद टिप्पणी नं.३,* पृ. २२,२३ ।

नेवारहरुको बस्ती अहिले उपत्यकामात्र होइन । देशका अन्य विभिन्न शहर, बजार र गाउँहरुमा फैलिसकेका छन् । तैपनि नेपालको आदिवासीको रुपमा लिंदा नेवार समाज भनेपछि काठमाडौं उपत्यकाका नेवारहरुलाई नै लिने गरिन्छ । नेपालको राजधानी पनि काठमाडौं भएको हुनाले नेपालको साँस्कृतिक परम्परा र संस्कार भनेपछि मुख्य रुपमा नेवार समाजको संस्कार र संस्कृतिलाई नै लिइने गरिन्छ । यतिमात्रै होइन कि विश्वमा नेपाली भनी चिनाउने संस्कृति र संस्कार पनि नेवार समाजकै संस्कृति र संस्कार हुन् । नेवार समाजको संस्कृति र संस्कार विश्वका कुनै समुदायसंग मेल नभएको एक छुट्टै पहिचान भएको संस्कृति र संस्कार देखिन्छ ।

संस्कृति भनेको कुनै वस्तुलाई परिमार्जन गरेर चम्किलो, उज्यालो र निर्मल बनाउनु हो । जुन गुणको अनुकरण गर्नाले मानिस सुसंस्कृत र सभ्य कहलाउन सक्तछ । वास्तवमा मानिसका दैनिक जीवनसँग सम्बन्धित धर्म, दर्शन, आस्था, शिल्प, कला, संगीत, नृत्य, साधना, रीतिरिवाज चाडपर्व आदि नै संस्कृति हुन् ।[33]

त्यसैले संस्कृति भनेको देश, समाज वा जातिहरुमा रहेका, चालचलन, रीतिरिवाज, भेषभूषा, आमोदप्रमोद, शिल्प-व्यवसाय, धार्मिक मान्यता र भाषा एवं साहित्य आदि मानसिकचिन्तनका उपजहरुको समाष्टि भएको प्रमाणित हुन आउँछ ।[34] नेवार समाजको आफ्नो छुट्टै धर्म, दर्शन, मूल्य मान्यता, परम्परालगायत संस्कृति र संस्कार भएको हुनाले नेवार जातिको जीवन पद्दति सरल, सभ्य र अनुशासित रुपमा अगाडि बढ्ाउन यसले ठूलो भूमिका खेलेको छ ।

नेवार जातिमा व्यक्तिलाई समाजमा चिनाउने कार्य उनीहरुले गर्ने संस्कारले गर्छ अर्थात् उनीहरुले गर्ने संस्कारबाट नै कुनै व्यक्ति सो समाजमा दर्ता हुन्छ । समाजमा दर्ता भएपछि व्यक्तिलाई समाजले मान्यता दिने गर्छ । त्यसकारण जबसम्म संस्कार गरिंदैन तबसम्म त्यस व्यकिलाई समाजले मान्यता दिएको हुँदैन । कुनै युवाले कुनै युवतीलाई विवाह गरी ल्याए पनि आफ्ना फुकीहरुसामु आवश्यक रीतिरिवाज र संस्कार नगरेसम्म त्यस युवतीलाई 'ज' (फुकी) र गुठीको सदस्य मानिंदैन । "ज" गुठीमा सदस्य नभएको व्यक्ति मर्दापर्दा उसको 'ज' र गुठीले गर्नुपर्ने संस्कारहरु केही गर्दैन । यसैले नेवार समाजमा संस्कार कार्य नगरी सामाजिक अधिकार प्राप्त हुंदैन भन्ने कुराको संकेत मिल्दछ ।

---

[33] दाहाल, *पूर्ववत् पाद टिप्पणी नं. ६,* पृ. ९ ।

[34] आचार्य , *पूर्ववत पाद टिप्पणी नं. ३,* पृ. २ ।

नेवार समाजमा संस्कारको ठूलो महत्व छ । संस्कारले नै समाजको परिचय दिएको हुन्छ । नेवार समाज धर्मको आधारमा बनिराखेको छ । यो समाज बौद्ध र हिन्दू गरी दुई वर्गमा विभाजित छ । यी दुई वर्गमा पनि विभिन्न जातहरु छन् । एक जातिले गर्ने संस्कार अर्को जातिले गर्ने संस्कारमा सानातिना भिन्नता रहेको पाइन्छ । बौद्धहरुमा पनि बज्राचार्य, शाक्यहरुले गर्ने संस्कारमा केही फरक छ । त्यस्तै हिन्दूहरुमा राजोपाध्याय र अन्य जातिमा गर्ने संस्कार र खड्गी, पोडे जातिमा गर्ने संस्कारमा केही फरक छ । यसरी नेवार जातिमा गर्ने संस्कारहरुमा भिन्नता भए पनि जन्मअघि, जन्मपर्यन्त र मरणोपरान्त गरिने संस्कारको तरीकामा भने समानता नै छन् । यसअनुसार परम्परादेखि नेवार बौद्ध समाजमा जन्म ( गर्भधान)देखि मृत्यु नहुन्जेलसम्म गरिंदै आएका दशवटा संस्कारलाई “दश कर्म” भनिन्छ ।[35] ती “दश कर्म” निम्नअनुसार छन् :–

१) गर्भधान कर्म ( गर्भधारण हुनु )
२) पुंसवन कर्म ( छोरो जन्माउने ढोको हुनु )
३) सीमन्तोपनयन कर्म ( गर्भ परिपक्व हुनु )
४) जात कर्म ( शिशु जन्मिनु )
५) नाम कर्म ( शिशु नाम दिनु )
६) अन्नप्राशन कर्म ( शिशुलाई अन्न खुवाउन थाल्नु )
७) चुडा कर्म ( पहिलो पटक कपाल काट्नु )
८) ब्रतादेशन कर्म ( ब्रतवंध कार्य ) ( लाज संकोच छोप्नु )
९) व्रतसमावर्धन कर्म (ब्रतमोक्षण कर्म ) ( अध्ययनबाट उत्तीर्ण हुनु )
१०) पाणिग्रहण कार्य ( विवाहयोग्य हुनु )

यस्तै हिन्दू परम्परामा जन्मदेखि मृत्युसम्म १६ वटा संस्कारहरु गर्दछन् । त्यसैले त्यस्ता संस्कारहरुलाई “षोडश संस्कार अथवा “सोह्र संस्कार ” भनिन्छ ।[36] ती षोडश संस्कार निम्नअनुसार छन् :-

[35] नरेश मान बज्राचार्य, *“नेपालमण्डलको बौद्ध संस्कृति“दशकर्म”को एक अध्ययन, पलेस्वाँ वर्ष १६ अंक २२,* ललितपुरः लोटस रिसर्च सेन्टर, २०६२, पृ. ५२,५३ ।

[36] राजवली पाण्डे, *हिन्दू संस्कार* , वाराणसीः धोखम्बा विद्याभवन, ई.स.१९८५ , पृ. २१ ।

१) गर्भाधान
२) पुंसवन
३) सीमन्तोपनयन
४) जात कर्म
५) नाम कर्म
६) निष्क्रमण
७) अन्नप्राशन
८) कर्मबोध
९) विधारम्भ
१०) चुडाकर्म
११) केशान्त
१२) उपनयन
१३) वेदारम्भ
१४) समावर्तन
१५) विवाह
१६) अत्येष्टि

तर काठमाडौं उपत्यकामा यस्ता सबै "सोह्र संस्कार" हिन्दू नेवारहरुले गरेको पाइँदैन । यहाँका ब्राम्हण जातिले मात्र "सोह्र संस्कार" सबै गरेको पाइन्छ । तैपनि ती संस्कारहरुमा अधिकांश संस्कार कर्महरु भने गरेको अवश्य पाइन्छ ।

माथि उल्लेख गरिएझैं बौद्ध तथा हिन्दूहरुले गर्ने संस्कारहरुमध्ये परम्परागत रुपमा नेवार समाजले अपनाउँदै आएका जन्मअघि, जन्मपछि र मृत्युपश्चात् गरिने समान संस्कारहरुलाई निम्न तीन भागमा विभाजन गर्न सकिन्छ ।[37]

१) प्रागजन्म संस्कार ( जन्म हुनुभन्दा अगाडि गरिने संस्कार )
२) जीवन संस्कार ( जन्मदेखि मृत्यु नहुन्जेल गरिने संस्कार )
३) मृत्यु संस्कार ( मृत्युपश्चात गरिने संस्कार )

यस्ता संस्कारकर्महरु प्राचीन समयमा पनि यस क्षेत्रको वरिपरि बसोबास गरेका नाग जातिहरुले गर्ने गरेको हुनसक्ने अनुमान कतिपय विद्वानहरुले गरेका छन् ।

[37] काशिनाथ तमोट, *नेवाः समुदायको धर्म र संस्कार,* स्मारिका ( श्री ५ वीरेन्द्रको स्वर्ण जयन्तीको उपलक्ष्यमा प्रकाशित ) काठमाडौं : नेपाल नेवार समाज, वि.स.२०५२, पृ. २३ ।

# तेस्रो अध्याय

## नेवार समाजमा मृत्यु संस्कार

### ३.१ मृत्यु : प्राकृतिक नियम

पृथ्वीमा सृष्टि भएका हरेक वस्तु एकदिन नाश हुन्छ । त्यस्तै संसारमा जन्मिएका हरेक प्राणी एकदिन मृत्यु हुन्छ, यो ध्रुव सत्य कुरा हो । मानिस, जनावर, चराचुरुङ्गी, रुख, विरुवा आदि ज्यान भएका सबै प्राणीहरुको मृत्यु हुन्छ भने ज्यान नभएका मानव निर्मित वस्तुहरु बिग्रिएर नाश हुन्छन् । यसरी जन्म भएपछि मरण हुनु, उदय भएपछि पतन हुनु र निर्माण भएपछि नष्ट हुनु प्राकृतिक नियम नै हुन् । बिहान उदायको सूर्य बेलुकी अस्ताउँछ, राति उदायको जून बिहान बिलाउँछ, त्यसरी नै मानव पनि जन्मन्छ, हुर्कन्छ, अनि मृत्यु हुन्छ तर कुन व्यक्तिको मृत्यु कहिले र कसरी हुन्छ भन्न सकिंदैन । कुनैकुनै महापुरुषहरुले आफू यही दिनमा र यही समयमा मृत्यु हुन्छ भनी भविष्यवाणी गर्छन् तर त्यो भविष्यवाणी सत्य हुन्छ नै भन सकिंदैन ।[38]

हाम्रो शरीर चार महाभूतबाट बनिएको मानिन्छ । यी चारमहाभूतबाट हाम्रो जीवन सञ्चालन भइरहन्छ । जब ती महाभूतहरु निष्कृय भई जान्छ तब मानिसको मृत्यु हुन्छ । वि.सं.२०६१ भाद्र २१-२५ गतेसम्म अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बानेश्वरमा सम्पन्न भएको चतुर्थ अन्तर्राष्ट्रिय बौद्ध संस्कृति सम्मेलनमा सत्वतारा बज्र बज्राचार्यद्वारा प्रस्तुत गर्नुभएको ***"नेवा बौद्ध समाजय् मृत्यु संस्कार"*** कार्यपत्रमा पृथ्वीतत्व, जलतत्व, अग्नीतत्व, वायुतत्व क्रमशः निष्कृय भएपछि मानिसको मृत्यु हुन्छ भनी स्पष्ट उल्लेख छ ।[39] यस्तो अवस्थाको

---

[38] सिः गुठिका नाइके इन्द्रवहादुर दुवालसंग मिति २०६३।०१।२० गते मौखिक रुपमा लिइएको अन्तर्वार्ता अनुसार ।

[39] सत्वतारा बज्र बज्राचार्य, *नेवा बौद्ध समाजय् मृत्यु संस्कार - वि.सं.२०६१ भद्र २१ -२५ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बानेश्वरमा चतुर्थ* अन्तराष्ट्रिय बौद्ध संस्कृति सम्मेलनमा प्रस्तुत कार्यपत्र ।

**क) पृथ्वीतत्व निष्क्रियता**

मर्न लागेको मानिसको सर्वप्रथम पृथ्वीतत्व निष्क्रिय हुन्छ । पृथ्वीतत्व निष्क्रिय भएपछि मानिस उभेर बस्न सक्दैन । ऊ बस्न पनि सक्दैन । खुट्टाले शरीरलाई ठम्याउन सक्दैन, मेरुदण्डले कुनै काम गर्दैन । बिरामीले टाउकोसमेत उठाउन सक्दैन । ऊ विछ्यौनामा तासिन्छ । बिरामीको शरीरभित्रका अङ्गहरुले काम गर्न छाडेको हुन्छ । त्यस्ता बिरामी चल्न पनि सक्दैन् । उनको जीउ सुक्दै जान्छ । यस्तो अवस्थालाई शरीरको पृथ्वीतत्व जलतत्वमा समाहित भएको भनिन्छ । यस्तो अवस्थामा पुगेको बिरामीलाई कसैले उठाउन खोजे पनि ऊ उठ्न सक्दैन । यसलाई मृत्युको पहिलो लक्षण भनिन्छ ।

**ख) जलतत्व निष्क्रियता**

पृथ्वीतत्वपछि जलतत्व नास भएर जान्छ । जलतत्वलाई अग्नीतत्वले सुकाउने काम गर्छ । यो अवस्थामा बिरामीको ज्वरो बढेको हुन्छ । शरीरभित्र तरलतत्व सबै बिस्तारै सुक्दै गएको हुन्छ । बिरामीको नाक, कान, ओठ सुक्दै जान्छ । आँखामा आँसु, मुखमा थुक, पिसाब, पसिना आदि कम हुँदै जान्छ । आखिर उसमा भएका सम्पूर्ण जलतत्व समाप्त हुन्छ । यो मृत्युको दोस्रो लक्षण हो ।

व्यक्तिको शारीरिक अङ्ग प्रत्यङ्गहरु जीर्ण भई ज्ञानेन्द्रीयहरु स्थिल भइसकेका हुन्छन्, ज्ञानेन्द्रीय र शरीरबीचको सम्बन्ध छुटिसकेका हुन्छन् । यस्तो अवस्थामा आँखाले देख्न, कानले सुन्न, नाकले सुघ्न र जिब्रोले स्वाद लिन छोड्छ । यस प्रकृयालाई मानव शरीरको मरण भनिन्छ । त्यसैले मानव शरीरमा चतुरमहाभूत जब निष्कृय हुन्छ, तब मानव जीवनको अन्त्य हुन्छ ।

## ३ : २ मृत्युका प्रकारहरु :

मानव शरीरमा निरन्तर प्रवाह भइरहने श्वास-प्रश्वास क्रिया जब रोक्छ, तब मानिसको मृत्यु भयो भनिन्छ । मानिसको मृत्यु विभिन्न कारणले हुन्छ । मानिसको मृत्यु दुई प्रकारले हुन सक्ने बताइन्छ ।

३ : २ : १ स्वाभाविक मृत्यु

३ : २ : २ अस्वाभाविक मृत्यु

**३ : २ : १ स्वाभाविक मृत्यु :-** दुर्घटना, रोग, प्राकृतिक प्रकोप र हत्याबाट नभै कालगति वा धेरै वर्षसम्म बाँची हुने मृत्युलाई स्वाभाविक मृत्यु भनिन्छ ।

**३ : २ : २ अस्वाभाविक मृत्यु :** विभिन्न दुर्घटनामा परेर वा कसैबाट हत्या भएर हुने मृत्युलाई अस्वाभाविक मृत्यु भनिन्छ ।

स्वाभाविक वा अस्वाभाविक एक किसिमले मानिसको मृत्यु हुने गर्छ । मृत्युको उत्पति कहिलेदेखि भयो सबै अनभिज्ञ छन् । श्रीमदभागवतमा ब्रम्हाद्वारा प्राणीमात्रको सृष्टि भएसँगै मृत्युको उत्पति भयो भनेर उल्लेख भएको पाइन्छ ।[40] यसले मानिसहरु जन्म भएपछि एक दिन मर्नुपर्छ भन्ने कुरा इङ्गित गर्छ । प्राणीको जन्म र मृत्युलाई एउटा प्राकृतिक नियमको रुपमा लिइएको छ । मृत्यु शरीरलाई खुला ठाउँमा छोड्दा कुहिने, गन्हाउने र पशु-पंक्षीबाट क्षत-विक्षत हुने स्वाभाविक छ । मृतकको यस्तो विभत्स अवस्थाले मृतक परिवारलगायत अरु मानिसमा नराम्रो प्रभाव पर्नसक्छ । त्यसैले लाशलाइ ठेगाना लगाउने कार्य हुने गर्छ ।

---

**ग) अन्नी तत्व निष्क्रियता**

त्यस्तै बिरामीको तातो भैराखेको शरीर विस्तारै चिसो भएर जान्छ । शरीरका सबै अङ्गहरु चिसो भएर जान्छ । बिरामीलाई जतिसुकै लुगा सिरक लगाए पनि त्यसले कुनै प्रभाव पार्दैन, उल्टो चिसो थप्दै जान्छ । अन्ततः बिरामीको शरीर भित्रको ताप पनि चिसिंदै जान्छ । हात, खुट्टा, टाउको छुन्दा बरफ झैं चिसो हुनथाल्छ । यो मृत्युको तेस्रो लक्षण हो ।

**घ) वायुतत्व निष्क्रियता**

अग्नितत्वपछि बिरामीको शरीरमा वायुमात्र बाँकी हुन्छ । वायुतत्वले मात्र शरीर ठाम्न सकिंदैन । त्यस अबस्थामा बिरामीलाई स्वास फेर्न गाह्रो भएको हुन्छ । स्वास प्रकृया असाधारण हुनथाल्छ । स्वास लामो लामो फेर्न थाल्छ । स्वास बढी बाहिर जान्छ, भित्र कम लिन्छ । स्वास छिटो छिटो हुनथाल्छ । नेवारीमा यसलाई स्वाँ-स्वाँ आएको भनिन्छ । यो मृत्युको चौथौ लक्षण हो ।

40 कला उपाध्याय,*अन्त्येष्टि एक ऐतिहासिक अध्ययन,* वाराणसी : यज्ञ प्रकाशन, इ.स.१९८९, पृ.१९ ।

## ३ : ३ अन्त्येष्टि एक परिचय

मृतकको लाशलाई तह लगाउने कार्य प्राचीन कालदेखि भईआएको देखिन्छ । साधारणतया लाशलाई जलाउने, जलाएर बांकी भएको हाड गाड्ने र यसबाहेक लाशलाई गाड्ने, पहाडको टुप्पोमा लगी पशुपंक्षीलाई ख्वाउने र लाशलाई नजिकको नदीमा बगाउने आदि चलन चलिआएको पाइन्छ । यीमध्ये कुन पहिले, कुन पछि भएको स्पष्ट भन्न कठिन छ । लाश तह लगाउने कार्यलाई अन्त्येष्टि कार्य भन्ने चलन छ । शव अन्त्य गर्ने उपर्युक्त तरिकाहरुमध्ये जलाउने र गाड्ने प्रचलन बढी पाइन्छ ।

उत्तर वैदिक साहित्य, सूत्र-साहित्य र महाकाव्यमा शवदाह अन्त्येष्टि प्रथाको वर्णन छ । अथर्व-संहिताको एक मन्त्रमा निखाता (जमिनमा गाड्ने), परोप्ता (नदी, समुद्रमा बगाउने), दग्धा (आगोमा जलाउने) तथा उद्धिता (पहाडको टुप्पोमा लगेर पशुपंक्षीलाई ख्वाउने) यी चार प्रकारका अन्त्येष्टि प्रकृया प्रचलन भएको उल्लेख छ ।[41] प्राचीन भारतीय साहित्यमा शव जलाउने र अस्थी गाड्ने गरेको प्रमाण मिलेको छ । व्राह्मण-साहित्य र सूत्र-साहित्यमा अस्थी गाड्ने कर्मकाण्डको वर्णन छ । उल्लेखअनुसार शव दाहापछि बांकी भएको अस्थी नदीमा बगाइ दिनुपर्छ । त्यसरी नै भारतीय उपमहाद्वपिमा मध्य-पाषाणकालमा शव गाड्ने प्रचलन पनि थियो । नव-पाषणकालमा आएर शवसँगै अन्य सामग्री पनि गाड्ने चलन आयो । त्यसरी नै शवलाई खुला ठाउँमा छाड्ने प्रचलन पनि थियो । शव खुला ठाउँमा छोड्ने प्रथाबारे जे.एन. तिवारीले महाभारतको एक सन्दर्भमा लेख्नुभएको छ । भारतीय उपमहाद्वीपको कुनै भागमा यस्तो चलन भएको संकेत उहाँले उल्लेख गर्नुभएको छ । कालान्तरमा मृत्युपछि सम्पन्न हुने अन्त्येष्टिसम्बन्धी कार्य सामाजिक संस्कारमा परिणत भयो । यसलाई मृत्यु संस्कार पनि भनिन्छ ।

मृत्यु संस्कारमा गरिने प्रकृया विभिन्न देशका जातिहरुले आ-आफ्नो विश्वास, मूल्य र मान्यतामा आधारित भएको पाइन्छ । संस्कारभित्र परिवारको एउटा सदस्यको मृत्यु हुंदा परिवारजनलाई हुने दुःखबाट छुट्कारा पाउन वा मृतकसंग परिवारजनको सम्बन्ध छुटाएर मृतकको घरको वातावरण पवित्र र शान्तमय बनाउन तथा परिवारजनको जीवन सुखमय

---

[41] उपाध्याय, *पूर्ववत् पाद टिप्पणी नं. ३, पृ.३२,३३ ।*

बनाउन पहिलेका मानिसहरुले अन्त्येष्टि संस्कारलाई व्यवस्थित गरेको पाइन्छ ।[42] यस्ता संस्कारहरुमध्ये नेवार समाजको मृत्यु संस्कारका वारेमा यहाँ चर्चा गर्ने प्रयास भएको छ ।

## ३ : ४ नेवार समाजमा मृत्यु संस्कार :

मानिस जुनसुकै अवस्थाबाट मृत्यु भए पनि मृत्यु संस्कार गर्नैपर्ने नेवार समाजको सामाजिक मान्यता छ । नेवार समाजमा एउटा मानिसको मृत्यु कुन अवस्थामा भएको हो सो विचार गरी संस्कार प्रकृयाहरु सम्पन्न गर्ने गर्छन् । बिरामीको मृत्यु शान्त अवस्थामा भयो वा अशान्त अवस्थामा भयो सोअनुसार दान कर्म तथा काजक्रिया गर्ने गर्छन् । हुन त बिरामी अन्तिम अवस्थामा उसको मनको कुरा जान्न वा यकिन गर्न गाह्रो हुन्छ । तैपनि त्यसबेला उसको नजिक भएका र प्राण त्याग्ने अवस्थामा बिरामी हेरिबसेकाहरुले यसबारे अनुमान लगाउन सकिन्छ । त्यसैले मृतक कुनै कारणले दुर्गतिमा पर्ने सम्भावना देखेमा उसको सुगतिको लागि अनेक विधिविधान गरिन्छ । मृत्युपछि गरिने यस्ता सम्पूर्ण काजक्रिया, कर्मकाण्डलाई नै "मृत्यु संस्कार" भनिन्छ । यस प्रकारको संस्कारगत क्रिया मृत्यु भएको समयदेखि दुई वर्षसम्म गरिन्छ ।

मृत्यु हुने समयमा शरीरमा भएका चार महाभूतहरु क्रमशः कम हुँदै गएको लक्षण देखापर्दछ । यसरी चारवटै महाभूतहरु क्षीण भएर गएको लक्षण देखिएपछि अन्तमा शरीरबाट आत्मा निस्कन्छ र मानिसको मृत्यु हुन्छ । त्यसकारण सबै मानिसहरुको मृत्यु एकै प्रकारको हुँदैन । कुनै मानिस छोटो समयमा नै मृत्यु हुन्छ भने कुनै मानिसहरु लामो समयसम्म बिरामी भएर मृत्यु हुन्छ । लामो समयसम्म बिरामी भै मृत्यु भएको खण्डमा माथि उल्लेख गरेका लक्षणहरु स्पष्ट देखापर्छ । यसको अर्थ बिरामी नै नभै अचानक मृत्यु हुनेहरुको चार महाभूत क्षीण भएर गएको आभास नहुन सक्छ भन्न खोजिएको हो । अस्वाभाविक मृत्युहरुमा यस्ता प्रकृयाहरु देख्न वा थाहा पाउन गाह्रो हुन्छ । अस्वाभाविक मृत्य हुँदा मानिसको पृथ्वीतत्व, जलतत्व, अग्नीतत्व नास भएको थाहा नभए पनि ऊभित्रको वायुतत्व नास भएको थाहा हुन्छ । संक्षेपमा भन्ने हो भने स्वाभाविक वा अस्वाभाविक कुनै पनि अवस्थामा मृत्यु हुँदा माथि उल्लेखित चार महाभूतका चरणहरु पार गरेको हुन्छ ।

प्रायः सबै मानिसहरु मर्ने अवस्थामा अचेत हुन्छ । त्यसैले त्यस्तो अवस्थामा पुगेपछि उसको पुनर्जन्म राम्रो ठाउँमा होस् भनेर त्यहाँ उपस्थित सबैले मर्न लागेको व्यक्तिको

[42] बालचन्द्र शर्मा, *नेपालको ऐतिहासिक रुपरेखा* , वाराणसी : कृष्णकुमारी देवी , वि.स.२००८, पृ. १ ।

मनमा देवताप्रति भक्ति जगाउने कोशिश गर्छन् वा मर्न लागेको व्यक्तिले आफ्नो श्रद्धानुसारको देवताहरुको नाम लिन लगाइन्छ । प्रचलित मान्यताअनुसार मृतकको सो अन्तिम क्षणको लक्षण हेरेर मृतकको अर्को जन्म कस्तो हुनेछ भनेर अड्कल गरिन्छ । बिरामी भएर पनि राम्रो अवस्थामा, शान्त मनस्थितिमा मृत्यु भए "सुगतिमा" र अशान्त तथा अस्थिर मनस्थितिमा मृत्यु भए "दुर्गतिमा" पर्छ भन्ने धारणा छ । त्यसैले अन्तिम अवस्थामा पुगेपछि बिरामीको मन शान्त गर्नको लागि परिवारजन, आफन्त, नाताकुटुम्ब आदि अगाडि बसी बिरामीलाई सान्त्वना दिने गर्छन् । आफन्तहरुले बिरामीको सबै जिम्मा आफूहरुले लिने, जिम्मा लिएको पुरा गर्ने बाचा गर्छन् । बिरामीहरु पनि सो अवस्थामा पुगेपछि आफ्नो मन धैर्य गर्ने कोशिश गरिरहेका हुन्छन् । त्यसैले कोही नारायणको नाम जप्दै , कोही रामको नाम लिन्दै , कोही बुद्धको शरणमा गई मर्छ । त्यस्तै कोही आफ्ना शिष्यहरुलाई अर्ती उपदेश दिंदै, कोही धार्मिक श्लोक वाचन गर्दै मृत्यु वरण गर्छन् । यसरी नै कोही खाना माग्दै, कोही गाली गर्दै तथा कोही रुन्दै मृत्यु वरण गरेका हुन्छन् ।_त्यस्ता देवी देवताका नाम लिन्दा बिरामीलाई आत्मसन्तुष्टी मिल्छ तथा पुनर्जन्म राम्रो पार्न सहयोग मिल्छ भन्ने सामाजिक मान्यता रहिआएको छ । [43] यसरी मृत्यु वरण गर्नेहरुमध्ये कोही उर्ध्वगामी र कोही अधोगामी भई दुई प्रकारले मृत्यु हुने गर्छ भन्ने विनोदराज शर्माको भनाइ छ । उहाँका अनुसार नाइटोभन्दा माथिबाट "प्राण वायु" निस्की मृत्यु भए उर्ध्वगामी र त्यसभन्दा मुनिबाट "प्राण वायु" निस्केमा अधोगामी मृत्यु हुनजान्छ । उर्ध्वगामी मृत्युलाई "भाग्यमानी" सद्गतिमा पर्ने र अधोगामी मृत्युलाई "अभागी ठानी" अधोगतिमा पर्ने धार्मिक लोक विश्वास प्रचलित छ ।[44]

## ३ : ५ मृत्युशय्याको स्थान निश्चित गर्नु

लामो अवधिसम्म थला परी मृत्यु हुने अवस्थामा पुगेका बिरामीलाई प्राण त्याग गराउन उपयुक्त ठाउँको चयन गरिन्छ । नेवार समाजमा प्राण त्याग गराउने ठाउँ सबैको एउटै किसिमको हुँदैन । कसै कसैले घरमा मृत्यु भएमा मृतक दुर्गतिमा पर्छ भन्ने धारणा राख्छन् भने कसैले आफ्नै घरमा मृत्यु गराउँछन् । यसरी हेर्दा नेवार समाजमा आफ्नो घरमा र घर बाहिर गरी दुई ठाउँमा प्राण त्याग गराउने परम्परा रहिआएको देखिन्छ ।

---

[43] दुवाल, पूर्ववत पाद टिप्पणी नं. १ ।
[44] पुरुषोत्तम लोचन श्रेष्ठ , *भक्तपुरको नवदुर्गा गण* , भक्तपुर : ववीता श्रेष्ठ, वि.सं.२०६० ,पृ. ९६ ।

### ३ : ५ : १ घरमा मृत्युशय्या तयारी गर्नु

घरमा मृत्यु गराउनेले प्रायः घरको छेडी अर्थात् जमीन तल्लाको दलानमा सफा गोबरले लिपपोत गरी बिरामीको मृत्युशय्या तयार गर्ने चलन छ। यो चलन काठमाडौं उपत्यकामा निकै प्रचलित छ। बिरामीको अवस्था चिन्ताजनक बन्न पुगेपछि आफन्तहरु यस्ता शय्या बनाउनेतर्फ लाग्छन्।

### ३ : ५ : २ घाटमा मृत्यु शय्याको तयारी गर्नु

जसको आफ्नो निजी घर हुँदैन तथा बहालमा बसिआएको छ, त्यस्ता व्यक्तिहरुको मृत्युशय्या तयार पार्न कठीन हुन्छ। साधारणतया निम्न अवस्थामा बिरामीलाई घाटमा लाने चलन छ।

(क) **घरवारविहीन व्यक्तिहरु** :- कति मानिसहरु आफ्नो घर नभई अरुको घरमा डेरा गरी बसेका हुन्छन्। त्यस्ता व्यक्तिहरुको मृत्यु हुने अवस्था देखिएमा घाटमा लाने गरिन्छ। नेवारहरु बहालमा बस्नेहरुलाई आफ्नो घरमा प्राण त्याग गर्न दिंदैनन्। त्यसैले डेरा गरी बसेका व्यक्तिको मृत्यु हुने अवस्था भएमा घाटमा लाने बाध्यता परेको हुन्छ।

**ख**) **घर साँगुरो भएमा** :- कतिपय उपत्यकामा बसोबास गर्नेहरुको घर अति साँगुरो हुन्छ। त्यस्ता परिवारका कोही सदस्य मृत्यु हुने अवस्था देखिएमा त्यस्ता बिरामीलाई घाटमा लाने गरिन्छ।

**ग**) **घर टाढा भएमा** :- कामकाजको कारणले आफ्नो घर छोडी आएका कतिको आफ्नो घर भएर पनि घर पुग्न नसक्ने अवस्था हुन्छ। त्यस अवस्थामा कसैको मृत्यु हुने देखिएमा परिवारजनले कुनै एक घाटलाई रोज्नुपर्ने अवस्था हुन्छ।

(**घ**) **धार्मिक अवधारणा** :- घाटलाई धार्मिक रुपमा पवित्रस्थल मानिन्छ। त्यसैले पूजा, श्राद्ध पनि घाटमा गरिन्छ। घाटको ब्रम्हनालमा प्राण त्याग गरे स्वर्गमा जान्छ भन्ने धार्मिक मान्यता छ। त्यसैले नेवार समाजमा घाटमा लगी प्राण त्याग गराउँदा राम्रो मानिन्छ। त्यसैले मृत्यु हुने अवस्थामा बिरामी घाटमा लाने गर्छन्।

(ङ) **घर बाहिर मृत्यु भएमा** :- कोही व्यक्ति आफ्नो घरभन्दा बाहिर टाढा या नजिक जहाँ मृत्यु भए पनि त्यसलाई सिधै घाटमा लगिन्छ । सडक दुर्घटना भै बाटोमा मृत्यु भए या अन्य घटना भई खेतमा मृत्यु भएमा त्यस्ता लाशलाई घाटमा लगिन्छ । त्यस्तै रोगव्याधीले विदेशमा मृत्यु भए या उपचारको क्रममा अस्पतालमा मृत्यु भए त्यस्तालाई पनि घाटमा लाने गरिन्छ ।

त्यसमाथि अकालमा परी मृत्यु हुनेहरुको हिजोआज अस्पतालमालगि जँचाउने गरिन्छ । त्यसरी घर बाहिर मृत्यु भएकाहरुको शब घर नल्याई घाटमा लगी दाहसंस्कार गर्ने चलन छ । बिरामीलाई घाटमा सिधै लगिएको छ भने बिरामीलाई सर्वप्रथम घाट वैद्यले जाँच्ने गर्छ । बिरामीको अवस्था चिन्ताजनक छ भने त्यस्तालाई ब्रम्हनाल (एक विशेष ढुंगा)मा राखिन्छ । ब्रम्हनालमा राख्दा बिरामीको खुट्टा नदीमा दुबाइन्छ । बिरामीलाई घाटमा भएका आफन्तजनहरुले पानी ख्वाउँछन् । बिरामीको मृत्यु भएपछि शवलाई एक निश्चित ठाउँमा विधिपूर्वक राखिन्छ । घाटमा लगेको बिरामी मर्ने अवस्थाको छैन भने घाटमा अवस्थित पाटी वा सत्तलमा राखिन्छ । त्यस्ता बिरामीहरुको घाटवैद्य तथा स्वास्थ्यकर्मीद्वारा उपचार गराइन्छ ।[45]

घाट पु-याइएका बिरामीहरुको मृत्यु नै हुन्छ भने छैन । ब्रम्हनालमा राखिसकेका कटिपय बिरामीहरु पनि निको भई फर्केको कुरा बुढापाकाहरु सुनाउँछन् । घाटमा लगी हप्तौंसम्म राखी निको भई फर्केकाहरुलाई सिन्दुर जात्रा गरी घर फर्काउनु पर्ने सामाजिक मान्यता छ ।

## ३ : ६ मृत्यु सहज बनाउन गरिने दान धर्महरु

नेवार समाज धर्ममा आस्था र विश्वास राख्छ । नेवार समाजमा गरिने सबै संस्कारहरु धार्मिक आस्थामा आधारित छन् । मानिसले जन्मेदेखि गर्दै आएका राम्रा-नराम्रा कार्यहरुमध्ये नराम्रा कार्यबाट हुने पापफलहरु नाश होस् भन्ने कामनासहित धार्मिक मूल्य, मान्यता र परम्पराको आधारमा मर्न लागेको व्यक्तिको नाममा विभिन्न दानप्रदान गर्ने चलन छ । ती निम्नानुसार छन् ।

---

[45] दुवाल, *पूर्ववत पाद टिप्पणी नं. १* ।

### ३ : ६ : १ गौदान (गाई दान) :

गौदान भनेको गाई दान हो । गौदानको लागि आवश्यक पूजा सामानहरु साथै चामल, च्यूरा, दाल, गेडागुडी, पीठो, आदि “सेरा” भीन छुट्टाछुट्टै टपरामा व्यवस्था गर्नुपर्ने हुन्छ । गौदानको बेला एउटा गाई पनि घर बाहिर राखिन्छ । बिरामीको अगाडि बसी पुरोहितबाट पूजा पाठ गरिन्छ । जौ, भटमास, तिल, धान, केराउ, तोरी, मास, चामल, नून गरी नौ थरीका खाद्यवस्तु छुट्टाछुट्टै नौ वटा टपरीमा राखेर नवग्रहको रुपमा दान गरिन्छ । त्यसपछि गौदान गरिन्छ । [46] तत्पश्चात् पुरोहितले बिरामीलाई प्रसादका साथ सान्त्वना मिल्ने शिक्षा दिन्छ ।[47] नेवार समाजमा “गौदान” ले मृतकलाई वैतरणी (मृत्युपछि यमलोक जाने बाटोमा पर्ने नदी) तर्न मद्दत मिल्छ भन्ने धारणा व्याप्त छ । रगत र मासुले भरेको डरलाग्दो वैतरणी नदी गौको पुच्छर समातेर सहजै पार गर्न सकिन्छ भन्ने हिन्दू मान्यता रहेको छ । तर यसको अर्थ गौदान कार्य अनिवार्य छ भन्न खोजिएको होइन । बिरामी अति नै सिकिस्त भएर मर्न लागेको समयमा बिरामीको बैकुण्ठमा वास होस् भन्ने हेतुले “गौ दान” गरिन्छ भन्न खोजिएको हो ।

गौदानपछि बिरामी निको हुन्छ वा उनको तत्कालै मृत्यु हुन्छ भन्ने मान्यता छ । यसरी नै गौदान गरिरहेको बेलामा गाईले गहुंत त्याग्यो भने बिरामी निको हुन्छ तर गोबर त्याग्यो भने बिरामीको मृत्यु हुन्छ भन्ने विश्वास छ । अर्को अर्थमा भन्ने हो भने मानिसको मृत्यु हुने करिब निश्चित भएपछि सम्पन्न गरिने गौदानले एउटा बिरामीमा नकारात्मक प्रभाव पर्न गई उसको छिटो मृत्यु हुन जान्छ ।

### ३ : ६ : २ विष्णु पुराण पाठ गराउने र शंख बजाउने

बिरामीको रोग चर्को हुँदै गएपछि बिरामीको सामुने बसी “विष्णु पुराण” पाठ गर्ने अर्को एउटा चलन पनि छ । विष्णु पुराण भनेको बिरामीलाई सुनाउने एउटा कथा हो,

---

[46] परिशिष्ट २ को फोटो नं. १,२,३ र ४ मा हेर्नुहोला ।

[47] पुरोहित जीवनराज राजोपाध्यायसंग मिति २०६४।०४।१५ गते लिइएको मौखिक अर्न्तवार्तामा पनि यही आशय व्यक्त भएको पाइन्छ । गौदान अरु बेलामा पनि गरिन्छ । वर्त बस्दा, सत्यनारायणको पूजा (धलं) तथा अन्य पूजा पर्वमा गौदान गर्न सकिन्छ । गौदान ऋषि, पुरोहित, गुरुलाई दिइन्छ । हिन्दू समाजमा गाईलाई सबभन्दा उपयोगी वस्तु मानिन्छ । तसर्थ गाई त्याग गर्नु सबभन्दा उत्तम मानिन्छ । कामधेनु गाईले सबै आवश्यक कुरा पुरा गरिदिन्छ भनेर पुराणमा उल्लेख भए अनुसार विरामीको अन्तिम इच्छा पुरा होस्, विरामीलाई आनन्द होस् भनी गौदान गर्ने प्रचलन भएको देखिन्छ ।

जसमा बिरामीको प्रत्येक अंग रक्षाको लागि एक एक देवतासंग गरिने प्रार्थना समाहित छ । त्यसैले बिरामीको मन यताउता नजाओस् तथा उसको ध्यान धार्मिक भावनामा तल्लीन भइरहोस् भन्ने उद्देश्य लिई विष्णु पुराण पाठ गरिन्छ । विष्णु पुराण पाठ गर्दा बीच - बीचमा शंख पनि बजाइन्छ । शंख बजेको आवाजले त्यस घरको बिरामी सिकिस्त छ भन्ने संकेत पनि गर्छ । विष्णु पुराण पाठ गरेपछि बीचमा छोड्नु हुँदैन र नसिधेसम्म लगातार पाठ गराई नै रहनुपर्छ भन्ने विश्वास छ ।[48]

## ३ : ७ बिरामीमा मृत्यु हुने लक्षण देखिएपछि गरिने कार्यहरु

### ३ : ७ : १ बिरामीलाई सफा गर्ने र सफा लुगा लगाउने

सिकिस्त बिरामी भएको व्यक्ति राम्ररी चल्न र बोल्न सक्दैन । आफ्नो शरीरमा के भइरहेछ भन्ने कुरा ऊ कसैलाई भन्न सक्दैन । उसको शरीर तथा लुगामा दिसा-पिसाब परी फोहर भइरहेको हुनसक्छ । त्यस्तो अवस्थामा बिरामीले प्राण त्याग गरेमा वा उनको मृत्यु भएमा दुर्गतिमा पर्छ भन्ने नेवार समाजको धारणा छ । आध्यात्मिक दृष्टिकोणले पनि त्यस्तो समयमा मृत्यु भएमा मृतकले नर्क भोग गर्नुपर्ने हुन्छ । त्यसैले मृत्यु हुने अवस्थामा पुगिसकेका बिरामीलाई सफा राख्न तथा बिरामीले लगाइराखेको पुरानो, मैलो वा च्यातेको लुगा फुकाली नयाँ र सफा लुगा लगाउन उसको विशेष हेरचाह गर्नु आवश्यक छ । मृतकको लागि अन्तिम अवस्थामा लगाएको पोशाक नै मृत्योपरान्तको पोशाक भइरहेको हुन्छ भन्ने वृद्धवृद्धाहरुको धारणा छ ।[49] तर आजको भौतिकवादी दृष्टिकोणले हेर्दा यस्ता कुरामा विश्वास गर्न भने गाह्रो हुन्छ । तर रुढिवादी तथा परम्परावादी संस्कारमा हुर्केका धेरै बुढापाकाहरुले आफ्नो सपनामा त्यस्ता मृतकहरुलाई देख्दा मरेको बेलामा लगाएको लुगामा नै देख्ने गरेको कुराको बयान गर्दछन् ।

### ३ : ७ : २ सःवाय् तयगु (गोबरले लिपेको ठाउँमा राख्ने)

गोबरलाई धार्मिक रुपले पवित्र वस्तुको रुपमा लिइन्छ । नेवार समाजमा कुनै पनि प्रकारको धार्मिक साँस्कृतिक कार्य सुसम्पन्न गर्नु अगाडि कार्यक्रम हुने घर, कोठा आदि

[48] राजोपाध्याय, *पूर्ववत पाद टिप्पणी नं. १०* ।
[49] दुवाल, *पूर्ववत पाद टिप्पणी नं. १* ।

पवित्र वा सफा बनाउन गोबरले लिप्ने गरिन्छ । त्यसरी नै देवीदेवताहरु आसीन गराउने, पूजा सामग्री राख्ने, श्राद्ध गर्ने वा अन्य धार्मिक तथा काजक्रिया गर्ने ठाउँ शुद्ध गर्न तथा चोख्याउनको लागि गोबरले लिप्ने गरिन्छ ।[50] गोबरलाई वैज्ञानिक दृष्टिकोणले पनि महत्वपूर्ण वस्तुको रुपमा लिएको छ । गोबरमा कीटनाशक तत्व हुन्छ । सम्भवतः कीटनाशक औषधीको उत्पादन नभएको बेला कीटनाशक औषधीको रुपमा गोबर प्रयोग गरिराखेको हुनुपर्छ । अत : त्यस्ता तत्वले लिपेको ठाउँमा कीटाणु बस्नसक्दैन ।

मृत्यु प्रायः निश्चित भइसकेका बिरामीलाई एक निश्चित ठाउँमा राखिन्छ । यस्ता प्रयोजनका लागि प्रायः जमीन तल्ला अर्थात् छिंदीमा सफा गरी गोबरले लिपि बिरामी राख्ने नेवार समाजमा चलन छ । मृत्यु भइसकेको शरीरलाई अदृश्य कीटाणुहरुले दुःख नदिऊन् वा कीटाणुहरुबाट संक्रमण नहोस् तथा संक्रामक रोगबाट र मरेका व्यक्तिबाट रोग नसरोस् भनेर गोबरले लिप-पोत गर्दै आएको भन्न सकिन्छ । यसबाट लाशलाई दाहसंस्कार नहुञ्जेलसम्मको लागि विभिन्न किसिमले सुरक्षा गरी राख्न सहयोग मिल्छ ।

## ३ : ८ मृत्यु घोषणा गर्नु पूर्व विचार गर्नुपर्ने कुराहरु

मृत्यु घोषणा गर्नु अति नै कठिन कार्य हो । एउटा साधारण मानिसले कसैको मृत्यु भएको घोषणा गर्नसक्दैन । घरमा भए वैद्यले या डाक्टरले मृत्यु घोषणा गर्छ । घाटमा भए घाट वैद्यले मृत्यु घोषणा गर्छ । त्यस्तै अस्पतालमा भए डाक्टरले मृत्यु घोषणा गर्ने गर्छ । वैद्य, डाक्टर नभएको अवस्थामा अनुभवी बुढापाकाहरुले मृत्यु घोषणा गर्ने गर्छन् ।

मृत्यु नभएको बिरामीलाई मृत्यु भएको घोषणा गर्दा अनर्थ भएका कुराहरु पनि बुढापाकाहरुबाट सुन्न पाइन्छ । बुढापाकाहरुको भनाइअनुसार अति बिरामी भएका व्यक्तिको आत्मालाई यमदूतहरुले मृत्यु लोकमा घुमाउन लगेका हुन्छन् । मृत्युलोकमा पहिले मरेकाहरुको अवस्था, स्थान र भोगाइहरु देखाउने गर्छ । मृत्युलोकबाट फिर्ता पठायो भने बिरामी मर्दैन र फिर्ता पठाएन भने बिरामी मर्छ भन्ने धारणा छ । त्यसरी फर्केकाले मृत्युलोकको कुरा बताएको र त्यहाँको चित्र अंकित गरी सजाइराखेको कुरा पनि बुढापाकाहरु सुनाउने गर्छन् । यसरी मृत्युलोकमा घुमाउन लगेको अवस्थाको बिरामीलाई

[50] दुवाल, *पूर्ववत पाद टिप्पणी नं.१* ।

मृत्यु भयो भन्दा अनर्थ हुन जान्छ ।[51] मृत्यु नभएका बिरामीलाई मृत्यु घोषणा गर्ने व्यक्ति दोषी ठहरिन्छ । त्यसैले वैद्य, घाटवैद्य, पुरोहित, डाक्टर वा अनुभवी व्यक्तिहरुलाई देखाएर मात्र मृत्यु निश्चित गराउने चलन छ । कहिलेकाहीँ आफ्नै कालगतिले मरेका व्यक्तिहरुलाई पनि कर्तव्य गरी मारे भन्ने हल्ला फैलाएको पाइन्छ । यो झन खतरापूर्ण छ ।[52] त्यसैले बिरामी निम्न अवस्थामा पुगेको छ भने मृत्यु भएको घोषणा गरिन्छ ।

### ३ : ८ : १ मृत्यु घोषणा गर्नु पूर्व गरिने परीक्षणहरु

(क) बिरामी मृत्यु भएको अवस्थामा उनको श्वास-प्रश्वास पुरै बन्द हुन्छ । बिरामीको पेट थिचेर श्वास आए नआएको जाँच्नु आवश्यक छ । श्वास पटक्कै नआएमा मृत्यु भएको मानिन्छ । अतः वैद्य वा सम्बन्धित अन्यले श्वास छ, छैन राम्रोसँग जाँच गरेको हुन्छ ।

(ख) बिरामीको नाडी छ, छैन जाँच गरिन्छ ।

(ग) मुखमा पानी राखेर हेरिन्छ । मृत्यु भइसकेको भए मुखबाट पानी खुरर जान्छ ।

(घ) मृत्यु भएपछि पेटको नाइटो खुल्छ । नाइटोमा पानी राख्दा त्यसबाट पनि पानी जान्छ

(ङ) शरीरको हात-खुट्टा सबै अंग कक्रक्क भई मुढाझैं हुन्छ । त्यस अवस्थाको बिरामीको खुट्टाको बुढी औंला समाई चलाउँदा मृतकको शरीर नै कक्रक्क भई टाउकोसमेत हलिन्छ ।

(च) मृत्यु भएपछि आँखाको नानी चल्दैन । जे गर्दा पनि आँखाको नानी नचलेमा मृत्यु भएको मानिन्छ ।[53]

यी माथिका कुराहरुको जाँच परीक्षणपछि बिरामी हेर्ने व्यक्तिले मृत्युको घोषणा गर्छ । मृत्युलाई हलुका किसिमले लिंदा अनर्थ भएको अनुभव पनि बुढापाकाहरु बताउँछन् । दाह

---

[51] दुवाल, *पूर्ववत् पाद टिप्पणी नं.१ ।*

[52] *मृत्यु घोषणा कार्य जतिल छ । मृत्यु घोषणाले अनर्थ पनि गर्न सक्छ । मृत्यु घोषणालाई अनर्थ गरेको एक उदाहरण नेपालका राष्ट्रिय विभूति भीमसेन थापामाथि भएको षद्यन्त्रलाई लिन सकिन्छ । वि.स. १८९४ श्रावन ११ गते रानी साम्राज्य लक्ष्मीका कान्छा राजकुमार देवेन्द्रको असामयिक मृत्यु भयो । त्यस मृत्युलाई भीमसेन थापाका विरोधी पाँडेहरुले षडयन्त्र गरे । राजगुरु एकदेव बैद्य मार्फत भीमसेन थापाले विष प्रयोग गरी राजकुमार देवेन्द्रको हत्या गरेको घोषणा गराइयो । यही निहुमा भीमसेन थापाको मुख्तियारी पद खोसियो र हत्कडी लगाई कारागारमा थुनियो । भीमसेन थापामाथि विष मुदा चलायो । अदालतले मुदा खारेज गरी सफाइ दिएको थियो तर रनजङ्ग पाँडेले विष मुद्दा पूनः दोहोऱ्याई वि.स. १९९६ मा भीमसेन थापालई मृत्यु हुन बाध्य बनायो । यसलाई मृत्यु माथि भएको राजनीति भन्न सकिन्छ ।*

[53] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २ ,* पू. ४० ।

संस्कारको लागि चित्तामा राखिसकेको, आगो लगाइसकेको मृतक पनि होशमा आई उठेर आएका कुरा उनीहरु सुनाउँछन् । आजभोलि यो प्राय: असम्भव देखिन्छ । तर डाक्टरी प्रविधि र अनुभवी व्यक्तिहरुको अभावमा चिसोले अचेत भएकालाई वा मूर्छित अवस्थामा रहेका बिरामीहरुलाई मृत्यु भयो भनी दाहसंस्कार गर्न लानु आश्चर्यको कुरा थिएन । त्यस्ता बिरामीलाई दाह संस्कारको क्रममा आगोले पोल्न थालेपछि उठेर आउनु स्वाभाविक हो । मानिसहरुको अज्ञानता र बेवास्ताको कारणले त्यस्तो अप्रिय घटना यदाकदा घटेको सुन्न पाइन्छ । तर विडम्बनाको कुरा दागबत्ती दिइसकेपछि कुनै कारणले उठेर आएका बिरामीहरु भने त्यसबेलाको रुढीवादी विचारले गर्दा अनाहकमा ज्यानसमेत गएको वर्णन बुढापाकाहरु सुनाउँछन् ।[54]

तर आजकल डाक्टरी प्रविधिको विकास भएको छ । अस्पतालको व्यवस्था भएकोले बिरामीलाई अस्पतालमा लाने गरिन्छ अथवा घरमै भए पनि डाक्टर बोलाई परीक्षण गराउने गरिन्छ । यसले गर्दा डाक्टरले बिरामीको जाँच गरी मृत्यु भएको प्रमाणित रुपमा कागज नै लेखिदिन्छ ।

### ३ : ८ : २ मृत्यु भएको घोषणा गर्ने कार्य

नेवार समाजमा मृत्यु घोषणा गर्ने परम्परा आफ्नै किसिमको छ । कुनै व्यक्ति मृत्यु भइसकेर पनि तत्काल मृत्यु घोषणा गरिंदैन ।

संयुक्त परिवारमा बस्ने परम्परा नेवार समाजमा अद्यापि कायम रहेको छ । एकै भान्छामा पनि ५०/६० जनासम्म भएको परिवार पनि पाइन्छ । भिन्न भइसकेका फुकी परिवार, नाताकुटुम्बहरुको ठूलो जंजाल फैलिरहेको हुन्छ । एक जनाको मृत्युले सबैमा हुनसक्ने बाधा व्यवधानलाई मध्यनजर गरी मृत्यु घोषणा गर्नुपर्ने हुन्छ । मृत्यु घोषणापछि मृत्यु परिवार, फुकी परिवार र नाताकुतुम्बहरुसमेतको सुतक लाग्ने हुन्छ । सुतक लागेपछि पूजाआजा, कर्मकाण्ड, भोजभतेर केही गर्नु हुँदैन । त्यसैले परिवारको अवस्था, परिवारका सदस्यहरु को कहाँ छन्, संस्कार गर्नुपर्ने व्यक्तिहरु छ, छैन, आइपुग्न कति समय लाग्छ, यी सबै कुरामा ध्यान दिनु आवश्यक छ । मृत्यु घोषणाले कुनै ठूलो काममा समस्या पर्ने, संस्कार गर्ने व्यक्तिहरु आउन समय लाग्ने भए केही दिन मृत्यु घोषणा पछाडि सारेको पनि पाइन्छ । यसरी सबैतिर ध्यान पुर्‍याएरमात्र मृत्यु घोषणा गर्ने नेवार समाजको परम्परा छ ।

---

[54] दुवाल, *पूर्ववत पाद टिप्पणी नं. १* ।

### ३ : ८ : २ : १ मृतकको नाममा रुनु

मृत्यु हुने अवस्थाको बिरामीको चित्त शान्त, आनन्द, सन्तोष र आरामदायक होस् भन्नका लागि बिरामीको अगाडि रुने, कराउने, गर्नु हुँदैन भन्ने चलन छ । बिरामीको शान्त अवस्थामा मृत्यु भयो भने सतमार्गमा पर्छ या सुगतिमा पर्छ तर अशान्ति, दुःखपूर्ण अवस्थामा मृत्यु भयो भने दुर्गतिमा पर्छ भन्ने मान्यता छ । त्यसैले मृतक सुमार्गमा जाओस् भनेर जतिसुकै दुःख, पीडा भए पनि बिरामीको अगाडि रुन दिइंदैन । जब बिरामीको मृत्युको घोषणा हुन्छ, तब त्यो गुम्सेको पीडा रुवाइमा परिणत हुन्छ । बिरामीको परिवार, छोरी बुहारीहरु रुन थाल्छन् । यो रुवाइ अन्य समयको भन्दा फरक हुन्छ । रोएको सुनेपछि छिमेकीहरुले त्यस घरमा कसैको मृत्यु भयो भन्ने चाल पाउँछन् । रोएको आवाजले छिमेकी, इष्टमित्रहरु सहयोग गर्न आउन थाल्छन् । यस अर्थमा रुवाइले मृत्युको सूचना दिने काम पनि गर्छ ।

### ३ : ८ : २ :२ लोह अग्नी रक्षा संस्कार गर्नु

एउटा बिरामी मृत्यु भएपछि मृतकको शव कस्तो अवस्थामा छ भनेर हेर्नु आवश्यक छ । विशेषतः मृत्यु लगत्तै शवको हात, खुट्टा, आँखा मिलाउनु पर्छ । मृतकको आँखा खुलेको छ भने बन्द गर्ने, हात खुट्टा बाङ्गोतिङ्गो अवस्थामा छ भने सिधा पार्ने आदि काम हुन्छ । अन्यथा यी कार्यहरु शव चिसो भइसकेपछि मिलाउन गाह्रो हुन्छ । यसले मृत्युपछि सम्पन्न गर्ने सबै काजक्रिया ढिलो हुनजान्छ ।

शवको अवस्था मिलाई सकेपछि त्यसलाई सेतो कपडाले छोप्ने काम हुन्छ । त्यसपछि शवमाथि चक्कु, चुपी, खुकुरीमध्ये कुनै एउटा फलामे वस्तु राख्ने गरिन्छ । साधारणतया शवमाथि फलामको त्यस्तो वस्तु राखेपछि शवमा काँचो वायुको प्रवेश हुँदैन भन्ने धारणा छ । यसरी शवमाथि फलामे वस्तु राख्ने कार्यलाई लोह रक्षा भनिन्छ ।[55] शवमाथि फलामको वस्तु राख्दा भूत, प्रेत, पिसाचले छुन सक्दैन भन्ने धार्मिक मान्यता छ । फेरि चुपी, चक्कु आदि हतियार राख्नाले जनावरहरु पनि डराउने भएकाले शवलाई जनावरहरुबाट रक्षा गर्न पनि यस्तो व्यवस्था गरेको देखिन्छ । अहिलेसम्म पनि बाल-

[55] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.४० ।

बालिकाहरुलाई रोगव्याधी तथा भूतप्रेतबाट रक्षा गर्न नेवार समाजमा फलामको कल्ली (रिङ) हात खुट्टामा लगाइदिने चलन छ ।

शवलाई सेतो कपडाले छोपिसकेपछि बत्ती बाल्ने काम गरिन्छ । माटाका पालामा तेल राखी मृतकको तल, माथि, दायाँ, बायाँ गरी चारवटा बत्ती बालिन्छ । यहाँ बत्तीलाई अग्नीको द्योतक मानिएको छ । अग्नीदेखि भूत, प्रेत डराउँछ तथा हिँस्रक जनावरहरु भाग्छन् भन्ने विश्वास छ । यो प्रक्रियालाई अग्नी रक्षा भनिन्छ ।[56]

लोह तथा अग्नी रक्षा संस्कारपछि एउटा व्यक्तिको औपचारिक मृत्यु घोषणा भएको मानिन्छ । नेवार समाजमा सबैलाई घरमा नै मृत्यु गराउँछ भन्ने छैन भनेर माथि नै उल्लेख भइसकेको छ । अवस्था र समस्या हेरेर घरमा मृत्यु नगराई घाटमा मृत्यु गराउने पनि थुप्रै छन् तर घाटमा मृत्यु गराए पनि ब्रम्हनालबाट निकालेपछि माथिका लोह-अग्नी रक्षा संस्कार गरिन्छ ।

### ३ : ८ : २ : ३ मूल ढोकामा पराल ठड्याउने

कुनै व्यक्तिको मृत्यु भएपछि त्यस घरको मूल ढोका बाहिर एक कली पराल उल्टो पारी ठड्याउने चलन छ । वास्तवमा पराल ठड्याउनुको मूल कारण घरमा कसैको मृत्यु भएको छ भनेर संकेत गर्नु हो । यसरी पराल ठड्याएको घरमा भर्खरै कसैको मृत्यु भएको छ भन्ने कुरा बाटामा आवतजावत गर्ने बटुवाहरुलाई पनि थाहा दिन्छ । टाढा-टाढाबाट मृत्यु भएको घर खोज्न आएका आफन्त वा इष्टजनहरुले पनि त्यस्तो घर सजिलै पहिल्याउन सक्छन् । यस अर्थमा पराल राख्नु भनेको मृत्युको सूचना दिनु हो र मृत्यु घरको संकेत गर्नु हो ।[57]

## ३ : ९ मृत्युको सूचना दिन जाने कार्य

मृत्युको समाचारले सबैलाई शोक बिह्वल बनाउँछ । त्यस्तो बेलामा आफन्त वा इष्टजनहरु भावबिह्वल तथा हतास अवस्थामा हुन्छन् । यस्तो आपत बिपतको समयमा

[56] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.४१ र स्थलगत अध्ययनबाट ।
[57] स्थलगत अध्ययनबाट देखिए अनुसार ।

परिवारजनलाई सहयोगको लागि नेवार समाजमा विभिन्न नामका गुठीहरु स्थापना गरिराखेका छन् । सी गुठी, सना गुठी, ननी गुठी, ऐलाँ गुठी आदि मर्दापर्दाको समयमा सहयोगको लागि बनाइएका समूहहरु हुन् । प्रत्येक परिवार यस्ता कुनै एक गुठीको सदस्य भइराखेको हुन्छ । अतः गुठीले आफ्नो सदस्य परिवारको मृत्यु हुँदा त्यसको दाहसंस्कार तथा त्यसपछि गर्नुपर्ने सबै प्रकारको काममा मद्दत गर्छ । यसको काम मृत्युको सूचना दिने कार्यबाट शुरु हुन्छ ।

### ३ : ९ : १ सलाः हाय्गु (गुठीयार बोलाउने)

गुठीयारहरु बोलाउनका लागि गुठी पालो परेकालाई मृतकको परिवारले अनुरोध गर्नुपर्छ । गुठी पालो परेकाले बोलाउन आउने व्यक्तिको घरमा गई मृत्यु भएको यकिन भएपछि थकाली वा नाइकेको बचन लिई गुठीयारहरुलाई भेला हुन खबर गर्छ । मृत्युको खबर पाएपछि जस्तोसुकै काम छोडेर पनि गुठीले बोलाएको ठाउँमा गुठीयारहरु उपस्थित हुन्छन् । अन्यथा उनीहरु जरिवानामा पर्छन् । गुठीयारहरुले मृतकको दाहसंस्कारको लागि आवश्यक सामानहरु जम्मा गर्ने व्यवस्था गर्छन् । गुठीयारहरु आएपछि शवदाह संस्कार कार्यमा ढिलो नगर्ने भएकाले मृतक परिवारहरुले मिलाउनु पर्ने सबै कुरा मिलाइसकेपछि मात्र गुठीलाई खबर गर्ने गर्छन् ।[58] मृतकको दाहसंस्कारको लागि गुठीले आफ्ना गुठीयारहरु जम्मा गर्न बोलाउने या सूचना दिने कार्यलाइ भक्तपुरमा “सलाः हाय्गु” भनिन्छ भने काठमाडौं तथा ललितपुरमा “सनाः हाय्गु” भनिन्छ ।[59]

### ३ : ९ : २ खौ धः वानेगु (मृत्युको सूचना दिन जाने)

आफ्नो नाताकुटुम्बहरुलाई मृत्युको खबर गर्नजाने कार्यलाई “खौ धः” वानेगु भनिन्छ । मृत्युको खबर सकेसम्म छिटो नातेदारहरुकहाँ पुऱ्याउने गरिन्छ । खबर पाएपछि मृतकका विवाह भइसकेका छोरी तथा चेलिबेतीहरु समवेदना प्रकट गर्न मृतकको घरमा जान्छन् । मृतकका छोरीहरु आफ्नो घरदेखि रुन्दै माइती पुग्छन् तथा शवयात्रापछि फेरि आफ्नो

[58] दुवाल, *पूर्ववत पाद टिप्पणी नं. १* ।
[59] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.४१ ।

घरतर्फ रुन्दै फर्कन्छन् । अन्य महिलाहरु एउटा निश्चित ठाउँबाट रुन्दै मृतकको घरमा जान्छन् र शवयात्रापछि फर्किने गर्छन् ।

मृतकका छोरीहरु जो विवाह भइसकेका छन्  तिनीहरुले एक-एक वटा मुस्यां ( मसाल ) र *देवां* (*शवलाई छोप्ने रातो चहकिलो विशेष कपडा* ) ल्याउने चलन छ । नेवाः बौद्ध समाजमा मृतकका नजिकका नातेदारहरुले *पौगा* ओढाउन ल्याइन्छ ।[60] यहाँ मृतकलाई *देवा वा पौगा* ओढाउन आउनुको अर्थ मृतकको सम्मान गरेको मानिन्छ । मृतकलाई सम्मान गर्ने कार्य मृतकका छोरीहरुबाहेक अन्य नजिकका नातेदारहरुले समेत गर्नसक्छन् । स्वास्नीमानिसको मृत्यु भए माइतिबाट पनि एउटा मुस्याँ (मसाल) ल्याइन्छ । मृत्युको समयमा कुनै कारणले खबर पुग्न नसकेकालाई सोही दिन राति वा भोलिपल्ट खबर गर्न जाने गरिन्छ । यसरी मृत्युको खबर गर्ने कार्यलाई *खौ धः वानेगु*  भनिन्छ । आजकल संचारमाध्यमको सुलभताले गर्दा तुरन्त खबर गर्न समस्या पर्दैन ।

मृत्युको खबर पाएपछि आफन्तको जुठो (दुःख) परेको मानिन्छ । टाढाका आफन्तका हकमा बिहान पख “खौ” (पिना) ले मुख धोएपछि जुठो (दुःख)बाट चोखिन्छ । मृतकका छोरीहरु र ज्वाइँहरुका सवालमा भने चार दिन जुठो  अनिवार्य बार्नुपर्ने हुन्छ ।[61]

### ३ : ९ : ३ पञ्चममा परे नपरेको हेर्ने

नेवार समाज ज्योतिषविद्यामा विश्वास राख्छ । कस्तो अवस्थामा मृत्यु भयो भनेर उनीहरु जोखना देखाउँछन् । त्यसबेला नक्षेत्रको लेखाजोखा गर्ने काम ज्योतिषहरु गर्छन् । कालचक्रतन्त्रमा २७ वटा नक्षत्रहरुको उल्लेख गरेको छ । ती २७ नक्षत्रहरुमा सबभन्दा पछाडिको ५ वटा श्रवण, धनिष्ठा, पूर्वभाद्रपद, उत्तरभाद्रपद र रेवती नक्षत्रलाई “पञ्चम” भनिन्छ ।[62] यी ५ नक्षत्रमा पर्ने गरी मृत्यु भएमा पञ्चममा परेको मानिन्छ । पञ्चममा पर्दा मृतकका नजिकको अरु पनि निकट भविष्यमा नै मर्नसक्छ भन्ने अवधारणा छ । ती ५ नक्षत्रमा पनि श्रवण नक्षत्र अझ बढी खतरजनक भनिन्छ । यसैले श्रवण नक्षत्रमा परे ५

60 श्री राजभाई बज्राचार्य, *अन्तिम अग्नि संस्कार क्रिया,* नःबहि : नेपाल परम्परागत बौद्ध धर्म संघ, वि.सं.२०६२ , पृ.५ ।
61 संस्कार सम्बन्धी अनुभवी शिक्षक शिवराम राजचलसंग मिति २०६३।०३।१५ गते भएको छलफल अनुसार ।
62 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.४२ ।

जना, धनिष्ठामा परे ४ जना, पूर्वभाद्रपदमा परे ३ जना, उत्तरभाद्रपदमा परे २ जना र रेवतीमा परे १ जना मर्छ भन्ने धारणा राख्छन् । यस प्रकारको पञ्चम दशाबाट मुक्त हुन विविध क्रिया विधिविधान गर्ने व्यवस्था पनि छ । श्रवण नक्षत्रमा मृत्यु भए ५ जनालाई दोष लाग्ने भएकोले निवारणको निम्ति ४ वटा फुल कुश(कटारी घाँस) ले बेरी शरीर बनाइन्छ । मृतक १ र फुल ४ गरी ५ जना गरिन्छ । ती फुल मृतकको दायाँ २ वटा र बायाँ २ वटा राखिन्छ । धनिष्ठा नक्षत्रमा मृत्यु भएको भए ३ वटा फुल कुशले बेरेर मृतकको काखीमा दुई हातले राखिन्छ । पूर्वभाद्रपद नक्षत्रमा मृत्यु भएको भए २ वटा फुल कुशले बेरेर दुई हातले मृतकको कम्मरमा राखिदिन्छ । उत्तरभाद्रपद नक्षत्रमा मृत्यु भएको भए १ वटा फुल कुशले बेरेर मृतकको काखीमा दुई हातले राखिन्छ । रेवती नक्षेत्रमा मृत्यु भए पनि पञ्चममा परेको भन्ने चलन छ । यसमा एकमात्र भनिएकाले मृतक स्वयम हुन जान्छ । यसमा अर्कोलाई दोष लाग्छ भन्ने छैन ।[63]

पञ्चम दशाबाट मुक्त हुन गरिने विधिविधानमा नेवार समाजमै ठाउं र जातिअनुसार केही फरक भएको पाइन्छ । पञ्चममा परी मृत्यु हुंदा कसै कसैले हरियो, पहेंलो, खैरो, निलो, सेतो पाँच रङ्गको कपडाको पुतली बनाएर मृतकसंग राख्ने गरिन्छ ।[64]

## ३ : १० शवयात्रा गर्नु पूर्व गरिने कार्यहरु

### ३ : १० : १ गुसी राख्न जाने (गुठीको दाउरा राख्न जाने)

गुठीयारहरु आइसकेपछि गुठीघरबाट दाउरा ( गुसी ) निकालिन्छ । गुठीको दाउरालाई गुसी भनिन्छ । गुठीघरबाट निकालिएको दाउरालाई गुठीयारहरुले कल्लीमा बाँध्छन् तथा सो गुसी कल्ली मसानमा पुऱ्याइन्छ । गुसी राख्न जानुलाई मृत्यु भएको सूचना पुऱ्याउनु मानिन्छ । गुसी राख्नुलाई मृतकको दाहसंस्कारको लागि मसानमा पालो राखेको पनि भनिन्छ ।

### ३ : १० : २ आवश्यक सामान जुताउने

शवयात्रा थाल्नुभन्दा अगाडि अनेक जोरजाम गरिन्छ । शवयात्रामा बाटो देखाउनको लागि र जन्तु जनावरलाई भगाउनको लागि मुस्याँ (मशाल), चिराग (महादीप), को व्यवस्था

---

[63] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.४२ ।

[64] पद्म श्रेष्ठ, *नेवा* , काठमाडौं : स्यस्य समाज, वि.सं. २०६२, पृ. ११० ।

गरिन्छ । काँ बाजा, नाय् खिं बाजा बोलाइन्छ ।[65] छानामुनि भात पकाउने क्रिया गराउनको लागि भाजं (हाँडी) मा घुमको पात, च्यूराको भुस, कुश (कटारी घाँस) राखेको हुन्छ । त्यो मसानमा क्रिया गर्नको लागि चाहिन्छ । गुठियारहरुले दागबत्ती दिनका निमित्त "मिपुनाली"( आगो सल्काउन विशेष किसिमले बनाएको परालको मुठा), 'दाग' भन्ने परालको कल्ली बनाउँछ र काँचो इँटा, निगालोको मुठा तयार गरिन्छ । त्यस्तै चिराग बनाउन कपडा, तेल, छ्वास फाल्न *पुलु,* सुकुल, बिरामीका लुगाहरु आदि तयार अवस्थामा राखिन्छ । घरमा तथा *दीप* (मसान)मा गर्नुपर्ने काजक्रियाको लागि आवश्यक पर्ने घ्यू, कस्ती, सिंदुर, अबीर, *दक्षिणा,* उखु, चन्दन आदि सबै तयार गरिन्छ । लाश राख्न घुम या ठूलो पुलु, काँचो धागो व्यवस्था गरिन्छ । उपस्थित महिलाहरुले फूलको माला गाँस्ने, लावा भुत्ने, लावाको माला बनाउने आदि काम गर्छन् । गुठियारहरुले पराल, छ्वाली, दाउराको बन्दोबस्त गर्छन् । साथै कूतो बनाउन हरियो बाँस ल्याउने व्यवस्था गर्छन् । छरछिमेक र नाताकुटुम्बहरु आवश्यक सामानहरु जुताउन लाग्छन् ।

### ३ : १० : ३ कूतो बनाउने

शवलाई मसानसम्म बोकेर लैजान कूतो प्रयोग गरिन्छ । कूतो हरियो बाँसको बनाइन्छ । शव राखी मसानमा पुऱ्याइएको कुतोपछि त्यस्तो कामको लागि पुनः प्रयोग गरिंदैन । प्रत्येक मृतकलाई नयाँ कूतो बनाउनुपर्छ । कूतो बनाउन निश्चित सामग्रीको आवश्यक हुन्छ । साथै निश्चित विधि पनि छ । कूतो हरियो बाँसको र काँचो धागोले बाँडेर बनाइन्छ । धागोको सट्टा सःखी (खर) को डोरीले बाँडेर पनि बनाउन सकिन्छ ।

कूतो बनाउने विधि पनि विशेष किसिमको छ । सात हात लामो हरियो बाँसलाई बराबर गरी दुई टुक्रा पारिन्छ । ती दुई बाँसलाई कूतोको मूल बाँसको रुपमा लिइन्छ । दुई बाँसलाई करिब २ फिटको फरकमा समानान्तर गरी राखिन्छ । मूल बाँसको तल करिब दुई फिटको दुई टुक्रा बाँस र तीन फिट लामो एकटुक्रा बीचमा दुई फिट फरक गरी तीन ठाउंमा तेर्सो राखी बाँधिन्छ । मूल बांसको दुवै छेउमा बोक्नको लागि टुक्रा बाँस बाँधिन्छ । तेर्सो बाँसमाथि दुई मूल बाँससंग समानान्तर हुने गरी दुई मूल बाँसको बीचमा ५ वटा बाँसका बालाहरु (भाटाहरु) बाँधिन्छ । बाला बाँस र मूल बाँस गरी सात वटा हुन्छन् । कूतो बनाउन यो सात टुक्रा प्रयोग भएकोलाई नेवाःबौद्धहरुले सप्तरत्नको प्रतीकको रुपमा लिएका

65 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ ५१ ।

छन् ।[66] नेवाःबौद्धहरुको कूतोमा ६ वटा झण्डा पनि राख्ने चलन छ । दायाँतिर ३ वटा र बायाँतिर ३ वटा राखिन्छ । निगालोमा कपडा राखी झण्डा बनाइन्छ ।[67]

" कूतो " सबै मृतकलाई प्रयोग गर्दैन । बेलविवाह नगरेका केटी मानिस र ब्रतवन्ध नगरेका केटो मानिसलाई कूतो प्रयोग गर्दैन । त्यस्ता केटाकटीको मृत्यु भएमा विना कूतो हातले मात्र बोकी मसानमा लाने गरिन्छ । यिनीहरुलाई कूतो प्रयोग नगर्नुको पनि कारण छ । केटी बेलविवाह नगरेसम्म र केटा ब्रतवन्ध नगरेसम्म धार्मिक र सामाजिक परम्पराअनुसार वंशमा समावेस भएको मानिदैन । त्यसैले चुडाकर्म तथा ब्रतवन्ध नगरेका र बेलविवाह नगरेकाले वंश परम्पराको कुनै संस्कार गर्नुहुँदैन । बाँसलाई एक वंशको प्रतीकको रुपमा लिएको हुनाले वंशको कुनै कार्य नभएकालाई बाँस (वंश) या " कूतो " प्रयोग गर्दैन । त्यसैले बेलविवाह नगरेका केटी र ब्रतवन्ध नगरेका केटोलाई कूतो प्रयोग गर्दैन ।

### ३ : १० : ४ दिवाचा (चिराग) बनाउने

शवयात्राको लागि तयारीको क्रममा एक विशेष किसिमको चिराग बनाउनु आवश्यक छ । त्यो चिराग नेवार समाजकै चालुंचा (शुध्दकार) भन्ने जातका मानिसले बनाउने गर्छ । मृतक परिवारले खबर गरेपछि चालुंचा मृत्यु भएको घरमा जान्छ र आफूलाई आवश्यक सामान मागी चिराग बनाउने कार्य गर्छ । यस चिरागलाई नेवारीमा "दिवाचा" भनिन्छ । काठमाडौमा यसलाई मुहाली (महादीप या तःधांगु इत ) भनिन्छ ।

यो चिराग सेतो सफा खाडी कपडाले बनाउने गर्छ । यस कपडालाई मृतकको लुगाको रुपमा लिइन्छ । करिब एक फिटको निगालोमा कपडा बेर्दै-बेर्दै एक मुठो नै बनाउँछ । जसलाई ठड्याउनको लागि एक ठूलो कला (दही जमाउने माटोको भांडो, नेवारीमा कला भनिन्छ ) मा बीचमा कालो माटो राखी चिरागको बिड माटोमा घुसाई ठड्याइन्छ । चिराग सबै भिजिने गरी खाने तेल राखिन्छ । त्यो चिराग २/३ घण्टासम्म बलिरहन्छ । यस चिरागलाई काठमाडौं र ललितपुरमा पुलुपुलु भनिन्छ ।[68] मल्ल राजा जयस्थिति मल्लले गरेको जात व्यवस्थामा चिराग बनाउने यस जातलाई पुलुपुलु भनी लेखिएको छ ।[69]

---

66 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.४६ ।

67 *ऐ ऐ* , पृ.४६ ।

68 *ऐ ऐ* ,पृ.४७,४८ र स्थलगत अध्ययनबाट ।

69 चन्द्र विक्रम बुढाथोकी, *जयस्थितिमल्लको सुधार,* पुलचोकः साझा प्रकाशन, वि.स. २०३९, पृ.१६ ।

चिराग बनाउने चालुंचा शवयात्रामा शवको अगाडि बसेर चिरागले बाटो देखाउँदै जान्छ । चालुंचाले ठाउँ-ठाउँमा "तँ" बाजा पनि बजाउँदै जान्छ । "तँ"बाजाको आवाजले शवयात्रा ल्याएको सन्देश दिन्छ । मसानमा दागबत्ती दिने कार्य सिधेपछि आवश्यक दक्षिणा लिई चालुंचा घर फर्किन्छ ।

धार्मिक रुपले मात्र आवश्यक होइन अन्य कारणले पनि शवयात्राको लागि चिराग आवश्यक देखिन्छ । चिरागले शवयात्रामा जाने सबैलाई बाटो राम्रोसँग देखाएको हुन्छ । बिहान र दिउँसोको लागि चिरागको आवश्यकता महशुश हुँदैन तर बेलुकी र रातिको लागि नभै हुँदैन । अहिले सबैतिर बत्तीको व्यवस्था भइसकेको छ तर बाटो र मसानमा बत्तीको व्यवस्था नहुन सक्छ । शवयात्रा ल्याएको बेला बत्ती निभेको पनि हुनसक्छ । त्यस्तो बेलाको लागि चिराग अति महत्वपूर्ण हुन्छ ।

### ३ : १० : ५ "भुलाँ" नापो लिने

"भुलाँ" भनेको बाँझो भूमि हो । मृतकको भाग या मृतक बस्नको लागि भनी मृतकको शरीरले ओगत्ने जति भूमि सधैंको लागि बाँझो राख्ने चलन छ । त्यसरी बाँझो राखेको भूमिलाई "भुलाँ" भनिन्छ । मृतकको भाग भनी जग्गा बाँझो राख्न मृत्यु भएको दिन कूतोमा शव राख्नु भन्दा पहिले नापो लिने गरिन्छ । जसलाई "भुलाँ " नापो भनिन्छ ।

भुलाँ नापो लिने काम लास बोक्नेहरुले नै गर्ने चलन छ । मृतकको तल र माथि मृतकलाई नछुने गरी चारैतिर चारवटा निगालोको लट्ठी हातले समाई ठड्याई राख्छ । त्यो लट्ठीमा काँचो धागो एक लट्ठीबाट अर्को लट्ठीमा बेर्दै चारैवटामा सात चक्कर लगाउँछ । ज्ञान्हुमा गर्नेहरुको पाँच चक्करमात्र लगाइन्छ । त्यो नापोलाई एक सुरक्षित ठाउँमा राखिन्छ र सातौं दिनमा भुलाँ राख्न लाने गरिन्छ ।

भुलाँ जहाँ पायो त्यहाँ राख्नुहुँदैन । अर्काको कमाइराखेको खेतमा भुलाँ राख्नुहुँदैन । आफ्नो बिर्ता भूमिमा राख्नुपर्छ । यदि आफ्नो बिर्ता भूमि नभए भूलाँ राख्नुपर्छ भन्ने छैन । बिर्ता नहुनेले भुलाँको नापो नै लिने गर्दैन । भुलाँमा मृतक बस्छ भन्ने मान्यता छ ।[70]

[70] स्थलगत अध्ययनबाट प्राप्त जानकारी र परम्परागत विश्वासको आधारमा ।

परम्परावादी धारणाअनुसार भुलाँमा मृतक बस्छ भन्ने धारणा आजका युवाहरुले स्वीकार्न चाहँदैनन् । आधुनिक धारणाअनुसार "भुलाँ" राख्नु भनेको मृतकको स्मरणमा एक चिन्ह राखेको मान्न सकिन्छ । हिजोआज मृतकको स्मृतिमा मन्दिर, अस्पताल, विद्यालय, पौवा, पाटी बनाएझैं त्यसबेला मृतकको स्मृतिस्वरुप भुलाँ राखेको हुनुपर्छ । त्यो भुलाँ देख्ने बित्तिकै फलानाको भुलाँ भनी मृतकको सम्झना गर्छ ।

## ३ : १० : ६ म्हा गेकिगु (मृतकलाई सिंगार्ने, तेल लगाउने)

शवयात्राको लागि सबै कुरा तयार भइसकेपछि म्हा गेकिगु भन्ने क्रिया गरिन्छ । यो क्रिया मृतक बोक्ने ४ जना छुट्याएकाहरुले गर्छन् । त्यो कार्य मृतकका छोराहरुले, नातिहरुले, ज्वाइँहरुले, पनातिहरुले गराउने गरिन्छ । कोहीले मृतकका बुहारीहरुमध्ये दुईजनाले गर्ने गरेको पाइन्छ । त्यो कार्य गर्ने परिवारका सदस्य नभए गुठियारहरु र छरछिमेकीहरुले पनि गर्न सक्छन् ।

म्हा गेकेगु कार्य गर्न र शव बोक्नको लागि बस्ने चार जनाले आफूले लगाइराखेको लुगा फुकाली सेतो कपडा वा सेतो धोतीमात्र लगाउने गर्छन् । घडी, गरगहना, छालाको पेटी र जुत्ता लगाउन वर्जित गरिराखेको छ । म्हा गेकेगु भनी मृतकको सबै लुगा फुकाली शरीरभरि तेल लगाइदिन्छ । मुख सफा गरी निधारमा सिन्दुर, अबिर राखिदिन्छ । आँखामा गाजल लगाइदिन्छ । महिलालाई कपाल कोर्ने र चुल्थो बनाइदिने पनि गर्छ । साथै टीका पनि लगाइदिन्छ ।[71]

म्हा गेकेगु कार्य शुरु भएपछि रुनु पर्नेहरु रुन थाल्छन् । म्हा गेकेगु कार्यपछि अरु सबै काम लगातार हुन्छ । मलामीमा रोएर जानेहरु म्हा गेकेगु कार्यदेखि मसानमा दागबत्ती दिने कार्य नसिधेसम्म रोइरहनुपर्ने नेवार समाजको चलन छ ।

## ३ : १० : ७ पाखाय् जा थुयगु किया ( छानामुनि भात पकाउने किया)

म्हा गेकेगु कियापछि पाखाय् जा थुयकेगु कार्य शुरु हुन्छ । दागबत्ती दिने व्यक्तिलाई यो कार्य गराउँछ । आमाको मृत्यु भएको भए कान्छा छोराले र बुबाको मृत्यु भएको भए जेठा छोराले तथा छोरा नै नभए दाजुभाइका छोराबाट यो कार्य गराइन्छ । दागबत्ती दिनेलाई

---

71 परिशिष्ट २ को फोटो नं. ७ हेर्नु होला ।

लुगा फुकाल्न लगाई टाउको र कम्मरमा सेतो कपडा (ना काप) बाँध्न लगाइन्छ । सेतो कपडाको बालालाई “नाः काप” भनिन्छ ।

मृतकको घरको छानामुनि तीनवटा काँचो इँटा तीनतिर जोडाई चुलो बनाइन्छ । चुलोमाथि च्वकाबजी (भुस-च्युरा) भएको हाँडी राखिन्छ र निगालो बाली पकाउने गरिन्छ । त्यो कार्य सिधेपछि ती तीनवटा इँटा चाङ लगाई काँचो धागोले बाँधिन्छ र बालेको निगालो पनि इँटासंगै बाँधिन्छ । काठमाडौं पाटनमा यस कार्यलाई पाखा कुं थानेगु भनिन्छ ।

**३ : १० : ८ छ्वास वाय्गु (छ्वासमा फाल्ने** )

“छ्वास” भनेको टोल-टोलमा छुट्याइराखेको एक विशेष स्थानको नेवारी नाउँ हो ।[72] जुन ठाउँमा नेवार समाजमा गरिने संस्कारहरुको धूलो, जुठो त्यहाँ फाल्न लाने गरिन्छ । मान्छेको जन्म हुँदा, मृत्यु हुँदा, बेलविवाह, व्रतबन्ध, भोज आदि गर्दा सो को चिन्ह छ्वासमा फाल्न लानुपर्ने नेवार समाजको चलन छ ।

मानिसको मृत्यु हुँदा मृतकको लुगाफाता र ओछ्यान, सुकुलसमेत फाल्न लाने कार्यलाई छ्वास वाय्गु भनिन्छ । मृतकको शवयात्रा शुरु हुन लागेको समयमा दागबत्ती दिनेको श्रीमतीबाट छ्वास फालिन्छ । यदि दागबत्ती दिनेको श्रीमती नभए दाजुभाइको श्रीमतीमध्येबाट यो कार्य  गरिन्छ ।

केटा मानिसको मृत्यु भए लुगा, सुरुवाल, खास्टो एक सानो सुकुलमा राखी या सानो पुलुमा राखी रुन्दै गई छ्वास्मा फालिन्छ । केटी मानिसको मृत्यु भए सारी, चोलो, खास्टो राखी छ्वासमा फालिन्छ । छ्वास फालेपछि शवयात्रा हुने भयो भन्ने सबैले बुझ्ने गर्छन् ।

आधुनिक दृष्टिले हेर्दा पनि यो कार्य उपयुक्त नै देखिन्छ । लामो समयसम्म रोगले सताइराखेको अथवा सरुवा रोग लागी मृत्यु भएको रहेछ भने बिरामीको लुगाफाता र ओछ्यानबाट पनि रोग सर्न सकिने सम्भावना छ । यही सम्भावनालाई निराकरण गर्न लुगाफाता र ओछ्यान फाल्ने कार्य गरेको हुनुपर्छ ।

---

[72] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.५० ।
“छ्वास एक विशेष स्थान हो । सरसर्ती हेर्दा छ्वास मृतकको लुगा फाल्ने घृनित स्थान देखिन्छ । छ्वासलाई यसरी हेलाको आँखाले हेर्नु हुँदैन । यो एक पवित्र स्थान हो । छ्वासमा जन्मेदेखिको सम्वन्ध भएको हुन्छ । बच्चा जन्मिंदा शाल फाल्ने ठाउँ पनि त्यही हो । जन्मेदेखि मृत्यु परान्तसम्मको लगत राख्ने अधिकारीको रुपमा छ्वासलाई लिन सकिन्छ ।”

अर्को दृष्टिले हेर्दा छ्वास एक तथ्याङ्क संकलन केन्द्रको रुपमा लिनसकिन्छ । कोही जन्मेको, मरेको तथ्यांक उक्त छ्वासबाट लिन सकिन्छ । छ्वासलाई आधुनिक समयमा जन्म, मृत्यु दर्ता गर्ने पञ्जीका कार्यालयको रुपमा लिन सकिन्छ ।

### ३ : १० : ९ अपा वाय्गु ( इँटा फाल्ने )

छ्वास वाय्गु कामपछि अपा वाय्गु (इँटा फाल्ने ) काम हुन्छ । छाना मुनि भात पकाउन प्रयोग गरेको तीन वटा इँटा चाङ मिलाई काँचो धागोले बाँधी राखेको दागबत्ती दिनेले दायाँ हातले बोकी रुन्दै छ्वासकै आसपासको स्थानमा फाल्न लान्छ । इँटा फाल्न गएपछि त्यो फर्कनु पर्दैन, मृतकको शव नल्याएसम्म पर्खिरहनु पर्ने हुन्छ । शव ल्याएपछि शवको ठीक पछाडि बसी रुन्दै मशानमा जाने गरिन्छ ।

## ३ : ११ शवयात्रामा गरिने कार्यहरु

### ३ : ११ : १ शवलाई कूतोमा राख्ने

दागबत्ती दिने व्यक्तिले इँटा फाल्नेबित्तिकै शवलाई कूतोमा राखिन्छ । कूतोमा शव राख्नु भन्दा पहिला शवलाई पुलु वा घुममा बाँध्न जमिनमा काँचो धागो तीन ठाउँमा राखिन्छ । धागोमाथि घुम या पुलु राखिन्छ । घुम या पुलुमाथि सेतो कपडा राखिन्छ । यस कपडामाथि शव उतानो पार पोको पारिन्छ र पुलुलाई धागोले बाँधिन्छ । त्यसलाई कूतोमा राखी काँचो धागोले आवश्यकताअनुसार राम्रोसँग बाँधिन्छ ।

मृतकको चिन्हा (जातः) निधारमा काँचो धागोले बाँधी दिन्छ ।[73] चिन्हा शवसँगै जलाइन्छ । गुठियारहरुले गुठीको एक सानो बटुकोमा घ्यू, कस्ती राखी मृतकको मुख छोप्ने गरी राखिन्छ । मसानमा दागबत्ती दिएपछि सो बटुको झिकिन्छ । उक्त बटुको पञ्चरत्नले बनेको भनिन्छ । मृतकको मुखमा सो बटुको राख्नुको अर्थ पञ्चरत्न राखिएको सरह मानिन्छ ।

[73] परिशिष्ट २ को फोटो नं.८ हेर्नुहोला ।

### ३ : ११ : २ "देवां" फाय्कीगु (कात्रो लगाउने)

"देवां" शवलाई छोप्ने रातो चहकिलो रङ्गको एक विशेष कपडा हो । यो कूतोमा राखेको शवको सबभन्दा माथि राखिन्छ । काठमाडौंको नेवार भाषामा यसलाई "देवां" भनिन्छ । नेवारी भाषामा "दे" भनेको माथि र "वां" भनेको वस्त्र हो । देवांको अर्थ माथिको वस्त्र हुन जान्छ ।

गुठीको देवां छुट्टटै हुन्छ । सधैंको लागि गुठीले विशेष देवां बनाइराखेको हुन्छ । गुठीको देवांलाई देवताकै रुपमा लिइन्छ । गुठी जसको पालो हुन्छ, त्यसको घरमा देवां र अन्य गुठीका सबै सामान राख्ने गरिन्छ । मृत्यु हुँदा गुठी पालो पर्नेले देवां ल्याउने गर्छ ।

मृतकका छोरीहरु विवाह भइसकेका छन् भने तिनीहरुले पनि एक एक वटा नयाँ देवां ल्याएको हुन्छ ।

कूतोमा राखेको मृतकमाथि पहिला छोरीहरुको देवां ओढाइन्छ । शवको सबभन्दा माथि गुठीको देवांले ओढाइदिएको हुन्छ । देवां बाँध्नको लागि टुना राखिएको हुन्छ । देवांको माथि फूलमाला, लावा माला राखी सजाउँछ र सिन्दुर, अबिर राखिन्छ ।

भक्तपुरका नेवारहरुले शवलाई कूतोमा राखेपछि मात्र देवां शवमा ओढाइन्छ भने काठमाडौंका नेवारहरुले मृत्यु घोषणा भई सःवाय् अर्थात् गोबर लिपेको ठाउँमा राखेपछि गुठीयारहरुले औपचारिक मृत्यु स्वीकार गर्न शवलाई देवांले छोपिदिने गर्छन् । देवांले छोपेपछि मृतक गुठीको जिम्मा भएको मानिन्छ ।[74]

### ३ : ११ : ३ सों छायगु ( फूल चढाउने )

मृतकलाई कूतोमा राखी शवयात्रा गर्न तयार भएपछि मृतकका विवाहित छोरीहरु सबै फूल, लावा, दक्षिणा, अविरसमेत मिसाएको आवश्यकताअनुसार लिई जेठीदेखि क्रमशः पङ्तिमा बस्छन् । लावा, दक्षिणा, अविर भएको भाँडो (भ्यो) बोक्नेको पछाडि बसी सबै जनाले कूतोको लाशलाई दायाँबाट घुम्दै लावा, दक्षिणा, अविर र फूल चढाउँदै तीन चक्कर घुम्छन् । भाडो बोक्ने लोग्नेमानिस रुन्दैन र छोरीहरु रुन्दै घुम्छन् । तीन चक्कर पूरा भएपछि आफूसँग भएको सबै फूल, लावा चढाई मृतकलाई अन्तिम ढोग गरी मृतकको घरमा लाग्छन् ।[75]

---

74 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ ४४ ।

75 परिशिष्ट २ को फोटो नं. ५ र ६ मा हेर्नुहोला ।

### ३ : ११ : ४ पि ख्वय्‌गु (रोएर बाहिरिने)

मृतकका विवाह भइसकेका छोरीहरु, नातिनी-पनातिहरुले समेत मृत्युको खबर पाएपछि शोक प्रकट गर्न आउने चलन छ । घरमा भेला हुन आएका महिलाहरु शवयात्रा नहुञ्जेल परिवारका महिलाहरुसँगै रोइरहेका हुन्छन् । शवयात्रा भएपछि या शवलाई मसानमा लगेपछि बाहिरबाट आएका सबै रोएर बाहिर जान्छन् तथा दोबाटोमा पुगेपछि रुने बन्द गर्छन् । त्यसपछि हातमुख धोई आ-आफ्ना घर लाग्छन् । तर मृतकका छोरीहरु भने आफ्नै घरसम्म रोएर जानुपर्छ भन्ने मान्यता रहेको छ । घरमा रोएका छोरी बुहारीहरुलाई छरछिमेकी आईमाईहरुले सम्झाई बुझाई रुन बन्द गराउँछन् ।[76]

### ३ : ११ : ५ पिचाः वाय्‌गु (धुलो फाल्न लाने)

शवयात्रापछि बाहिरबाट आएका सबै गइसकेपछि छ्वास फाल्नेले घरको माथिल्लो तल्लादेखि आँगनसम्म बढारी आएको धूलो कसिंगर आदि एउटा पिचाः (बाँसको टोकरी) वा माटोको भाँडामा राखी रुन्दे छ्वासःमा फाल्न लान्छन् । यसरी धुलो फाल्ने कार्यलाई पिचाः वाय्‌गु भनिन्छ [77] ।

स्वास्थको दृष्टिकोणबाट हेर्दा धूलो फाल्ने चलन पनि उत्तिकै सान्दर्भिक देखिन्छ । धेरै जनाले आवतजावत गर्दा घर वा आँगनमा ज्यादै फोहर भइसकेको हुन्छ । यसरी सफा गर्ने कार्य नभएसम्म घर-आँगन फोहर भइरहन्छ । शोकमा डुबेका बेला घर-आँगन सफा गर्ने काममा ध्यान गएको हुँदैन । धूलो कसिङ्गर त्यतिकै रहिरहन्छ । शवयात्रालगत्तै सफा गर्ने कार्यले मृत्युघर सफा हुन्छ । यसलाई वैज्ञानिक पद्धतिको पुरानोस्वरुप भन्न सकिन्छ ।

### ३ : ११ : ६ सिथाय् यंकिगु (शवयात्रा)

मानवको सृष्टिको लाखौं वर्ष पछि सभ्यताको विकासक्रम शुरु भयो । सभ्यताको विकासक्रममा भाषा, चालचलन र व्यवहार विकास भएको अनुमान गर्न सकिन्छ । सभ्यताको विकासकै क्रममा अनेकौ संस्कारहरु पनि विकास भए । ती संस्कारहरुमध्ये मृत्यु संस्कार पनि एक मान्न सकिन्छ ।

---

[76] स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

[77] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २*, पृ.४९ र स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

जन्मेपछि एक दिन मृत्यु हुन्छ । मृत्युपछिको पार्थिव शरीरलाई त्यतिकै छाडी राख्दा कुहिने गन्हाउने हुन्छ । मानिस चेतनशील प्राणी भएकोले शवलाई दाहसंस्कार गरी अन्त्य गर्ने प्रचलन विकास गरे । दाहसंस्कारको क्रममा पार्थिव शरीरलाई पहाडको टुपोमा लगी टुक्राटुक्रा गरी चरालाई ख्वाउने, ठूलठूलो नदी खोलामा बगाउने, खाल्डो खनेर पुरिदिने र जलाउने संस्कारको विकास भयो । यस्ता संस्कारहरुमध्ये नेवार समाजमा अधिकांशले जलाउने गरेको पाइन्छ भने थोरैले गाड्ने गरेको पाइन्छ । पार्थिव शरीरलाई सम्मानका साथ दाहसंस्कार स्थल अर्थात मसानमा लाने प्रकृयालाई शवयात्रा (*सिथाय् यंकिगु/ काठमाडौं र पाटनमा सिथं यंकिगु* ) भनिन्छ ।[78] शवयात्राका क्रममा काठमाडौं र पाटनमा बाजा बजाउँदै शव मसानमा लैजाने चलन छ ।[79] शवयात्रामा बाजाको व्यवस्था छोरीवेतीहरुले आफ्नै खर्चमा गर्छन् । शवयात्रामा बजाइने बाजाहरुमा काँःबाजा (एक प्रकारको मुखबाट फुकेर बजाइने बाजा), नाय खिं बाजा (दायाँ तिर लट्ठि र वायाँ तिर हातले बजाउने सानो बाजा) र छुस्या (कांसबाट बनाइएको थाल आकारको बाजा) बजाइन्छ । नाय् खिं बाजा कसाइहरुले बजाउने गर्छन् ।

शवयात्राको एउटा निश्चित परम्परागत बाटो हुन्छ । जसलाई “सलाँः” भनिन्छ । त्यो बाटोबाहेक अन्य बाटोबाट शव लान बंचित गरिएको हुन्छ ।

## ३ : १२ शवयात्रा हुने तरिका

नेवार समाजको शवयात्रा नियमबध्द रुपमा भएको हुन्छ । शवयात्रामा के के चाहिन्छ, को को समाहित हुन्छन् र कहाँ कहाँ बस्छन् सबै नियम हुन्छ । शवयात्रा हुने क्रमबध्दता निम्नानुसार छन् -

78 परिशिष्ट २ को फोटो नं. ९ हेर्नुहोला ।

79 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २३*, पृ.६ ।

### ३ : १२ : १ मुस्याँ (मसाल)

शवयात्राको अग्रपंक्तिमा मुस्याँ -मसाल) लगिन्छ । मृतकका छोरीहरुले ल्याएको र घरमा जम्मा भएका मुस्याँहरु एक एक जनाले बोकी लहरै अगाडि वढ्ने गर्छ । यसले शवयात्रालाई बाटो देखाउने कामको साथै विभिन्न जनावरलाई भगाउन सहयोग मिल्छ ।

### ३ : १२ : २ बाजा

नेवार समाजमा अगाडि बाजा बजाउँदै शवयात्रा गरिन्छ भन्ने कुरा माथि गइसकेको छ । साधारणतया देवताको अगाडिमात्र बाजा बजाई जाने चलन छ । यसको अर्थ मृत्यु भएपछि मानिस देवता हुन्छ भन्न खोजेको होइन । सत्वतारा बज्र बज्राचार्यका अनुसार शवयात्रा गर्दा नेवाः बौद्ध समाजमा पहिलो बाजा काँः बाजा राखिन्छ । त्यसपछि नाय् खिँ बाजा बस्छ । उत्कान्ति किया गरेको भए काँः बाजा अनिवार्य हुन्छ । नाय खिं बाजामा दमो खिं (धा जस्तो) र झ्याली हुन्छ । बाजा दागबत्ती नदिएसम्म बजाइन्छ ।[80]

शवयात्रामा बाजा राखिने चलन धेरै पहिलेदेखि भएको पाइन्छ । आजभन्दा २६ सय वर्ष पहिले बुद्धको परिनिर्वाण हुँदा विभिन्न बाजागाजाका साथ ससम्मानपूर्वक उहाँको शवयात्रा भएको थियो । काठमाडौं,पाटनमा आजकल पनि काँः बाजा, नाय् खिं बाजा राख्ने चलन कायम रहेको देखिन्छ ।

शवयात्रामा बजाइने बाजाको बोल अन्य समयको भन्दा भिन्न खालको हुन्छ । बाजाको बोलमा दुःखको भाव झल्केको हुन्छ । बाजाको आवाजले शवयात्रा ल्याएको सन्देश दिन्छ । त्यसैले बाजालाई सन्देश दिने साधनको रुपमा लिन सकिन्छ । नेपालको विभिन्न जातिको शवयात्रामा बाजाको रुपमा शंख फुक्ने, तँ बजाउने र बन्दुक पड्काउने गरेको पाइन्छ ।

लिच्छवीकाल, मल्लकालमा सतीप्रथा थियो । त्यसबेला लोग्नेको मृत्यु हुँदा श्रीमती सती जानुपर्ने अनिवार्य थियो । लोग्नेको चित्तामा सती जाँदा अलाप विलाप, रुवाई–कराई हुन्थ्यो । त्यसलाई अरुले नसुन्ने गरी तीन चार टोली धिमाय् बाजा बजाइन्छ भन्ने भनाइ छ ।[81]

---

[80] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ .५१ ।

[81] दुवाल, *पूर्ववत पाद टिप्पणी नं. १* ।

पहिले पहिले भक्तपुरमा शवयात्रामा बाजा राख्ने चलन थियो । नाय् खिं बाजा कसाईहरुले बजाउँथे । तँ बाजा शुध्दकारले र पोङ्गा मानन्धरहरुले बजाउंथे । भक्तपुरमा आजकल शवयात्रामा बाजा राख्ने गरेको देखिंदैन । शवयात्रामा बाजा बजाउनेहरु कमी भएकाले गर्दा हटेको कथन छ । अहिले बाजाकै रुपमा चालुँचाले "तँ" बाजामात्र बजाउँछ । प्रत्येक दोबाटो र देवस्थलमा "तँ" बाजा बजाइन्छ । तर कसाई जातिको शवयात्रामा आजकल पनि नायखिं बाजा बजाउने गरेको पाइन्छ ।

### ३ : १२ : ३ दिवाचा (चिराग)

बाजापछि चिराग (महादीप ) बाली चालुँचा (शुध्दकार) अगाडि बढ्छ । यस महादीपले बाटोमा प्रकाश दिने काम गर्छ । तँ बाजा बजाउने र चिराग बोक्ने काम चालुंचा एक्लैले गर्ने भएकोले मसालको पछाडि दिवाचा पर्छ । भक्तपुरमा एउटामात्र महादीप लगिन्छ भने काठमाडौं र पाटनमा दुईवटा लाने गरिन्छ ।

### ३ : १२ : ४ भाजंगप ( हाँडी–घैंटो)

छानामुनि भात पकाउने किया गरेको भाजं (हाँडी) मसानमा क्रिया अर्थात लिकोकोला पिण्ड गर्नको लागि चाहिन्छ । त्यसमा घुमको पात, च्यूराको भुस, कुश -कटारी घाँस) राखेको हुन्छ । एकजना गुठीयारले त्यो हाँडी र मृतकलाई पानी ख्वाउने कार्यको लागि एक घैंटो बोकी चिराग बोक्नेको पछाडि जान्छ ।

### ३ : १२ : ५ पाँजली (बाकस)

शवयात्रामा ल्याउने गुठीको एक विशेष खालको बाकस हुन्छ । त्यस बाकसमा "हाकु साफु" (गुठीको हाजिरी-जरिवाना चढाउने कापी) हुन्छ । एकजना गुठियारले पाँजली बोकेर हाँडी बाक्नेको पछाडि गएको हुन्छ ।

### ३: १२ : ६ मिपुनाली (दागबत्ती) र दाग (परालको कल्ली)

निगालोसँगै राखी मसानमा दागबत्ती दिने बेलामा बाल्न परालको एक विशेष किसिमको मुठा बनाएको हुन्छ, जसलाई दागबत्ती भनिन्छ । दागबत्ती घरमा शव उठने बेलादेखि नै बालेर एउटा गुठियारले समाई आएको हुन्छ । पाँजली बोक्नेको पछाडि दागबत्ती बोक्ने गुठीयारले एक कल्ली पराल पनि बोकेको हुन्छ ।

दागबत्तीलाई नेवारीमा "मिपुनाली" भनिन्छ । सानो कल्ली परालालाई 'दाग' भनिन्छ । त्यो पराल गयालोह भन्ने पानी ख्वाउन शव राख्ने एक विशेष ठूलो ढुंगामा ओछ्याइन्छ ।

### ३ : १२ : ७ लावा छर्ने

दागबत्ती बोक्ने गुठीयारको पछाडि लावा, दक्षिणा, अबिर मिसाएको एक ठूलो भ्युडमा राखी एक जनाले शवको अगाडि बाटोमा छर्दै जान्छ । यसलाई लावा छर्ने ( वाःहोलेगु) भनिन्छ । यो घरदेखि मसानसम्मै बाटोमा छर्दै जाने गर्छ । यसले मृतकको बाटो शुद्ध पवित्र बनाउने विश्वास गरिन्छ ।

### ३ : १२ : ८ सिम्हा (शव) भएको कूतो या खट (घारो)

कूतो या खटमा सजावतका साथ राखेको शवलाई ४ जनाले बोकेको हुन्छ । शव लावा छर्नेको पछाडि हुन्छ । शव बोक्ने चारै जना दृढ हृदयको अथवा दरो मनको हुनुपर्छ । दागबत्ती नदिएसम्म शव बोक्नेले आँसु चुहाउनु हुँदैन भनिन्छ ।

### ३ : १२ : ९ दागबत्ती दिने (क्रियापुत्र)

शवको पछाडि दागबत्ती दिने क्रियापुत्र गएको हुन्छ । रुँदै हिड्ने भएकोले दागबत्ती दिने लड्ला, ढल्ला भनी दुई जनाले दुईतिरसमाई लगेको हुन्छ । यसलाई नेवारीमा *पाछुकेगु* भनिन्छ ।

मर्ने व्यक्तिअनुसार दागबत्ती दिने पनि फरक फरक हुन्छ । बाबुको मृत्यु भए जेठो छोराले, आमाको मृत्यु भए कान्छो छोराले र एक्लो छोरा भए आमाबाबु दुवैलाई एउटैले दागबत्ती दिन्छ । छोरा छोरीको मृत्यु भए बाबुबाट दिइन्छ तर बाबु नभए बाजे, काका, दाजु भाइबाट दागबत्ती दिइन्छ । दागबत्ती दिनलाई चुडाकर्म अथवा ब्रतबन्ध गरिसकेको हुनुपर्छ ।

छोरो व्रतबन्ध नगर्दै अचानक आमाबाबुको मृत्यु हुँदा मृत्यु भएकै दिनमा व्रतवन्ध गरी दागबत्ती दिन लगाउने गरेको पनि पाइन्छ । नेवार समाजमा केटालाई चुडाकर्म नगरेसम्म र केटीलाई वेलविवाह नगरेसम्म तिनीहरु वंशमा सामेल भएको मानिंदैन । वंश नजोडेसम्म पिण्ड दान र कियाकर्म गर्नुहुंदैन । त्यसैले मृत्यु संस्कार गर्न व्रतबन्ध गर्नैपर्ने हुन्छ ।

### ३ : १२ : १० मृतक परिवार र नातेदारहरु

दागबत्ती दिनेको पछाडि मृतक परिवारजन र नातेदारहरु ज्येष्ठताको क्रममा लहरै जान्छन् । प्रायः सबैले सेतो खास्टो लगाउने गर्छन् । प्रत्येकलाई अर्को एक जनाले भरोसा दिएको हुन्छ अर्थात् पाछुके गरिन्छ ।[82] मृतकको बाजे, बाबु, दाजु, भाइ, नाति, पनाति, ज्वाइँ, भान्जा, सबै दुई दुई जना कमश जान्छन् । यसरी जान्दा रोयर जाने चलन भक्तपुर अध्यापी कायम छ । मृतकसँग घनिष्ट नाता भएको रोएर गएकोबाट स्पष्ट हुन्छ ।

### ३ : १२ : ११ मलामी जानेहरु

मृतक परिवारजन र नातेदारहरुको पछाडि टोलबासी ,छरछिमेक, इष्टमित्र, टाढाका नाताकुटुम्ब र गुठीयारहरु मलामी जाने गर्छन् । गुठीयारहरुले लाश जलाउन आवश्यक पराल, छ्वाली र दाउरा पनि बोक्ने गर्छन् । रोई जाने, मलामी जाने र गुठीयारहरुले टोपी , जुत्ता र छालाको वस्तु लाउँदैनन् । तिनीहरु शोक प्रकट गर्न शिर झुकाइ जाने गर्छन् । यो मृतकप्रति व्यक्त गरिने सम्मान र श्रद्धाञ्जली हो ।[83]

आधुनिक युवाहरुले यी संस्कारहरुमा परिवर्तन गरिल्याएका छन् । तिनीहरु रोएर जानु पनि अनावश्यक ठान्छन् । नजिकका नातेदारहरुमात्र रोए जस्तो गर्ने र अरु त्यसै जाने गरेका छन् । मलामी जानेहरु र गुठीयारहरु पनि छालाबाहेक अरु जुत्ता लगाएर जाने गर्न थालेका छन् ।

पहिले पहिले बाटोमा ढुङ्गा, इँटा, शिशाका टुक्रा र किलाकाँटा, फलामका टुक्राहरु हुँदैनथ्यो । तर आजकल बाटोमा त्यस्ता हानीकारक वस्तुहरु हुने भएकोले नाङ्गै खुट्टा हिंड्नु

[82] परिशिष्ट २ को फोटो नं. १० हेर्नुहोला ।
[83] स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

खतरा भएको छ । जुत्ता लाउने बानी भइसकेकाहरुलाई  बिनाजुत्ता हिंड्न गाऱ्हो पनि नभएको होइन । अहिले विचार गर्दा जुत्ता लाउन नहुने परम्परा जुत्ता नै नभएको बेलाको भनी अनुमान गर्न सकिन्छ । जुत्ता, टोपी, छालाका वस्तु फुकाली शिर निहुऱ्याई सम्मान गर्नु नेवार समाजको परम्परा हो । देवस्थल ,मन्दिर तथा धार्मिक कार्यमा जान्दा पनि यसरी नै गइन्छ । साथै आफूभन्दा ठूलालाई सम्मान गर्दा टाउको निहुऱ्याई *'भाग्याती' भाग्या, 'आनिया फि'* (ढोगौं,ढोगें,)आदि भनी टाउको झुकाउने गरिन्छ ।

## ३ : १३ दीप (मसान) मा गरिने काजक्रिया

### ३ : १३ : १ गया लोंह (ढुंगा) मा राखी पानी ख्वाउने

शवयात्रा मसानमा पुगेपछि शवलाई गयालोहं (पानी ख्वाउने ढुङ्गा) मा राखिन्छ । मृतकलाई छोपी ल्याएको टाउको, अनुहार खोलिन्छ । मुखमा राखी ल्याएको गुठीको बटुको तलतिर सारिन्छ । मलामी आएका सबैले नदीमा गई हात-खुट्टा धोई हत्केलाभरि पानी ल्याई मृतकलाई खुवाउने गर्छन् ।[84] मृतकलाई पानी ख्वाउन पानी थपिदिनका लागि एउटा घैंटो ल्याएको हुन्छ । जसमा नदीबाट पानीभरि ल्याएको हुन्छ । प्रत्येकले तीन पटक पानी ख्वाउन घैंटोमा घाटीनिर प्वाल बनाई प्वालबाट पानी थपिदिने गर्छ ।

शवयात्रामा आएका सबै लाइनमा बसी मृतकलाई पानी ख्वाउने गर्छन् ।[85] अन्त्यमा दागबत्ती दिनेले नदीमा नुहाई पानी ल्याई मृतकलाई ख्वाउने गर्छ । दागबत्ती दिनेले पानी ख्वाएपछि पानी ख्वाउने काम सिधिन्छ ।

### ३ : १३ : २ चित्ता बनाउने र मृतक राख्ने :–

शवलाई पानी ख्वाउने काम भइरहेको समयमा गुठीयारहरुले मसानमा चित्ता बनाउने काम गर्छन् । पानी ख्वाउने काम सकेपछि शवलाई गयालोह (ढुङ्गा)बाट उठाई चित्तामा राख्न लगिन्छ । कूतोसँगै दागबत्ती दिने र मृतकका छोराहरु पछिपछि लाग्छन् । चित्तालाई तीनपटक दायाँबाट घुमाई कुतो चित्तामा राखिन्छ ।

[84] परिशिष्ट २ को फोटो नं. ११ हेर्नुहोला ।
[85] परिशिष्ट २ को फोटो नं. १२ हेर्नुहोला ।

यसरी शवलाई चित्तामा राख्दा दक्षिणतिर शिर पारी राखिन्छ । तर ललितपुरमा शवको शिर उत्तर दिशामा पारी राखिन्छ ।[86] शव बोक्नेहरुले कूतो र मृतकसँग भएका सम्पूर्ण पोशाक निकाली फालिन्छ तर देवांलाई यथावत राखेको हुन्छ ।

शव जलाउनको लागि विधिपूर्वक बनाउने दाउराको चाङलाई चित्ता भनिन्छ । करिब ६/७ फिट लामो सिधा दाउरा ३ तहमा राखिन्छ । एक तहमा तीनवटा गरी एउटा चित्तामा ९ वटा दाउरा प्रयोग हुन्छ । यसको व्यवस्था गुठीबाटै गरिएको हुन्छ ।[87]

**३ : १३ : ३ लिकोकोला पिण्ड किया गर्ने (मृतकसामु पिण्ड किया गर्ने)**

मृतकलाई चित्तामा राखिसकेपछि दागबत्ती दिने क्रियापुत्रद्वारा मृतकको खुट्टानिर श्राद्ध गराउँछ । त्यसलाई स्थानीयबासीहरु किया गर्ने भनिन्छ । काठमाडौंतिर यस कार्यलाई लिकोकोला पिण्ड या मृतकको सामुने पिण्ड गर्ने भनिन्छ । यस कियामा घरमा छानामुनी भात पकाउने गरेको हाँडीमा राखी ल्याएको च्वकाबजी (च्यूराको भुस) को पिण्ड दान गराइन्छ ।मृतकको खुट्टातिर अथवा मृतकको अगाडि पानी छर्की हातमा कुश बाँधी घुमको पात तीनवटा बायाँ दायाँ र बीचमा राखिन्छ । दुवै हातले हाँडीको च्वकाबजीको पिण्ड बनाई बायाँ, दायाँ  र बीचमा गरी तीनै वटामा तीन तीनपटक राखिन्छ । प्रत्येकमा सेतो कपडाको टुक्रा एक एकवटा राखिन्छ । हाँडीकै पानी तीन तीनपटक चढाइन्छ । त्यसपछि बायाँको पूर्वतिर दायाँको पश्चिमतिर र बीचको दक्षिणतिर सारी पिण्ड अर्पण गरिन्छ । यी तीन पिण्डलाई काक पिण्ड , श्वान पिण्ड र प्रेत पिण्ड भनिन्छ । यस पिण्ड कार्यको भाव क्रमशः पंछीको कुलमा जन्म नहोस् , पशुको कुलमा जन्म नहोस् र प्रेतको कुलमा जन्म नहोस् भन्ने हो । यो पुरोहितको विधिवत वाक्यांशका साथ पिण्ड दान गरिन्थ्यो । आजकल पुरोहित भएको पाइँदैन । अनुभवी जानकारहरुबाट गराइने गरिन्छ ।

यो किया कसैले पानी ख्वाइसकेपछि गयालोहंमा नै शव राखी गर्छन् भने कसैले मृतक चित्तामा राखिसकेपछि गर्छन् । एकै किसिमले गर्ने भए पनि स्थान भने फरक भएको पाइन्छ ।[88]

---

[86] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २३,* पृ.२ ।

[87] स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

[88] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ.५४ र स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

**३ : १३ : ४ दागबत्ती दिने र अन्तिम ढोग गर्ने**

पिण्ड कार्य सिधेपछि दागबत्ती दिने काम शुरु हुन्छ । दागबत्ती दिनेले बालिराखेको दागबत्ती (निगालोको मुठो) समाई चित्तालाई दायाँबाट तीनपटक परिक्रमा गरी शवको निधारमा दागबत्ती दिइन्छ । [89] दागबत्ती दिनेले ललितपुरमा भए दायाँबाट तीनपल्ट र वायाँबाट तीनपल्ट परिक्रमा गर्ने चलन छ । [90] दागबत्ती दिने काम सम्पन्न भएपछि छोराहरुमध्ये कान्छोदेखि क्रमशः दागबत्ती दिने सम्मलाई ढोग्न लगाइन्छ । दागबत्तीको काम सकिएपछि मलामी गएका छरछिमेकीहरु मृतकका परिवारजनलाई सम्झाइबुझाइ सान्त्वना दिंदै आ-आफना घर फर्कन्छन् ।

**३ : १३ : ५ सि उय्गु (लाश जलाउने)**

दागबत्ती तथा ढोगको कार्य सिधेपछि लाश छोपिराखेको “देवां” झिकिन्छ । पराल, छ्वालीले लाशलाई पुरै छोपी जलाइन्छ ।[91] तर देवां भने जलाइंदैन । लाश जलाउने काममा परिवारजन वा गुठीयारहरु संलग्न हुन्छन् । साधारणतया ३/४ घण्टामा शव जलाउने काम सकिन्छ । धर्मात्माहरुको लाश थोरै समयमा जलाउने कार्य सिधिन्छ र पापीहरुको लाश जलाउन बढी समय लाग्छ भन्ने चलन पनि समाज पाइन्छ ।

**३ : १३ : ६ नौ चुइकेगु (खरानी बगाउने)**

पार्थिव शरीर जलाउने कार्यको अन्तिम किया खरानी नदीमा बगाउनु हो । यसलाई नौ चुइकेगु भनिन्छ । सम्पूर्ण शरीर खरानी भइसकेपछि गुठीयारहरुले परालको एक मुठामा खरानी राखी नदीमा बगाउने गर्छन् । यो एक प्रकारले मृतकको पार्थिव शरीर भष्म गर्ने कृया हो ।[92]

शव जलाउने क्रममा ललितपुरमा शव पुरा जली भष्म भएपछि शवको खरानीबाट एउटा प्रेतमूर्ति बनाइन्छ । सो मूर्तिको हात र खुट्टा मृतकको हाड खोजेर राखिन्छ भने आँखा रिट्ठाको, मुख कौडीको राखिन्छ । मूर्तिलाई दाग बत्तीदिने व्यक्तिले पूजा गर्ने चलन छ । मूर्तिको पूजा भइसकेपछि तीर्थको पानीले मूर्ति बगाउने काम हुन्छ । पछि

---

[89] परिशिष्ठ २ को फोटो नं. १३ हेर्नुहोला ।

[90] बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २३,* पृ.८ ।

[91] परिशिष्ठ २ को फोटो नं. १४ हेर्नुहोला ।

[92] स्थलगत अध्ययनको क्रममा गुठीयारहरुबाट प्राप्त जानकारी अनुसार ।

बालुवाको एउटा चैत्य बनाई त्यसमा सेतो छत्र राखेर पूजा गरिन्छ ।[93] तर काठमाडौंमा भने पूर्ण रुपमा लाश जलाइसकेपछि भष्म भएका सबै खरानी जम्मा गरेर मानिसको आकृति बनाइ त्यसमा ललितपुरमा जस्तै नै आँखा रिठ्ठाको र मुख कौडीको राखेर पूजा गरिन्छ । पूजा सकेपछि सबै खरानी पुलुमा राखेर खोलामा बगाइन्छ ।[94]

यसरी पार्थिव शरीरको खरानी जलमा बगाउने काम सम्पन्न हुन्छ । यसलाई नै खरानी बगाउने भनिन्छ । गौतम बुद्धको पार्थिव शरीर जलाउँदा सबै शरीर खरानी भएको थिएन । वर्णन भएअनुसार बुद्धको अस्तु तोरी, चामल र मूगीजस्तो गोल गोल बन्न गयो । सिद्ध पुरुषहरुको अस्तुको लक्षण हो भनिन्छ । गौतम बुद्धका अस्तु अद्यापि सुरक्षित छ ।[95]

### ३ : १३ : ७ मो ल्हुय्गु व मि पानेगु (*नुहाउने र आगो ताप्ने )*

दाहसंस्कारपछि घाटमा उपस्थित मृतकका परिवारजन , नाताकुटुम्ब र गुठीयारहरु नदीमा गई हात-खुट्टा र मुख धुने गर्छन् । दागबत्ती दिनेले नुहाउनु अनिवार्य छ । त्यसपछि सबैले पराल वा छ्वाली बाली आगो ताप्ने काम हुन्छ । सबै काम सम्पन्न भएपछि गुठीयारहरु मृतकका परिवारजनलाई घरमा पुऱ्याई आ–आफ्ना घर फर्कन्छन् ।

---

93 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २३*, पृ.३ ।

94 श्री सर्वज्ञरत्न बज्राचार्य,*वज्रयान पूजाविधि संग्रह*, म्हयूपि : नेपाल बौद्ध संस्कृति संरक्षण केन्द्र , वि.सं.२०६२, पृ.११८ ।

95 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २*, पृ.५५ ।

# चौथो अध्याय

# मृत्युबाट हुने अशुध्दलाई शुध्द गर्ने विधिहरु

मानिसको जन्म हुँदा र मृत्यु हुँदा त्यसका परिवार र नाताकुटुम्वहरु अशुध्द हुने प्रचलन हाम्रो समाजमा हुँदै आएको छ। जन्मिदा हुने अशुध्दलाई "सुतक" र मर्दा हुने अशुध्दलाई "जुठो" भएको भनिन्छ। यसलाई नेवारीमा क्रमशः "जयगुली" र "दूम" भएको भनिन्छ।

जन्म र मृत्यु हुँदा किन अशुध्द हुन्छ , त्यसको स्पष्ट उत्तर पाउन कठिन छ। जन्मले मानिसलाई अति प्रसन्न गर्छ र मृत्युले अति दुःखी बनाउँछ । यही प्रसन्न र दुःखलाई नै अशुध्दको कारण मानेका छ । हाम्रो समाजले पार्थिव शरीरलाई अपवित्र वा अशुध्द मानिन्छ । त्यस अशुध्दवाट शुध्द हुन विभिन्न विधिविधानहरु गर्नुपर्ने सामाजिक मान्यताहरु छन्।

मानिस मृत्युपछिको भौतिक शरीरलाई दाहसंस्कार गरी माटामा विलिन गरिन्छ । भौतिक शरीर माटोमा विलिन भएपनि त्यसको आत्मा हाम्रो वरिपरि घुमिरहन्छ र घरमा आइरहन्छ। त्यसैले मृत्युको दिनदेखि प्रत्येक दिन मृतकको नाउँमा भाग राखिएको हुन्छ।

परवर्ती साहित्यमा उल्लेख भएअनुसार मानिस मृत्यु हुने वित्तिकै त्यसको आत्मा पितृलोकमा जान्दैन। केही समय प्रेतको रुपमा यही रहन्छ। यस समयलाई "जुठो" को अवधि मानिन्छ।[96]

## ४ : १ *घर भित्र्याउने कार्य*

दाहसंस्कार गरी फर्केकाहरु सरासर घर जान्दैनन्, आफ्नो कुमार देवता ( *पिखालाखी /काठमाडौं, पाटनमा पिखालखुइ* ) भएको ठाउँमा बसिरहन्छन्। घर फर्केको खबर पाएपछि दागबत्ती दिनेको श्रीमतीले थालमा च्वकाबजी, एउटा *सली (पाला)* मा निभेको गोल, अर्को *सली*मा कपास र अर्को *सली*मा बत्ती राखी ल्याउंछ। दागबत्ती दिनेको खुट्टामा *च्वकाबजी* (भुस च्युरा) छर्की चोख्याउने काम हुन्छ । त्यसपछि पानीले छर्की

---

[96] कला उपाध्याय, *अन्त्येष्टि एक ऐतिहासिक अध्ययन,* वाराणसी : यज्ञ प्रकाशन, इ.स.१९८९, पृ. १०५ ।

उसलाई घर भित्र्याइन्छ । कसैकसैको साँचो दिने चलन पनि छ । नेवारीमा यसलाई बलिंपियेगु वा बलिंपिया दुकायेगु भनिन्छ ।[97]

## ४ : २ **चिपं थिकेगु** ( **ख्वाउने** )

दाह संस्कार गरी फर्केका परिवारजन, फुकी आदिलाई छोरीहरुको घरबाट ल्याएको चिउरा, मिठाइ आदि ख्वाइन्छ । यो दिन मृतकको घरमा आगो बाल्नु हुँदैन भन्ने गरिन्छ । परिवारजनको मृत्युले गर्दा परिवारका अरु सदस्यहरुलाई दुःख, पीडा, भइरहेको अवस्थामा खाना बनाउने वा खाने मन नै हुँदैन, त्यसैले छोरीहरु, नातेदारहरुले मिठाइ, फलफूल ल्याएको हुन्छ । यस्तो अवस्थामा केही नखाई दुःखमा बस्दा परिवारजन विरामी हुनसक्छ । अतः बाहिरबाट खानेकुरा ल्याई ख्वाउने परम्परा व्यवहारिक र आवश्यक देखिन्छ । मृतकको परिवारजनलाई ख्वाउने ल्याउने यो परम्परालाई "चिपं थिकेगु" भनिन्छ ।

## ४ : ३ दुःजा ( दुःख भात ) ख्वाउने

परिवारको सदस्यको मृत्युले परिवारलाई दुःखी बनाउंछ । भक्तपुरमा यस्तो दुःखको बेला *फुकी*हरुबाट मृतक परिवारलाई पालैपालो भात ख्वाउन लाने चलन छ । दुःखको बेलामा ख्वाउने भातलाई दुःजा (दुःख भात) भनिन्छ । भात ,दाल, तरकारी र केराउको चटनी ( कङासा ) बनाई भात ख्वाउन लगिन्छ । प्रत्येक फुकी परिवारले एकपटक भात ख्वाउन लानुपर्ने हुन्छ । तर छिमेकीहरुले चाहना भएकाले मात्र लाने गर्छन् । यस कार्यले मृतक परिवारलाई सहयोग, समवेदनाको महशुश हुन्छ । आफू एक्लो भएको भावना हुँदैन ।

## ४ : ४ मृतकलाई भाग राख्ने

मृत्यु भएको दिनदेखि घरमा खाने गरेका खानेकुराहरु र काजक्रिया गर्दा पहिला मृतकको नाउंमा भाग राख्ने गरिन्छ । त्यो भाग मृतक राखेको ठाउँमा राखी एउटा भाँडोले छोपिराख्ने गरिन्छ । एक रात राखी अर्को बिहान त्यो भाग त्वंजु (कपाली)लाईं दिने गरिन्छ ।

[97] सत्वतारा बज्र बज्राचार्य, *नेवा बौद्ध समाजय् मृत्यु संस्कार, वि.सं.२०६१ भद्र २१ -२५ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रबानेश्वरमा*
*चतुर्थ* अन्तराष्ट्रिय बौद्ध संस्कृति सम्मेलनमा प्रस्तुत कार्यपत्र पृ.५७ र स्थलगत अध्ययनबाट प्राप्त जानकारीअनुसार ।

“त्वंजु” शब्दको  अर्थ महत्वपूर्ण देखिन्छ । नेवारी शब्द “त्वा” अर्थ टोल हो । त्वंजुलाई टोलको हेरचाह गर्ने व्यक्तिको रुपमा लिइराखेको देखिन्छ । पहिले पहिले सरकारको प्रतिनिधिको रुपमा टोल-टोलमा खताइराखेको अनुमान गर्न सकिन्छ । टोलमा हुने सबै कुराको अभिलेख राख्ने सरकारी कर्मचारी त्वंजु हुनु पर्छ । बुढापाकाहरुसँग बुझ्दा पहिले पहिले प्रत्येक टोलमा त्वंजुहरु थिए ।

## ४ : ५ बिचःवानेगु व बिचः फय्गु (दु:ख मनाउन जाने र सत्कार गर्ने)

मृत्युको खबर पाएपछि मृतकका आफन्त, नाताकुटुम्ब, इष्टमित्र, साथीभाइहरु घरमा गई  परिवारलाई सान्त्वना, सहयोग र हौसला दिनजाने  गर्छन् । यसलाई *बिचःवानेगु* भनिन्छ । त्यसरी बिचः आएकालाई सत्कार गरी मृत्यु हुनाका कारण, मृत्युसम्बन्धी जानकारी गर्ने परम्परालाई *बिचः फय्गु* भनिन्छ ।[98]

बिचः आएका व्यक्तिहरु घरमा आएपछि घरका आइमाइहरु रुने चलन छ । यो संस्कार अहिले पनि यथावत छ ।  बिचः जानु भनेको दु:खमा साथ दिनु, सहयोग गर्नु, समवेदना, सान्त्वना र हौसला दिनु हो । यो साह्रै नै राम्रो संस्कार हो । आजकल बिचः हाकेगु वा समवेदना दिने प्रथा नयाँ कायम भएको छ । बिचः हाय्केगुको क्रममा परिवारमा समवेदनापत्र पठाउने गर्छन् । कतिले  दैनिक साप्ताहिक पत्रपत्रिकाहरुमा मृतकको फोटो राखी श्रद्धाञ्जली तथा समवेदना दिने गर्छन् ।
कतिको शोकसभा गरी मौनधारण गर्छन् , शोकपुस्तिकामा हस्ताक्षर गर्न जान्छन् । देशका महत्वपूर्ण व्यक्तित्वहरु भए शोक बिदा दिई बिचः हाय्के गरेको पाइन्छ ।

## ४ : ६ लक्च फय्गु (लोकाचार)

### ४ : ६ : १ घरअगाडि जम्मा हुने

लोकाचार मृत्यु भएको चौथो दिनमा गर्ने कार्य हो । लोकाचारलाई भक्तपुरमा “लक्च फय्गु” भन्ने चलन छ । काठमाडौं र पाटनमा “लोचाः फय्गु” भन्ने गरेका पाइन्छ । लक्च साँझपख गरिन्छ । साँझको झिसमिसेमा मृत्यु भएको घरआँगन,चोक,बाटो, टोलमा सुकुल ओछ्याइ लोग्नेमानिसहरु जम्मा हुने गर्छन् । मृतक परिवारका नाताकुटुम्बहरु , इष्टमित्र,

[98] वयोवृद्ध अनुभवी महिला न्हुछेमाया दुवालसंग मिति २०६३।०१।२० गते भएको छलफलबाट प्राप्त जानकारी अनुसार ।

साथीभाइ, छरछिमेकी,टोलबासीहरु लक्चमा जम्मा हुन्छन् । लक्चमा बस्दा जुत्ता र टोपी फुकाली बस्ने गर्छन् र सबै गम्भीर मुद्रामा हुन्छन् । लक्च हुँदा मकलमा आगो बाल्ने चलन भक्तपुरमा अद्यापी देखिन्छ ।[99] लक्च हुँदा किन मकलमा आगो बालिन्छ भनी बृद्धहरुसँग बुझ्दा परम्परादेखि गर्दै आएको बताउंछन् । लक्च भइराखेको स्थलमा पगी अध्ययन गर्दा तमाखु खानको लागि आगो चाहिने भएकोले मकलमा आगो बालेको देखिन्छ । पहिले पहिले चुरोट थिएन , सबैले तमाखु खान्थे । तमाखुको लागि मकलमा आगो बाल्ने गरेको पछि गएर परम्परा हुन गएको अनुमान गर्न सकिन्छ ।

### ४ : ६ : २ लक्चमा आइमाइहरु सहभागी हुने

लोग्न मानिसहरु घरबाहिर जम्मा हुन्छन् भन्ने फुकी परिवारका आइमाईहरु मृत्यु घरमा जम्मा हुन्छन् । विवाह भइसकेका छोरीहरु, नातिहरु, नाताकुटुम्बका आइमाइहरु लक्च हुने टोलको एक निश्चित ठाउँमा जम्मा हुन्छन् । मृतकका छोरीहरु आएपछि सबै दुई- दुई जना क्रमशः मृत्यु घरमा *जान्छन्* ।[100] बाहिरबाट आउनुपर्ने सबै आइसकेपछि छोरीहरु पहिला घरबाट  निस्कन्छन् । त्यसपछि बाहिरबाट आएका सबै क्रमशः निस्कन्छन् । टोलको एक निश्चित ठाउँको धारा या इनारमा गई पानीले मुख धुने गर्छन् । लक्चमा सहभागी हुने सबै आइमाईहरु रुनुपर्छ भन्ने सामाजिक मान्यता छ ।  मृतकका छोरीहरु आउँदा लोग्नेको घरबाट र फर्कन्दा घरसम्मै रुन्दै जानुपर्छ भन्ने  मान्यता छ ।

आउनुपर्ने सबै आइसकेपछि आगो बाली राखेको मकल घरभित्र लगिन्छ । अनि लक्च कार्य सिधिन्छ । सबैले मृतक परिवारलाई सान्त्वना दिंदै आ–आफ्नो घरमा फर्किन्छ ।[101]

लक्च वास्तवमा लोकाचार नै गर्ने कार्य रहेछ । घरअगाडि टोलमा धेरै मानिसहरु जम्मा हुँदा, छोरीहरु टाढाबाट आउँदा टोलभरि प्रचार हुन्छ । कसको मृत्यु भयो, कसरी मृत्यु भयो भन्ने आदि जानकारी राख्छन् । यो लोकाचारको राम्रो पक्ष हो । टोपी फुकाली, जुत्ता छोडी, शिर निहुर्याएर बस्नु मृतकप्रति सम्मान गर्नु हो र मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्नु हो । मृतकको परिवारसँग सबै मानिसहरु आई बस्नु , दुःख व्यक्त गर्नु , दुःखमा परेका

[99] परिशिष्ट २ को फोटो नं. १५ हेर्नुहोला ।
[100] परिशिष्ट २ को फोटो नं. १६ र १७  हेर्नुहोला ।
[101] स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार  ।

परिवारलाई ठूलो समवेदना गरेको हुन जान्छ । यसले मृतक परिवारलाई आफ्नो लागि सबै भएको महशुश भई हौसला मिल्छ । यो पनि राम्रो पक्ष हो ।

यसलाई अर्को पक्षवाट विचार गरी हेर्दा यो बिचः आएको भन्न सकिन्छ । फरक-फरक समयमा पटक-पटक आउनु नपर्ने गरी एकैदिन, एउटै समयमा आउने गरिराखेको हुनुपर्छ । यसो गर्दा घरका आईमाईहरु पनि पटक-पटक रुनु नपर्ने, धेरै जनाको लागि एक पटक रोए पुग्ने , बिचः आउला भनी कुरिराख्नु नपर्ने र समय खेर नजाने देखिन्छ ।

### ४ : ६ : ३ लक्च बजी ( च्यूरा ) लाने

लक्च या लोकाचारमा आउने मृतक परिवारका विवाहित छोरी, नाति ,पनाति, भान्जी तथा अन्य नाताकुटुम्ब सबैले लक्चबजी ल्याउने गर्छन् । थालमा करिब एक माना च्यूरा (बजी ) र त्यसमाथि जेरी, बिस्कुट या अदुवा राखी मृतकको घरमा राख्न लगिन्छ । काठमाडौं र पाटनमा यसलाई "लोचा बजी" भनिन्छ । लोचा बजी मृत्युपछिको छैठौ दिनमा लाने चलन छ ।

यसरी गर्नुको अर्थ मृत्यु परिवारले विविध संस्कार कार्य गर्नको लागि अन्न, च्यूराको समस्या नपरोस् भनी लक्च बजी लाने गरिराखेको देखिन्छ । थोरै भए पनि धेरै जनाको मद्दत भएपछि समस्या तर्न जान्छ ।

### ४: ६: ४ ब्योः वानिगु

मृतक परिवारका अति नजिकका नातेदार र विवाहित छोरीहरु ब्योः जानुपर्ने चलन नेवार समाजमा अहिले पनि कायम छ । ब्योः जानु भनेको विभिन्न खाद्य सामानहरु मृत्युको घरमा लगिदिनु हो । ब्योः लगेको सामान विभिन्न दिनमा गरिने संस्कारमा सहभागी हुनेहरुलाई भोजन गराउने गरिन्छ । ब्योः जानुपर्ने सबै एकैदिन जाने गर्दैन, एक आपसमा सरसल्लाह गरी लक्च, न्हेनुमा जस्तो संस्कारको दिन जाने गरिन्छ । ब्योः दूब्यंके गर्ने अघिल्लो दिनसम्म जाने गरिन्छ । ब्योः जाने प्रत्येक परिवारले निम्नअनुसारका खाद्य सामान र परिमाण लाने गरिन्छ ।

| | |
|---|---|
| च्युराः १ पाठी | घिउः १ पाउ |
| आलुः आधा धार्नी | चिनीः १ पाउ |
| केराउः १ माना | कँघासाः १ पाउ |
| हरियो तरकारीः १ किलो | सिंकेः आधा पाउ |
| बाराः १६ वटा | दहीः १ वटा वा दूधः १ माना |
| अदुवाः १ पाउ | जाँड रक्सीः १।२ माना |

## ४ : ७ छोरी ज्वाइँले शुद्ध गर्ने

मृतक परिवारका विवाह भएका छोरी ज्वाइँ तथा नातिहरुले ४ दिनमात्र जुठो बार्ने गर्छन् । चौथो दिनमा छोरीहरुले नुहाइ धुवाइ गरी नापितबाट चोख्याउने गर्छन् र ज्वाइँ, नातिहरुले कपाल मुण्डन गरी चोख्याउने गर्छन् । पाटनमा छोरी ज्वाइँ तथा नातिहरुले पनि सातौं दिनमा चोख्याउने गर्छन् ।

## ४ : ८ गरुड पुराण सुनाउने

गरुड पुराण अठारवटा प्रशिद्ध धार्मिक ग्रन्थहरुमध्ये एक हो । गरुड पुराणमा नरकको बयान गरेको हुन्छ , भूत, प्रेतको वर्णन गरेको हुन्छ । त्यसमा मानिसले पाप गरेमा नरकमा जाने र नरकमा भोग्नुपर्ने पीडाको चर्चा गरिन्छ । त्यसैले पापमोचनको लागि मृत्यु भइसकेपछि गर्नुपर्ने दान कियाकर्मको बयान गरिन्छ । गरुड पुराण मृत्यु भएको घरमा पुरोहितबाट सुनाउने गरिन्छ । यो मृत्यु भएको दोस्रो दिनदेखि ९ दिनसम्म प्रत्येक दिनको साँझ सुनाइन्छ । गरुड पुराण सुनेपछि बीचमा उठेर जानु हुँदैन भनिन्छ ।

## ४ : ९ न्हेनुमा (सात दिनको किया) गर्ने

मृत्यु भएको सातौं दिनमा गर्ने कियालाई नेवारीमा “न्हेनुमा” भनिन्छ । न्हेनुमाको दिन पनि विभिन्न कार्यहरु गर्नैपर्ने नेवार समाजको परम्परा छ । सातौं दिनमा गर्ने सम्पूर्ण कियाहरु कतिले पाँचौं दिनमा गर्ने गर्छन् । पाँचौं दिनमा गर्नेलाई ‘ङान्हुमा’ भन्ने चलन छ ।

मृत्यु आत्मा सात दिनसम्म घरमा आइरहन्छ भन्ने आध्यात्मिक विश्वास छ । त्यसैले दैनिक रुपमा मृतकलाई भाग राख्ने गरिन्छ, साथै सातौं दिन सात भाग राखी मृतकको नाउँमा चढाउने गरिन्छ ।

**४ : ९ : १ न्हेनुमा राख्न आउने (सात दिनको क्रिया गर्न सामान ल्याउने)**

मृतक परिवारको छोरी ,बुहारी, मामा, फुपू ,नाती पनाति सबै नाताकुटुम्बहरु र फुकीहरु सबैले सातौं दिनको बिहान न्हेनुमा राख्न लान्छन् । न्हेनुमा भनी प्रत्येकले करिब १ माना चामल, त्यसमाथि अदुवा एक टुक्रा, नून, बेसार अलि-अलि, भटमास र केराउ केही ल्याउने चलन छ । न्हेनुमा प्रायः आइमाईले लाने गर्छन् । न्हेनुमा पकाउँदा सबैले ल्याएको थोरै थोरै मिसाएर पकाउने चलन छ । न्हेनुमा जाने कार्यलाई "बालु जाने" पनि भनिन्छ ।

**४ : ९ : २ भोजनको व्यवस्था**

घरमा आएका पाहुना इष्टमित्रहरुलाई भोजन गराइ सत्कार गर्ने नेवार समाजको संस्कार हो । न्हेनुमा आएका सबैलाई भोजन गराउनुपर्ने र भोजन नगरी फर्कन नहुने मान्यता छ । त्यसैले आएका सबैले खाएर जाने गर्छन् । भोजन गराउनको लागि जोरजाम गर्न पकाउन र ख्वाउन जुठो नपरेका हुनु पर्ने भएकोले मृतक परिवार र फुकीहरु बस्नु हुँदैन, जुठो नपरेका ज्वाइँहरु, छोरी, नातिहरु बस्नुपर्ने हुन्छन् । न्हेनुमा पकाउने चुल्होमा आगो नबालेसम्म भोजन गराउन पकाउने कार्य थाल्नु हुँदैन भन्ने मान्यता छ । विशेषगरी भोजनमा च्यूरा, तरकारी, गेडागुडी, अचार (गोलभेडा तथा प्याज नभएको) आदि राखी ख्वाउने गरिन्छ । भोजनमा बारा र माछा अदुवा पिनेको चटनी अनिवार्य मानिन्छ ।

**४ : ९ : ३ न्हेनुमा पकाउने र दिने**

दागबत्ती दिने काम मृतकको छोराले गर्छ भने न्हेनुमा पकाउने काम मृतकको छोरीले गर्छ । बाबुको मृत्यु भए जेठी छोरीले र आमाको भए कान्छी छोरीले न्हेनुमा पकाउने काम गर्छ । एकमात्र छोरी भए आमा बाबु दुवैको एकैले गर्छ । मृतकको छोरी नभए भतिजी, नातिनीबाट भए पनि गरिन्छ । न्हेनुमा पकाउनलाई अर्को एक साथी बस्ने चलन छ । मृतकको अन्य छोरी भए दिदीबहिनी नै बस्छन् । दुवैले बिहान नुहाइ आउँछन् । न्हेनुमा पकाउने ठाउँमा गोबरले लिपपोट गरी चोख्याइन्छ र आवश्यक भाँडाकुँडा र सामानहरु सबै तयार पारिन्छ ।

न्हेनुमा पकाउन चुलो बनाउने काम न्हेनुमा पकाउनेको श्रीमानले गर्नुपर्ने हुन्छ । कुनै कारणले ऊ नभए अर्को ज्वाइँलाई गर्न लगाइन्छ । चुल्हो बनाउन चौरबाट सात

वटा चपु (दुवो टन्न उम्रेको माटोको टुक्रा) कसैले नछुने गरी ल्याउनुपर्छ । त्यही चपुले दुईमुखे चुल्हो बनाइन्छ । पकाउने काम सकेपछि आफैले चुल्हो खोलामा फाल्न लानुपर्छ । न्हेनुमाको काम गर्नेहरुले नखाई शुध्द भई गर्नुपर्छ भन्ने मान्यता छ । न्हेनुमाको लागि आवश्यक वस्तुहरु प्रायः सात थरी नै हुन्छ । जस्तै :–

१. चामल – सात कुरुवा ( उल्टोबाट चार र सुल्टोबाट ३ कुरुवा राखिन्छ ) ।

२. जिउँदो माछा – सात वटा ।

३. उसिनेको फुल – सात वटा ।

४. बारा – सात वटा ।

५ं सात थरी घासा – (मायबाला, कसुवाला, कङासा, सिंके, प्याक्सा, फसिगुली, फसिचु ) ।

६. भतमास – आवश्यकता अनुसार ।

७. मासु – आवश्यकताअनुसार ।

हिजोआज अरु थप मिठाइहरु पनि राख्ने चलन भइआएको छ । सबै सामान पाकेपछि बाँसबाट बुनेको टपरी (पिचा) मा सात भाग राखिन्छ र पाखा ब्वः र क्वःब्वः गरी अर्को दुई भाग राखिन्छ । दुई भागमध्ये एक भाग राति पाखाजा (छानामुनि राख्ने भाग) राखिन्छ । अर्को एक भाग कागलाई भनी घाटमा राख्न लगिन्छ । मृतकलाई भनी पिचामा राखेको सात भाग *पिखालाखुइ* (कुमार)भएको ठाउँमा चढाउँछ ।[102] न्हेनुमा *काँचा* (माटोको घ्याम्पो) *पेचा* (परालको चक्का) माथि राखिन्छ । घ्याम्पोभित्र जाँड, त्यसमाथि तामाको कोला राखिन्छ । परालको चक्कालाई शेष नाग, घ्याम्पोलाई भैरव र कोलालाई महादेवको प्रतीक मानिन्छ । यसरी राखेको न्हेनुमा कपाली (त्वंजु) ले लिन आउने गर्छ । त्वंजुबाट सातै भागको अलिअलि राखी भुइमा एक ठूलो भाग राखिन्छ । आवश्यक पूजा गरी भुईमा राखेको भाग कुकुरलाई खान दिइन्छ ।[103] आजकल विभिन्न व्यवसायिक र अन्य कारणले न्हेनुमा लिन आउने कपालीहरु कमी भइसकेको छ । न्हेनुमा लिन जानु हुँदैन भनी जोगी समाजले निर्णय गरेको र निर्णयविपरीत लिन जानेलाई कारबाही गर्ने भनेको पनि सुनिन्छ । त्यसैले आजकल कुकुरले खाएपछि खोलामा बगाउने पनि गरिन्छ ।

---

[102] परिशिष्ट २ को फोटो नं. १८ हेर्नुहोला ।

[103] परिशिष्ट २ को फोटो नं. १९ हेर्नुहोला ।

कागको भाग न्हेनुमा पकाउनेबाट कसैले नछुने गरी निर्धारित घाटमा राख्न लगिन्छ । कागले नखाएसम्म अरु कसैलाई छुन पनि दिनुहुँदैन र फर्कनु पनि हुँदैन । कागलाई मृतकको रुपमा लिई कागले पहिले के लियो भन्नेमा चासो राख्ने गर्छन् ।

कुकुरलाई खान दिनुपर्ने र कागलाई खान दिनुपर्ने परम्परालाई संस्कारको रुपमा लिनु उपयुक्त देखिंदैन । खानेकुरा बाहिर राख्दा कुकुर र कागले खानु स्वाभाविक छ । कुनै बेला त्यसरी खाएकोलाई अहिले परम्पराको रुपमा कायम गर्दै आएको अनुमान गर्न सकिन्छ ।

ङान्हुमा गर्नेहरुले पिचामा पाँच भाग र अरु दुई भाग राख्छन् । पिचाको पाँच मृतकको लागि भनी न्हेनुमाभैं त्वंजुलाई दिइन्छ । अरु दुई भागमा एक भाग पाखाजा राखिन्छ र अर्को कागको भाग हो ।

न्हेनुमा र ङान्हुमा गोत्रअनुसार फरक हुने गर्छ । कश्यप गोत्र ( काशी गोत्र ) हरुको न्हेनुमा गर्ने र मंगोल गोत्र ( मान गोत्र) हरुको ङान्हुमा गर्ने गर्छन् ।

### ४ : ९ : ४ पाखाजा राख्ने ( छानामुनि भाग राख्ने )

सातौं दिनको राति बाटोमा बटुवाहरु आवतजावत नभएपछि अर्थात ११/१२ बजे भइसकेपछि मृत्यु भएको घरको मूल ढोका बाहिर छानामुनि जमिनमा न्हेनुमाको एक भाग राख्छ । त्यसलाई *पाखाजा* भनिन्छ । त्यो भागसँगै *सली* (पाला)मा बत्ती बाली राख्ने गरिन्छ । बत्तीलाई हावा छिर्ने गरी माटोको लुगा धुने भाँडो (अथः) ले छोपिन्छ । काठमाडौं, ललितपुरतिर छानामुनि भ्रुण्ड्याउने गरिन्छ । रातभरि राखी अर्को बिहान सबेरै काग नै नउठेको बेला खोलामा बगाउन लाने गरिन्छ ।

नेवार समाजमा मृतक आई पाखाजा खान आउँछ भन्ने विश्वास छ । छोपिराको बत्ती निभ्न लाग्दा या सानो भई जान्दा मृतक आएको ठानिन्छ । मुसाले भागको केही अंश खाए पनि त्यसलाई मृतक आई खाएको ठानिन्छ ।

### ४ : ९ : ५ भुलां राख्न जाने

मृत्यु भएको दिन भुलां राख्नको लागि लिइएको नापोअनृसार न्हेनुमाको दिन भुलां राख्न जाने गरिन्छ । ङान्हुमा गर्नेहरुको ङान्हुमाकै दिन भुलां राख्न जाने गर्छन् । भुलां राख्न जानको लागि जुठो परेका हुँदैन । त्यसैले भुलां राख्न जान ज्वाइँहरु जाने गर्छन् । मृतक

परिवारको बिर्ता जग्गा या मृतककै नाउँको बिर्ता जग्गा भए त्यसैमा भुलां राख्ने गरिन्छ । बिर्ता जग्गाको कुनै एक उपयुक्त ठाउँमा नापो लिइएको धागो फैलाएर राखिन्छ । धागोले ओगटेको जग्गा (भूमि) मा चारैतिरको माटो राखी अग्लो बनाउँछ । भुलां राखेको ठाउँमा पूजा गरी छाडिन्छ । भुलां राख्न प्रयोग गरेको कोदालीको बिंड समेत भुलांमा छाडी आउने चलन छ । भुलांमा कहिल्यै कुनै बाली लाउने गर्दैन र त्यसलाई खन्ने, बिगार्ने पनि गरिंदैन । भुलां खन्ने, बिगार्ने गरेमा त्यस व्यक्तिलाई दोष या दशा लाग्छ भन्ने भनाइ छ ।[104]

भुलां मृतकको नाउँमा छोडिने भूमिमात्र हो । भुलांलाई मृतकको स्मृति चिन्हको रुपमा लिन सकिन्छ । भुलांमा मृतक बस्छ भन्ने मान्यतालाई आजको युगले मान्दैन । तर त्यहाँ मुसा, सर्प, न्याउरीमुसा, भ्यागुतो आदि सुरक्षितसाथ बस्छन् । यसले एकातिर बाली लगाउने जग्गा कम गर्छ भने अर्कोतिर बाली नाश गर्ने जीवजन्तुलाई बासस्थान मिल्छ

## ४ : १० दूब्यंकेगु (जुठो फुकाउने) १० औं दिनमा गर्ने कार्य

मृत्यु भएको दशौं दिनमा गर्ने काजकियालाई “दूब्यंके” भनिन्छ । “दूं”को अर्थ दु:ख (जुठो) र “ब्यंकें” को अर्थ फुकाउने या शुद्ध गर्ने हो । “दूब्यंके” को अर्थ दु:ख मोचन गर्नु हो । “दूब्यंके” कार्यको लागि अघिलो दिन अर्थात् मृत्यु भएको नवौं दिन मृतक परिवार र फुकी (दाजुभाइहरुको परिवार) परिवारले आ-आफ्नो घर गोबरले लिपपोत गर्छन् । जुठो भाँडाकुडाँ माझी सफा गर्छन् तथा लुगाफाटाहरु धुने काम गर्छन् । भोलिको लागि चोखो राख्न राती भात पकाउँदैन ।

## ४ : १० : १ घाटमा गरिने काम

### ४ : १० : १ : १ कपाल खौरिने

दूब्यंकेको दिन फुकी परिवारका सबै पुरुषहरु (व्रतबन्ध भइसकेका) पहिले मृत्यु घरमा जम्मा हुन्छन् त्यस्तै महिलाहरु (बेलविवाह भइसकेका) पनि घरमा जम्मा हुन्छन् । बिहान घाम लागेपछि पुरुषहरु घाटमा जान्छन् । घाटमा उनीहरुको नापितबाट कपाल खौरिन्छ । सबैभन्दा पछि किया बस्नेको कपाल खौरिन्छ । कपाल मुन्डनपछि सबै खोलामा गई पिनाले नुहाउने गर्छन् । नुहाइसकेपछि नापितबाट चोख्याउने काम हुन्छ र सर्व खौ (*अमला र तिल)* ले फेरि नुहाउने गरिन्छ । त्यसपछि आगो तापी पुरोहितबाट संकल्प गरेको

[104] संस्कार सम्बन्धी अनुभवी शिक्षक शिवराम राजचलसंग मिति २०६३।०३।१५ गते भएको छलफल अनुसार ।

जलले छर्की चोख्याउने काम हुन्छ । अन्तमा पुराहितबाट पित्तलको ऐना देखाउने काम हुन्छ । मृत्युको दिनदेखि ऐना हेर्न बर्जित भएको यो दिनदेखि फुकिन्छ ।[105]

### ४ : १० : १ : २ घाटमा श्राद्ध गर्ने

"दूब्यंके" गर्ने दिन घाटमा दागबत्ती दिनेले श्राद्ध गर्नुपर्छ । श्राद्धको लागि भाँचा ( दिवाकर) ले घरबाट सबै आवश्यक सामान तयारी पारी घाटमा लाने गर्छ । श्राद्धको आवश्यक सामान जौ, तिल, पिना, दूध, गंगाजल, कुश, घुमको पात, भिजेका केराउ, मारि( रोटी), खाइसि, तलाय, भेलाय, फूल, माटोको महादेव र पूजा सामान एउटा ढकीमा राखी घाटमा लान्छ । राती "एकादशी" को लागि आवश्यक सामान पनि भाचाले नै छुट्याई घरमा छोड्ने गर्छ । घाटमा श्राद्धस्थल भाचाले नै तयार गरिन्छ । गोबरले लिप्न लगाई त्यसमाथि पोचुं (चामलको पीठो)ले देवस्थल, जलस्थल, दूधस्थल, पिण्डस्थलको मण्डल लेखिन्छ । काँचा (कालोमाटो) को महादेव बनाएर देवस्थलमा राखिन्छ । भाचाले आफनो काम सम्पन्न गरी घर फर्किन्छ ।

भाचाले ल्याएका सामग्रीहरु पुगे-नपुगेको हेरिसकेपछि पुरोहितले श्राद्ध कार्य थाल्छ । श्राद्ध गर्नेले दागबत्ती दिन्दा लगाएको ना काप (सेतो कपडाको बाला) टाउकोमा र कम्मरमा बाँडी दक्षिणतर्फ फर्की एक कसौडीमा भात पकाउँछ । पाकेको भात कोलामा राखी ३० वटा पिण्ड बनाउँछ । पुरोहितबाट पाठ गर्दै पूजा गराइन्छ र त्यसपछि पिण्ड चढाउने काम हुन्छ । दुवै हातको औंलामा कुश बाँडी पिण्ड अर्पण गरिन्छ ।[106] पिण्ड स्थलमा लहरै तीनवटा घुमको पातहरुमा क्रमशः बायाँ, दायाँ र बीचकोमा गरी ३० वटा पिण्ड चढाइन्छ । प्रत्येक पातमा १०/१० वटा पिण्ड रहेको हुन्छ । पिण्डदान र पूजा सबै सिधेपछि पहिला बायाँको पिण्ड भाग कोलामा राखी खोलापारि सेलाइन्छ ।[107] दायाँको खोलावारि र बीचको खोलाको बीचमा सेलाइन्छ । श्राद्ध गर्नेले श्राद्धपछि मात्र कपाल खौरिने र नुहाउने गर्छ । विनोदराज शर्माका अनुसार १० औं दिन घाटमा गर्ने श्राद्धको अर्थ मृतकको पूर्ण शरीरको परिकल्पना गरी सम्पन्न गर्ने प्रेतक्रिया हो । यो क्रिया बौद्धमार्गीहरुले सातौं दिनमा गर्छन् ।

---

[105] परिशिष्ट २ को फोटो नं. २१ हेर्नुहोला ।
[106] परिशिष्ट २ को फोटो नं. २२ हेर्नुहोला ।
[107] परिशिष्ट २ को फोटो नं. २३ हेर्नुहोला ।

### ४ : १० : १ : ३ बरखी पोशाक (सेतो पोशाक) दिने

मृत्यु भएको सातौं दिन (न्हेनुमाको दिन) काट्न दिएको सेतो पोशाक दूब्यंकेको दिनमात्र ल्याइन्छ । सबैले कपाल खौरी नुहाई शुद्ध गरेपछि पुरोहितको हातबाट सेतो पोशाक बरखी बार्ने सबैलाई प्रदान गरिन्छ । [108] बरखी पोशाकलाई ब्रत पोशाक पनि भनिन्छ । आफूले पहिले लगाई आएको सबै लुगा छोडी एक वर्षको लागि सेतो लुगा लगाउँछ । सबैको मत्युमा सेतो पोशाक लाउनु पर्दैन । बाबुको मृत्यु भएमा व्रतबन्ध गरिसकेका सबै छोराहरुले र मृतकका श्रीमतीले सेतो लुगा लगाउने गर्छन् । यदि सानातिना छोरा, *छोरीहरुको मृत्यु भएमा* सेतो लुगा लगाउने गर्दैन । श्रीमतीको मृत्यु भएमा श्रीमानले सेतो लुगा लगाउनुपर्छ भन्ने छैन । टोपी एउटा सेतो लगाउने चलन छ ।

बरखी वस्त्र वा सेतो लुगा लाउनु मृतकप्रति नतमस्तक हुनु हो । अर्को भाषामा भन्ने हो भने मृतकप्रति श्रद्धा गर्नु या श्रदाञ्जली अर्पण गर्नु हो ।  सेतो पोशाक व्रत पोशाक भएकोले बरखी बस्नु मृतक प्रति दु:खको व्रत बसेको मानिन्छ । मृत्यु एक सत्य हो । यस्तो दु:खद सत्यको सामु शिर झुकाउनु आवश्यक छ । सेतो पोशाकले यही बताउँछ ।[109]

सेतो वस्त्रलाई अशुभको चिन्हको रुपमा लिइने गर्छ । मृत्यु एक अशुभ हो । बरखी समयलाई अशुभको समय भनी चिनाउने  चिन्हको रुपमा लिन सकिन्छ । सेतो पोशाकले त्यसको आमा वा बाबु परलोक भएको जानकारी गरिन्छ ।

### ४ : १० : १ : ४ घाटबाट आएकालाई घर भित्र्याउने किया

घाटमा दूब्यंके कार्य सिध्याई घर आएकाहरु सरासर घर जान्दैनन् । उनीहरु पिखालाखुईमा बसिरहेका हुन्छन् । दागबत्ती दिनेको श्रीमती या "छवास" फाल्नेले थालमा च्यूराको भुस, मृतकको शरीरमाथि राखेको चक्कु, तीनवटा पाला (सली) मध्येमा एकमा बलेको गोल, दोश्रोमा कपास र अर्कोमा बत्ती राखेको थाल एक हातले र अर्को हातले पानीको भाँडो बोकी आउँछिन् । पानी, भुसले छर्की बीचमा बत्ती दुईतिर आगो र कपासको पाला राखी चक्कु दागबत्ती दिनेलाई दिइन्छ । यी कामपछि दागबत्ती दिनेले एक हातले दूधको र अर्को हातले पानीको भाँडा समाई दूध र जलधारा बगाउँदै मृतकलाई सवाय् राखेको ठाउँमा पुगेपछि दुवै भाँडो घोप्ट्याउँछन् ।

---

108 परिशिष्ट २ को फोटो नं. २४ हेर्नु होला ।
109 उपाध्याय, *पूर्ववत् पाद टिप्पणी नं. १,* पृ. ७० ।

थालमा राखी ल्याएको पालाको बत्ती मृतकलाई सबाय् राखेको ठाउँमा मृत्यु भएको दिनदेखि तेल थप्दै बाल्दै आएको हो । यो बत्ती ल्याएपछि मृत्यु स्थलमा बत्ती राख्नुपर्दैन ।

## ४ : १० : २ घरमा गर्ने कार्य

### ४ : १० : २ : १ महिलाहरुको दूब्यंके गर्ने

पुरुषहरुले घाटमा दूब्यंके (जुठो फुकाउन) गर्छन् भने महिलाहरुले घरमा दूब्यंके गर्छन् । सर्वप्रथम सबैले घर आँगनमा बसी पिनाले नुहाउने गर्छन् । नुहाउँदा एकछिन सबै रुने गर्छन् । त्यसपछि सबैले नापितबाट नङ छुवाइ दूब्यंके गर्छन् । घाटबाट पुरुषहरु घरमा आउँदा सबै महिलाहरु फेरि रुनुपर्छ ।

### ४ : १० : २ : २ चुलो फाल्ने

घरका मुली बाबु, आमा, बाजे, बज्यै परलोक हुँदा दशौं दिनमा घरको चुलो सबै फाल्ने चलन छ । भोलिपल्ट पुनः पहिलेकै ठाउँमा नयाँ चुलो बनाउने गरिन्छ । चुलो मृतकको काजकिया गर्ने छोरीको श्रीमानले बनाउनुपर्ने र नयाँ चुलोमा काजकिया गर्ने छोरीले आगो बाल्नु पर्ने मान्यता रहेको पाइन्छ ।

### ४ : १० : २ : ३ सोन्हचा (भऱ्याङ) राख्न जाने

दूबेंकेको दिन साँझ सोन्हचा राख्न जाने कार्य सम्पन्न गरिन्छ । सोन्हचा भनेको भऱ्याङ हो । यो नरकटको सात खुद्किला राखी बनाएको हुन्छ । भऱ्याङको सातवटा मध्ये एउटा खुड्किला निकालिएको हुन्छ । सोन्हचा राख्न जान्दा एउटा बःचा (बाँसको बुनेको)मा च्यूराको भुस, त्यसमाथि पालाको बत्ती र भऱ्याङ राखिन्छ । "*फोसी*"(*पैंयू)को* तीन हाँगा भएको लठीमा एउटा हाँगामा चामल, अर्कोमा च्यूराको पोको र अर्कोमा ३ वटा *कंचा* झुण्ड्याइन्छ । ३ वटा *कंचा*मध्ये एउटामा सियो, अर्कोमा अमिलो, अर्कोमा पानी राखिन्छ । *बचाः* पनि लठीमै झुण्ड्याई लगेको हुन्छ ।

ती सबै सामान ज्वाइँमध्ये जेठोले कसैले नदेख्ने गरी खास्टोले छोपेर लान्छ र परम्परादेखि जाने गरेको खोलाको पुलमुनि झुण्ड्याइन्छ । *सोन्हचा* राख्न जाँदा *फुकी* दाजुभाइ सबै जान्छन् । सोन्हचालाई सबैले पानी चढाई पूजा गरी फर्कन्छन् । यस कियालाई काठमाडौंमा जाप्वः खाय्गु (भातको पोको झुण्ड्याउने) भनिन्छ ।

*सोन्हचा* राख्न जान मृतक घरबाट निस्कन्दा *फुकी* परिवारका आइमाईहरु घरमा रुनु पर्दछ । सबै गइसकेपछि छ्वास फाल्नेले सबै घर बढारी धुलो कसिंगरको रुपमा *छ्वास*मा रुन्दै फाल्न जान्छ । उनी घर फर्केपछि सबैले मुख धोई केही खाएर निस्कन्छ । त्यसपछि एकछिन घर खाली गर्ने चलन छ ।

यसैले *सोन्हचा* राख्न गएकाहरु फर्कन्दा घरमा कोही हुनुहुँदैन भन्छन् । *सोन्हचा* राखी फर्केका पुरुषहरुले मृतकको घरमा गई खानुपर्ने चलन छ । साधारणतया च्यूरा, बारा, केराउको चटनी आदि ख्वाउने गरिन्छ ।[110]

### ४ : १० : २ : ४ एकादशा ब्वय्गु (एकादशा राख्ने)

मृत्यु भएको दशौं दिन रातीदेखि र एघारौं दिनको बिहानसम्म एकादशी राख्ने गरिन्छ । तिथिअनुसार एघारौं दिनलाई एकादशी भनिन्छ । दशौं दिनको अबेला अर्थात १२.०० बजेपछि एघारौं दिन गनिन्छ । एघारौं दिन एघार भाग राख्नेलाई एकादशा राख्ने भनिराखेको देखिन्छ । मृतकलाई सःवाय् राखेको ठाउँमा गोबरले लिपि एकादशा राख्ने गरिन्छ । बिहान भाचाले छुट्याएको रोटी, भिजेको केराउ र सम्हेज्वलंसमेत १० वटा टपरीमा राखिन्छ । एउटा ठूलो टपरी वा पातमा च्यूरा, *छुयाला, तःकोला, दायकाला,* बारा, भटमास, फुल, सिंगोमाछा राखी एक *भ्वय् ब्वः* (भाग) राखिन्छ । त्यसमा मिठाइ, फलफूल पनि राखिन्छ । बीचमा *भ्वय ब्वः* राखी चारैतिर १० वटा साना टपरीहरु राखिन्छ । साथै दूध, रक्सी, जलको गरी ११ *सली* राखिन्छ । पालाको तेल बत्ती बाली खाली छोड्ने गरिन्छ ।

एकादशी कार्यमा ११ भाग राख्ने चलन छ । यो दिन पनि कतिले स-साना पलङ्ग, झुल, भाँडाकुँडा, डाडू, पन्यू, थाल, करुवा, सिरक, दशना आदि दान दिने गर्छन् । मृतकको एक जोर नयाँ लुगा पनि दान सामग्रीमा राखिन्छ । त्यस्तो राख्न नसकेमा पित्तलको एउटा थाल र खास्टो एउटा अनिवार्य रुपमा दान गर्नुपर्छ भनिन्छ । अर्को बिहान सबेरै भाचाले यो सामान लिन आउँन्छ । आजकल भाचाले लिन आउँदैन परिवारजनले नै दिन जानुपर्छ ।[111]

---

[110] राजचल, *पूर्ववत् पाद टिप्पणी नं. ९,* र स्थलगत अध्ययनबाट ।

[111] संस्कार सम्बन्धी अनुभवी शिक्षक गणेश प्रसाद सुवालसंग मिति २०६३।१०।१६गते गरेको छलफलबाट प्राप्त जानकारी अनुसार ।

## ४ : ११  स्वं मोह ल्हुय्गु (नुहाउने) ११ औं दिनको कार्य

मृत्युको एघारौं दिन बिहान घाम लागेपछि १० औं दिनमा झैं पुरुषहरु घाटमा जान्छन् र नदीमा नुहाउँ.छन् । महिलाहरु घरमा जम्मा भई नुहाउंछन् । एघारौं दिन नुहाउनेलाई *स्वंमोह ल्हुयगु* भनिन्छ । काठमाडौं पाटनमा *निमोह* ल्हुय्गु भन्ने गरेको पाइन्छ । *निमोह*को अर्थ दोस्रो पटक नुहाउनु र *स्वंमोह*को अर्थ तेस्रो पटक नुहाउनु हो ।

### ४ : ११  : १ घाटमा नुहाउने

घाटमा गएका सबै पुरुषहरुले खोलामा नुहाउने गर्छन् । नुहाइसकेपछि आगो ताप्ने र पुरोहितबाट जल ग्रहण गरी शुद्ध हुन्छन् । क्रिया गर्नेले श्राद्धपछि मात्र नुहाउने र जल ग्रहण गरी शुध्द गर्ने गर्छ ।

### ४ : ११ : २ घाटमा श्राद्ध गर्ने

एघारौं दिनमा पनि क्रिया गर्नेले घाटमा श्राद्ध गर्नुपर्दछ । दशौं दिनमा भातबाट श्राद्ध गरिन्छ भने एघारौं दिनमा पीठोबाट श्राद्ध गरिन्छ ।[112]  श्राद्ध मण्डल दक्षिणतर्फ फर्की तयार गरिन्छ । गोबरले लिपि गंगाजल छर्की पुरोहितबाट चामलको पीठोले श्राद्ध मण्डल लेखिन्छ ।

जल, दूध सलीभरि राखी लेखेको श्राद्ध मण्डलमा राखिन्छ । त्यसपछि कोलामा पिठो मुछी पिठोको एक देवता बनाई देवस्थलमा राखिन्छ । पुरोहितबाट पाठ गर्दै पूजा गराइन्छ । त्यसपछि पिठोको एउटामात्र ठूलो पिण्ड बनाइन्छ । पिण्डमा तिल राखी मण्डलमा राखी पूजा गरिन्छ । पूजा सामान, केराउ, खाइसी टुक्रा चढाई पूजा सिध्याउँछ । त्यसपछि श्राद्ध गरेको सबै सामान कोलामा राखी श्राद्ध स्थल गोबरले लिपि शुद्ध गरिन्छ । श्राद्ध गरेको सबै खोलामा सेलाइन्छ । यस श्राद्धलाई "एक पिण्ड" श्राद्ध भनिन्छ ।

पुरोहित विनोदराज शर्माले ११ औं दिन घाटमा गर्ने श्राद्धको अर्थ एकादशाह क्रियाअन्तर्गत प्रेतत्वबाट देवत्वतिर मृतकलाई लग्ने प्रक्रियाको शुरुवात हो भन्नुभएको छ ।[113]

---

112  परिशिष्ट २ को फोटो नं. २६ हेर्नुहोला ।
113  पुरोहित विनोद राज शर्मासंग मिति २०६४।०२।१० गते लिएको लिखित अन्तर्वार्ताबाट ।

### ४ : ११ : ३ महादेवको पूजा गर्ने

मृत्यु भएको दिनदेखि दु:खमा परेकाहरु कुनै पनि देवस्थल, मन्दिरमा जानु हुँदैन भन्ने मान्यता छ । दूब्यंकेको दोश्रो दिन सर्वप्रथम महादेवको पूजा हुन्छ । दूब्यंके कार्यको अन्तमा दागबत्ती दिनेले महादेवको पूजा गरी दूध पानी चढाउँछ । चढाएको पानी सानो बातामा थापी पवित्र जल बनाइन्छ । यस जललाई पञ्चगव्य भनिन्छ । सो जल दुबोले सबै ठाउँमा छर्कदै बाटो पवित्र गर्दै सबै घर फर्कन्छन् । त्यही जलले मृतक घर र फुकीहरुको घरमा पनि छर्की शुद्ध गर्ने गर्छन् ।

### ४ : ११ : ४ घरमा आइमाई नुहाउने

एघारौं दिन आइमाईहरू घर आँगनमा नुहाई चोख्याउने गर्छन् । नुहाउँदा भाँडोले टाउकोमा पानी खन्याउने नुहाउने गर्छन् । यो दिन अरु बेला नुहाएभैंm बाटा, तपेस आदि भाँडामा पानी राखी टाउको डुवाएर नुहाउनु हुँदैन भनिन्छ ।

## ४ : १२ ल्हा पानिगु (हात चोख्याउने) १२ औं दिनको कार्य

मृत्यु भएको १२ औं दिनमा ल्हापाने (हात चोख्याउने) गरिन्छ । यस दिनलाई घःसु पनि भनिन्छ । १० औं र ११ औं दिनको कार्यले सबै शुद्ध भए पनि हात शुद्ध नभएको मानिन्छ । १२ औं दिनको क्रियाले मृत्युको दिनदेखि अशुध्द भइराखेका सबै चोख्याउने काम हुन्छ । यो दिन सःवाय् राखेको ठाउँमा यज्ञ गरिन्छ । सःवाय् राखेको ठाउँमा अरु कोही नजाओस् भनी एउटा घुम राखेको हुन्छ । १२ औं दिन त्यो घुम पन्छाई त्यस ठाउँमा गोबरले लिपी यज्ञमण्डल बनाइन्छ । पुरोहितबाट यज्ञमण्डलमा पोताचुं (चामलको पिठो)ले कलश, देवता, बत्ती, जल राख्ने स्थान र यज्ञ स्थान लेखिन्छ ।

गणेश र यज्ञको लागि मृत्यु घरमा संस्कार गर्ने छोरीबाट पूजा राखिन्छ । पुरोहितको संकल्पपछि गणेश र कुमारको पूजा जान्छ । मृत्युदिनदेखि नचलेको पूजा सो दिनदेखि चल्छ । कलश र देवताको पूजापछि यज्ञस्थलमा दुईवटा काँचो इँटा राखिन्छ । त्यस माथि ३२ टुक्रा दाउरा राखी आगो बालिन्छ । सो यज्ञमा घ्यू, कस्ती, धुप, पूजा सामान लगायत धान, जौ आदि राखिन्छ । यज्ञबाट आएको धुवांलाई पवित्र र शुद्ध गर्ने धुवांको रुपमा लिइन्छ । यज्ञको धुवाँ मृत्यु घरभरि जानुपर्छ भनिन्छ ।

सो यज्ञ पुरोहितबाट गराइन्छ । कतिको शिवाचार्य (तिनी बःजु) बाट र कतिको शाक्य बःजु (बज्राचार्य पुरोहित) बाट गराइन्छ । श्राद्धमा जस्तै निस्ला, सेरा राखिन्छ । सेरा भनेको करिब एक माना चामल र दाल, घिउ, नून, आलु छुट्टाछुट्टै टपरीमा राखिएको हुन्छ । त्यसमा हरियो तरकारी र दाउरा पनि राखिन्छ । निस्ला भनी पिठो,च्यूरा, चामल थाल वा टपरीमा राखी त्यसमाथि कुनै एक मिठाइ राखिन्छ । धान एक पाठी र चामल रहेको एक सानो बाटामा सुकुण्डा राखिन्छ । संस्कार गर्ने क्रियापुत्रले निस्ला पुरोहितलाई दिएपछि ल्हापाने शुरु गरिन्छ ।

घ्यू कस्ती हातमा लिई यज्ञमा सेकी टाउकोमा राख्छ र पुरोहितबाट दिएको कलशको जल जिउमा छर्किन्छ । त्यसपछि पुरोहितबाट सम्हेबजी (च्यूरा, भटमास, अदुवा, माछा) दिइन्छ । त्यसमा केही थपी मृत्यु भएको घरमै बसी खाइन्छ । यति गरिसकेपछि सबै किसिमले चोखो भएको मानिन्छ । त्यसपछि टोपी, जुत्ता, माछा, मासु, सबै फुकिन्छ । कुनै परिवारजनले ४५ दिनसम्म टोपी नलाउने र पूजाआजामा नजाने पनि गर्छन् ।

पुरोहित विनोदराज शर्मा भन्नुहुन्छ, १२ औं दिनको यज्ञ मृत्यु घरको खराब हावालाई पन्छाई घर परिवार एवं दाजुभाइहरुलाई समेत शुद्धिकरणको लागि गरिन्छ । [114]

नेवार समाजकै शाक्य, बज्राचार्य, नकर्मी, सःमी, पोडे, खड्की, रंजितकार, कपाली आदि जातिहरुको दुबेंके, स्वंमो ल्हुय्गु र ल्हापाने सबै कार्य न्हेनुमा (सातौं दिन) मा नै गरिन्छ । [115]

## ४ : १३ घर छोड्ने (१३ औं दिनको कार्य)

मृत्यु भएको १३ औं दिन मृतक परिवारले आफ्नो घर मानिस खाली गरी छोड्नु पर्छ भन्ने नेवार समाजको मान्यता रहँदै आएको छ । मृत्यु भएको घरका सबै परिवार घर छोडी जानुपर्ने भएकोले आइमाइहरुलाई आ-आफ्नो माईटीबाट र पुरुषहरुलाई मामाघरबाट लिन आउने गरिन्छ । आइमाईहरुलाई १३ औं दिनको बिहान सबेरै लिन आईन्छ । घर छोड्नको लागि आइमाईहरु एकछिन् रुने गर्छन् र नदीमा नुहाई माइतीमा जान्छन् ।

---

[114] शर्मा, *पूर्ववत् पाद टिप्पणी नं. १८* ।

[115] अगिव बनेपाली, *नेवाः संस्कृति र संस्कार (लेख संग्रह),* भक्तपुरः जगत लक्ष्मी स्मृति समाज, वि.सं. २०६३, पृ.१३६ र स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

माइतीघरमा पुगेपछि फेरि रुनुपर्ने चलन छ । पुरुषहरु नदी वा खोलामा नुहाई मामाघर जान्छन् ।

माइतीबाट र मामाघरबाट लिन आउने नभएमा घरबाट निस्की नदी वा खोलामा नुहाई मन्दिरमा देवता दर्शन गरी घर फर्कन्छन् । मृत्यु पछिको १३ औं दिन एकछिन भए पनि मृत्यु घरमा मानिसहरु खाली गर्नुपर्छ भन्ने सामाजिक धारणा छ ।[116]

## ४ : १४ लत्या (४५ औं दिनको तिथि)

नेवार समाजमा धेरैजसोले ४५ दिनमा "लत्या" गर्छन् । नेवारी भाषामा सारे एक महिनालाई "लत्या" भनिन्छ । "लछी" भनेको एक महिना र "त्या" भनेको आधा हो । एक महिना आधालाई "लत्या" भनिएको हो । साधारण बोलिचालीमा ४५ दिनको तिथिलाई नै "लत्या" भनिन्छ । लत्याको अघिल्लो दिन अर्थात् ४४ दिनमा मृत्यु भएको घरलगायत फुकी परिवारको घर गोबरले लिप्ने गर्छन् । लुगा धुने, भाँडाकुँडा सफा गर्छन् । लत्याको दिन शुध्द गर्न सो राती भातसमेत पकाउने गर्दैन ।

मृतक परिवार लत्याको लागि ५/६ दिन अगाडिदेखि नै तयारीमा लागेका हुन्छ । भोजको लागि आवश्यक सामान, श्राद्धको लागि आवश्यक सामान, दानपुण्यको लागि आवश्यक सामान जुताउने गर्छन् । लत्याको अघिल्लो दिनसम्ममा निम्ता गर्नुपर्ने सबैलाई निम्ता पुगिसकेको हुनुपर्छ । पहिले त प्रत्येक घरघरमा व्यक्ति नै पुगेर निम्तो बोलाउन जानु पर्थ्यो । श्राद्धको निम्तो, भोजको निम्तो गरी पटक-पटक बोलाउन जानुपर्थ्यो । आजकल निमन्त्रणा कार्डमार्फत खबर पुऱ्याउने गर्छन् । अझै कतिले टेलिफोनबाट मात्र निमन्त्रणा गर्ने पनि चलन आइसकेको छ ।

नेवार समाजमा लत्यालाई गर्नैपर्ने महत्वपूर्ण काजकियाको रुपमा लिइराखेको छ । तर बज्राचार्य, शाक्यहरुमा यो लत्याकिया ४५ दिनमा नै गर्नुपर्छ भन्ने छैन । ४५ दिनमा या ३ महिना, ६ महिनामध्ये कुनै एक समयमा लत्या गरी आवश्यक सबैलाई भोज बोलाउने

---

[116] राजचल, *पूर्ववत् पाद टिप्पणी नं. ९* ।

गरिन्छ ।[117] ४५ दिनलाई लत्या भनिए पनि मृत्यु भएको १३ औं दिनमा लत्या गर्नेहरु पनि छन् । काश्यप गोत्रकाले ४५ दिनमा र मंगोल गोत्रकाले १३ दिनमा लत्याक्रिया गर्छन् ।

लत्याको पहिलो कार्य पुरोहितबाट श्राद्ध गरिन्छ । मृतकलाई दान गर्ने भनी मानिसको लागि अति आवश्यक हुने सबै वस्तुहरु दान गरिन्छ । त्यसपछि आफ्नो नाताकुटुम्ब, इष्टमित्र, छरछिमेक, सबैलाई भोज ख्वाउने गरिन्छ । मृत्युको दिन सहयोग गर्ने, मलामी जाने, बिचः जाने (दु:ख मनाउन जाने) समेतलाई भोज बोलाउनुपर्छ भन्ने मान्यता छ । तर मलामी जानेहरुलाई बोलाउनै पर्छ भन्ने छैन ।

लत्याको दिन बिहानदेखि आयोजकहरु कार्यमा लागेका हुन्छन् । कोही श्राद्ध गराउनको लागि चाँजोपाजो मिलाउन, सामान जुताउन लागेका हुन्छन् भने कोही भोजको लागि आवश्यक सामान जुताउन लागेका हुन्छन् । घरपरिवार, फुकी सबैले नापितबाट व्यंके गरिन्छ । लोग्नेमानिसहरुले कपाल खौरिने, दारी काट्ने, आइमाईहरुले नङ काट्ने आदि गर्छन् । सबैले कपाल नखौरे पनि श्राद्ध गर्ने घरमुली बुढापाकाहरुले खौरिने गर्छन् ।

श्राध्द गर्न पहिले काजक्रिया गरेकै ठाउँमा गोबरले लिपि शुध्द गरिन्छ । पुरोहितबाट त्यस ठाउँमा पोचुं (चामलको पिठो)ले मण्डल लेखी श्राद्ध स्थल तयार गरिन्छ । श्राद्धको लागि र गणेशको लागि तयार गरेको पूजा पुरोहितको संकल्पपछि गणेश र कुमारको पूजा गरिन्छ । सो पूजामा भेडाको बलि दिइने गर्छ । पुरुषको भए भेडा र महिलाको भए भेडी बली दिइन्छ । भेडा नभए कुखुरा या कुखुरी बली दिइन्छ । लत्यादेखि देवताहरुमा बलि चढाउन फुक्का भएको मानिन्छ ।

ल्हापानेको दिन झैं ४५ दिनको श्राद्धमा पनि कलश स्थापना गर्ने गरिन्छ । जल, गाईको दूध, भैसीको दूध, बत्ती, धुप यथास्थानमा राखिन्छ । श्राद्ध गर्ने क्रियापुत्रलाई कोलामा पिठो मुछ्न लगाउँछ । सर्व प्रथम पिठोको देवता बनाउन दिई देवस्थानमा राखिन्छ । कलश स्थापना गरी देवताको पूजा गरिन्छ ।

सर्वप्रथम मृतकको हजुरबाजे, बाजे, बाको पिण्ड बनाई पिण्ड स्थानमा क्रमशः राखिन्छ । त्यसको तल मृतकको पिण्ड राखिन्छ । विधिअनुसार पिण्डको पूजा गरी मृतकको पिण्डलाई कुसले तीन टुक्रा गरी मृतकको हजुरबाजे, बाजे र बाको पिण्डमा क्रमशः एक

[117] शि. सुन्दरमान शाक्य र कमला बज्राचार्यसंग मिति २०६४।०१।२५गते भएको छलफलबाट प्राप्त जानकारी अनुसार ।

एक टुक्रा राखी जोडिन्छ । यसो गर्नुलाई स-पिण्ड जोड्ने भनिन्छ । यसको अर्थ मृतकलाई आफ्नो पुर्खौलीमा जोड्नु हो ।[118] तसर्थ लत्याको श्राद्धलाई लीनपिण्डको किया भनिन्छ ।

पिण्डहरुको विधिपूर्वक पूजा सिध्याई पुरोहितबाट सबै निस्ला, सीरा र दान सामान संकल्प गर्दै ग्रहण गरिन्छ । सत्वतारा बज्र बज्राचार्यका अनुसार स्वपिण्डलाई सपिण्ड, समापिण्ड, समानुतर पिण्ड, लीनपिण्ड आदि भनिन्छ । स्वपिण्ड जोड्ने भनेको दिवंगत भएकालाई पुस्ताको लगतमा राख्नु हो । दिवंगत भएकालाई पुस्ताको लागतमा राखेपछि उनी पिण्डयोग्य हुन्छ । उनको नाउँमा पिण्ड चढाउन योग्य हुन्छ ।

नेवाः बौद्ध समाजमा पुर्खौली भनी वृद्धपितामहलाई बुद्ध, प्रतिपितमहलाई धर्म र पितामहलाई संघ मानी तीनवटा पिण्ड राखिन्छ । त्यसपछि मृतकको पिण्ड पनि राखिन्छ । त्यसलाई मूल पिण्ड भनिन्छ । विधि विधानअनुसार पूजा गरी मृतकको पिण्डलाई सुन र चाँदीको ज्यावलले तीन टुक्रा गरी बुद्ध, धर्म र संघको नाममा राखेको तीनवटा पिण्डमा एक-एक टुक्रा समाहित गरिदिन्छ ।[119]

लत्यामा सबभन्दा बढी दान गरिन्छ । दान गरेका सबै कुरा मृतकलाई जान्छ भनिन्छ । श्राद्धपछि दान गरेका सबै सामानहरु पुरोहितको घरमा पुऱ्याउने गरिन्छ ।

पुरोहित विनोदराज शर्माका अनुसार ४५ दिनमा गर्ने कियाको नाउँ सपिण्ड श्राद्ध हो । मृतकका ४ पुस्तेसँग अर्थात् बाबु, बाजे, बराजे या आमा, बाजे, बा, बराबजेसँग पिण्ड जोड्ने कार्यलाई सपिण्ड जोड्ने भनिन्छ । जसको अर्थ मृतकका ३ पुस्ता माथिसम्मका पुर्वजहरु (पितृहरु) सँग मिल्न जाने, पितृलोकमा सम्मिलित हुने क्षमता प्राप्त हुनु हो । यो दिनदेखि कियापुत्रले ३ पुस्ताको क्रमिक नाउँ लिंदै श्राद्ध गर्नुपर्ने परम्पराको शुरुवात हुन्छ ।[120]

मानवीय जीवन बिताउनको लागि आवश्यक सबै कुराहरु लत्यामा दान गरिन्छ । सबै कुरा मृतकको नाममा दान गरिन्छ । मृतकलाई एक वर्षको लागि चामल ३६० मुठी, जलदान ३६० घैटा, सुत्न तथा बस्नको लागि खाता, सुकुल, दशना, सिरक, तन्ना, सिरान,

---

118 शर्मा, *पूर्ववत् पाद टिप्पणी नं. १८* र स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

119 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पृ. १८ ।

120 शर्मा, *पूर्ववत् पाद टिप्पणी नं. १८* ।

झुल राख्छन् । लाउनको लागि एकजोर पोशाक, छाता, जुत्ता, पकाउनको लागि चुलो, दाउरा, पित्तलको २ वटा कसौडी, डाडूपन्यू, खानको लागि थाल, पानीको लागि आँखोरा राखिन्छ । बुढाबुढीलाई चाहिने खकार भाँडा, पिउनको लागि बटुको, ऐना, काँगियो तथा अन्य सामानहरु राख्ने गर्छन् । कतिले सुनको औंठी पनि दान गर्ने गर्छन् । यी सबै सामानहरु पुरोहितलाई दान गरिसकेपछि श्राद्धका सबै पिण्डहरु कोलामा राखी नदीमा सेलाउन लगिन्छ ।

श्राद्ध हुँदै गर्दा न्हेनुमा पकाउनेले जुगीजा (कपालीलाई दिने भात) दिन सबै कुरा पकाउने गर्छ । त्यसको लागि घासा, मासु, गेडागुडी र मिठाइसमेत तयार गरिन्छ । सबै तयार भएपछि पाँच भागमा राखिन्छ । एक भाग नदीको लागि जसलाई निबो भनिन्छ । अर्को चार भाग पितृ भाग हो । श्राद्ध गरेको नदीमा सेलाउन लान्दा संगै निब्बो लगिन्छ । त्यसपछि चार भाग कुमार स्थानमा त्वंजू (कपाली) लाई दिइन्छ ।

नदीमा पिण्ड विसर्जनपछि महादेवलाई पूजा गरी जल चढाउने गरिन्छ । लत्याको दिनदेखि एक वर्षसम्म प्रत्येक दिन महादेवको पूजा गरी जल चढाउनुपर्ने हुन्छ । घाटबाट घर फर्केपछि गणेश देवतामा बलि चढाएको बाहांको छुयाला, भटमास, अदुवा तथा अन्य तरकारी राखी सबै फुकी दाजुभाई परिवार बसी सम्हे खाने गरिन्छ । त्यसपछि सर्वप्रथम फुकीहरु बसी भोज खाइन्छ । भोजमा किया गर्ने सबभन्दा माथि बस्छ ।

केटा मान्छेलाई व्रतबन्ध गर्दा र केटीलाई बेलविवाह गर्दा पनि तिनीहरुलाई नाइके भन्दा माथि राखी भोज खाइन्छ । ती भोजमा बाहांको मुख्य स्यू (टाउको) सबभन्दा माथि बस्नेलाई नै दिइन्छ । त्यसको अर्थ त्यो भोजमा नाइकेलाई भन्दा काम गर्नेलाई महत्व दिइराखेको पाइन्छ ।

भोजको अन्त्यमा कलावाय् (भोजको जुठो फाल्ने) गरिन्छ । त्यो दिनको कलावाय् गर्ने कार्य न्हेनुमा पकाउनेबाट नै गरिन्छ । २ वर्षसम्मको काजकियाको कलावाय् पनि उनीबाट नै गरिन्छ । अन्य काजकियाको भए फुकीमध्येका नकीं (वृद्धा) ले कलावाय् गरिन्छ । कलावाय् गर्ने पनि विधिपूर्वक गर्नुपर्ने हुन्छ । नेवार समाजमा प्रायः सबैको कलावाय् गर्ने विधि एकै किसिमको हुन्छ । तर साधारण एक दुई कुरा फरक भएको पाइन्छ ।

कलावाय् कार्य सकिएपछि भोजको निम्ता गरेका नाताकुटुम्ब, टोल छिमेक, साथीभाइ इष्टमित्रहरुलाई भोज ख्वाउने कार्य गरिन्छ । लत्याको भोजमा मृत्यु कार्यमा सघाउने टोलबासीहरु, गुठीयारहरु र दाफाभजनलाई समेत बोलाई भोज ख्वाउने पनि गरिन्छ ।[121]

लत्याजस्तो श्राद्धको भोजमा निम्ता भएपछि जानै पर्छ नगए दशा लाग्छ भन्ने सामाजिक मान्यता छ । तर आजकल नयाँ मान्यताको विकास भएको छ । लत्या, खुला (६ महिने), दाकिला (१ वर्षे) आदि मृत्युको दुःख भोज हुन्, त्यस्तोमा भोज जानु दुःख भएकालाई झन् दुःख दिनु हो । त्यसैले दुःखको भोजमा जानु हुँदैन भन्ने नयाँ मान्यता विकास भएको छ ।

वास्तवमा मृत्यु एक दुःखद घटना हो । त्यस्तो दुःखद घटनामा धेरै खर्च गर्नुपर्ने किसिमको काजकिया, भोजभतेर जस्तो कार्य गर्न नहुने हो । मानिस बिरामी भएर उपचारको लागि निकै धनसम्पत्ति खर्च गरिसकेको हुन्छ । मृत्यु हुँदा फेरि खर्च गरेर काजकियाको भोजभतेर गर्नु व्यवहारिक देखिंदैन । त्यसलाई निरुत्साहित गर्नुपर्छ । त्यसैले आजका युवाजगतले मृत्युको भोजमा नजाने भन्ने ल्याएको मान्यता मनासिव देखिन्छ । कतिपय गुठीहरुमा पनि मृत्यु कार्यको भोज नजाने निर्णय गरिसकेको सुनिन्छ । त्यस्तै दाफा भजन र टोलबासीहरु पनि त्यस्तो भोजमा नजाने टुंगोमा पुगिसकेका छन् । सबै क्षेत्रमा त्यस्तो काम हुँदै गए मृतक परिवारलाई केही राहत मिल्न जानेछ ।

## ४ : १५ स्वलाया क्रिया (तीनमहिने क्रिया)

लत्या (४५ दिने) क्रिया गर्नेले तीन महिनाको क्रिया गर्नुपर्दैन । काठमाडौं पाटनका बज्राचार्य, शाक्यहरुले लत्या गर्नुपर्दैन । उनीहरुले तीन महिनामा लत्याजस्तै श्राध्द गर्ने गर्छन् । यो तीनमहिने कार्यमा बज्रयानी परम्पराअनुसार पञ्चशाली पूजा गरिन्छ र यसमा चर्यागीतसमेत गाउँदै पूजा गरिन्छ । मृतकको नाममा पिण्डदान गरी हुने पूजामा “मायाजाल” नामको चर्यागीत गाइन्छ । यस गीतमा सबैले एकदिन यो संसार त्याग्नुपर्छ,

[121] सिः गुठिका नाइके इन्द्रवहादुर दुवालसंग मिति २०६३।०१।२० गते मौखिक रुपमा लिइएको अन्तर्वार्ता अनुसार र स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

आफ्नो परिवार सम्पत्ति, माया, मोह सबै त्याग्नुपर्छ, यो नियम सबैले पुरा गर्नुपर्छ भन्ने विषय उल्लेख छ ।[122]

## ४ : १६ खुला (६ महिने क्रिया)

मानिस परलोक भएको ठीक ६ महिनाको दिन गरिने क्रियालाई खुला भनिन्छ । खुला भनेको ६ महिना हो । नेवार समाजको संस्कारमा खुला अनिवार्य रुपमा गर्नुपर्ने क्रिया हो । तर शाक्य, बज्राचार्यहरुले खुला गर्नुपर्दैन । धनी, गरिब, ठूलो, सानो सबैले गर्नुपर्ने यस खुला क्रियालाई ठूलो र सानो तरिकाबाट गर्न सकिन्छ । ठूलो तरीका भन्नुको अर्थ धेरैलाई भोज बोलाउनु र सानो भन्नुको अर्थ थोरैमात्र बसी सिध्याउनु हो । ठूलो सानो जसरी गरेपनि मृतकको काजक्रिया भन्ने एकै किसिमले गरिन्छ । जो खर्च गर्न सक्षम हुन्छ, उसले आफ्ना सबै नाताकुटुम्ब, छरछिमेक, इष्टमित्र, साथीभाइ सबै बोलाई भोज ख्वाउने गर्छ । जसले सक्दैन, उसले नर्भ नहुने छोरी, बुहारी, फुकी परिवारमात्र बसी क्रियाकर्म गरिन्छ । खुलामा सबै बोलाउनुपर्छ भन्ने अनिवार्य छैन । खुला गर्नको लागि मृत्यु परिवारले १०/१५ दिन अगाडि नै के कसरी गर्ने सरसल्लाह गरी निर्णयमा पुगेको हुन्छ । सबैलाई बोलाई गर्ने भए त्यहीअनुसार सरसामानको व्यवस्था र तयारी गरिन्छ ।

खुलाको १/२ दिन अगाडि छोरी, ज्वाइँहरु बोलाई निम्तो दिने र कामको जिम्मेवारी विभाजन गरिन्छ । अघिल्लो दिनसम्ममा सबै नाताकुटुम्ब, इष्टमित्र, छरछिमेक सबैलाई निम्तो पुगिसकेको हुनुपर्छ । साथै आफ्नो जजमानहरु नापित र पुरोहितलाई बोलाउन जानुपर्छ । खुलाको अघिल्लो दिन मृत्यु परिवारलगायत सबै फुकीहरुले लुगा धुने, घर लिप्ने, भाँडाकुँडा माझ्ने काम गर्छन् । सो दिन रातको भात छोड्ने गरिन्छ ।

खुलाको दिन बिहान सबेरै नापितबाट चोख्याउने गरिन्छ । पूजा सामान र श्राद्धको सामान तयार गरिन्छ । सबै फुकी र नाताहरुले पेकी(श्राद्ध गर्न नाताहरुले लाने पूजा सामान) भनी थालमा केही पीठो, चामल, च्यूरा, दूध र फूल राखी मृत्यु घरमा ल्याइन्छ । त्यही पिठोबाट श्राद्ध गर्ने गरिन्छ ।

पुरोहित आउनु भन्दा अगाडि श्राद्ध स्थल गोबरले लिपि सफा गरिन्छ । पुरोहितले श्राद्धस्थलमा पोचुंबाट रेखाचित्र तयार गर्छ । गणेश र श्राद्धको लागि पूजा तयार भएपछि

---

122 बज्राचार्य, *पूर्ववत् पाद टिप्पणी नं. २,* पु.७४ ।

पुरोहितबाट संकल्प गरी गणेशको पूजा पठाइन्छ र श्राद्ध कार्य शुरु गरिन्छ । देवताहरुको पूजा गरी मृतकलगायत ४ पुस्ताको पिण्ड राखी विधिअनुसार पूजा गरिन्छ । खुलामा अन्य श्राद्धमा झैं सीरा, निस्ला दान गर्ने गर्छन् । त्यसबाहेक पित्तलको *खोला* -वटुको) मा पानी राखी त्यसमा चाँदीको डुङ्गा राखी दान गर्नुपर्छ । साथै लत्यामा बलिदिएको भेडाको ऊनले बुनेको खास्तो दान गर्नुपर्छ भनिन्छ । तर आजकल त्यही भेडाको खास्तो बनाउन नसक्ने भएकोले अन्य खास्तोमा भेडाको ऊन राखी दान गर्ने गरिन्छ ।

श्राद्धको काम सिधेपछि सबै कोलामा राखी आवश्यक पूजा गरी खोलामा सेलाउन गइन्छ । खोलामा जाँदा सबभन्दा पहिला निब्व (कागको भाग), त्यसपछि नाबाटा (पानीको भाँडा) अनि श्राद्ध सामान क्रमशः लगिन्छ । त्यसको पछाडि फुकीहरु जाने गरिन्छ । घरमा कपालीलाई जुगी ब्वः दिइन्छ । आजकल जुगी ब्वः लिन आउनेहरु छैन भने पनि हुन्छ । काम तथा अन्य कारणले कपालीहरु लिन आउँदैनन् । जसले गर्दा जुगी ब्वः पनि खोलामा फाल्न लाने चलन विकास भइआएको पाइन्छ ।

श्राद्ध सेलाउन गएकाहरु घर आएपछि सम्हे खाने गरिन्छ । लत्यामा झैं दागबत्ती दिनेमाथि राखी फुकीहरुले सम्हे खान्छन् । त्यसपछि भोज खाई  कलावाय् गरिन्छ । कलावाय् न्हेनुमा पकाउनेबाट  गरिन्छ । यति काम सिधेपछि निम्ता दिएकाहरुलाई भोज ख्वाउन थाल्छ । सबै नाताकुटुम्ब, साथीभाइहरु छरछिमेकहरुलाई भोज ख्वाइसकेपछि खुला कार्य सिधिन्छ ।[123]

## ४ : १७ दाकिला (१ वर्ष)

लत्या, खुलाझैं देहावसान भएको एक वर्षमा गर्ने क्रियालाई दाकिला भनिन्छ । दाकिला बार्षिकीको नेवारी शब्द हो । नेवार समाजमा दाकिलालाई अनिवार्य गर्नैपर्ने मृत्यु संस्कारको रुपमा लिइन्छ । दाकिला खुलाजस्तै सानो गरी गर्नुहुँदैन । दाकिलामा आफ्ना सबै नाताकुटुम्बहरु अनिवार्य निमन्त्रणा गर्नुपर्दछ । आर्थिक अवस्था कमजोर भएकाले खुला (६ महिना)को क्रियामा सबै नाताकुटुम्बहरुलाई निमन्त्रणा गर्नुपर्दैन । तर दाकिलाको क्रियामा बोलाउनै पर्ने हुन्छ । यदि निमन्त्रणा गरेन भने नाता नै तोडिन सक्छ । धेरै खर्च गर्न सक्षम

[123] शिक्षक शिवराम राजचल, राम प्रजापति र रामशरण खानीबञ्जारबाट प्राप्त जानकारी अनुसार ।

भएकाहरुले नातालगायत इष्टमित्र, छरछिमेकी र गुठी भजनलाई समेत बोलाई भोज ख्वाउने गर्छन् ।

दाकिला गर्नको लागि मृतक परिवार १०/१५ दिन अगाडिदेखि आवश्यक सामानहरु व्यवस्था गर्न लागिरहेका हुन्छन् । निमन्त्रणा कार्ड तयार भइसकेपछि २/३ दिन अगाडि छोरी, ज्वाइँहरु भेला गरी कार्ड लेख्ने र वितरण गर्ने काम हुन्छ । पहिले कार्डको व्यवस्था नभएको हुँदा प्रत्येक परिवारलाई २/३ पटक निम्ता गर्न जानुपर्ने थियो । आजकल कार्डको व्यवस्थाले कुनै माध्यमबाट १/२ दिन अगाडि कार्ड पुऱ्याए पुग्छ । दाकिलाको अघिल्लो दिन छोरी, ज्वाइँ र फुकी परिवारहरु भेला हुन्छन् । दाकिलाको दिन गर्नुपर्ने सबै कामको जिम्मा लगाउँछन् । नापित र पुरोहितलाई खबर गर्न जान्छन् ।

दाकिलाको दिन बिहानदेखि आ-आफ्नो जिम्माअनुसारको काम शुरु हुन्छ । फुकीहरुले नापितबाट ब्यंके गरिन्छ । श्राद्ध गर्ने र जुगी जा पकाउनेले नुहाएर ब्यके गर्नुपर्दछ । श्राद्ध गर्नेले अघिल्लो दिनमै एकछाके बस्नुपर्दछ । अति नजिकका नाता तथा फुकीहरुले बिहानै पेंकी राख्न ल्याएको हुन्छ । पेंकी भनेको श्राद्ध गर्न आवश्यक पिठो, अक्षता र फूल हो । पुरोहित आउनु भएपछि श्राद्ध स्थल गोबरले लिपि सफा गरिन्छ । पुरोहितबाट श्राद्ध स्थलमा चामलको पिठो (पोता चुं)ले रेखाचित्र लेखी पूजा शुरु गरिन्छ । पुरोहितबाट संकल्प गराई गणेश र कुमारको पूजा जान्छ । श्राद्ध गर्नेले पहेंलो धोती र उत्री ( राम राम लेखिराखेको पहेंलो कपडाको बाला) लगाई पीठो मुछी पुरोहितको निर्देशनमा श्राद्ध गर्छ । आवश्यक पिण्ड दान तथा पूजा सिधेपछि निस्ला दान गरिन्छ र त्यसपछि सबै पिण्ड र पूजा गरेको कोलामा राखी नदीमा सेलाउन लगिन्छ । यसरी श्राद्ध गरेको नदीमा सेलाउन लाने कार्यलाई पेकीं वाय् यंकेगु भनिन्छ ।

दाकिलामा पनि लत्या, खुलामा झैं न्हेनुमा पकाउनेले जुगी ब्वः तयार गरेको हुन्छ । जसमध्ये एक निबो पेकिसँगै खोलामा राख्न लगिन्छ र बाँकी ४ वटा जुगी ब्वा कपालीलाई बोलाई दिने गरिन्छ ।

घाटमा गएकाहरु घर फर्केपछि फुकीहरु बसी सम्हे खाइन्छ । त्यसपछि भोज खाई कलावाय् गरिन्छ । यसमा पनि लत्या, खुलामा झैं दागबत्ती दिनेलाई माथि राखिन्छ र नेन्हुमा जा पकाउनेलाई नै कलावाय् गर्न पठाइन्छ । यति काम सिधेपछि घरमा भएका सबैले भोज खाने गरिन्छ । निम्ता गरेकाहरु आएपछि सबैलाई भोज ख्वाउने काम सिध्याई दाकिला कार्य सम्पन्न गरिन्छ ।

मनमासको वर्षमा दाकिला पर्दा दुई पटक गर्नुपर्ने हुन्छ। मृत्यु भएको तिथिले एक वर्ष पुरा भएको दिन र मनमास महिनाले तिथि परेको दिन दुई पटक गर्ने गर्छ। एक पटक राम्रोसँग गर्छ र दोस्रोपटक २/४ जना बसी आवश्यक काममात्र सम्पन्न गर्छ।[124] एक वर्षसम्म गरिने विभिन्न काजक्रियाहरुमा मृतकको नाउँमा विभिन्न वस्तुहरु दान गर्ने गरिन्छ। अनुभवि पुरोहित श्री जीवनराज राजोपाध्यायका अनुसार मानिस मृत्यु भइसकेपछि पितृ बन्छ। पितृ विभिन्न स्थानमा पुगी भोग गरिरहेको हुन्छ। उक्त स्थानहरुबाट मुक्त दिनको लागि मृतकको नाउँमा काजक्रिया र दान गर्नुपर्ने हुन्छ।[125]

## ४:१८ बरखी फुकाउने

मृतकका छोराहरुले र मृतकका श्रीमतीले एक बर्षसम्म लगाएको सेतो पोशाक दाकिलाको दिन फुकाउने गरिन्छ। दाकिलाको दिन गरिने श्राद्धको अन्त्यमा पुरोहितबाट नयां पोशाक ग्रहण गरी बरखी फुकाउने गरिन्छ। त्यस्तै बर्ष दिन छोड्दै आएको ल्वाङ, सुपारी, पान आदि पुरोहितबाट ग्रहण गरी फुकाउने गरिन्छ।

## ४ : १९ तेल फुकाउने (तेल राख्ने)

नेवार समाजमा तेललाई सिंगारको साधनको रुपमा लिने गरिन्छ। त्यसैले दुःख पर्दा या मृत्यु हुँदा मृत्यु परिवारले र छोरीहरुले एक वर्षसम्म तेल बर्जित गरिराखेको हुन्छ। तेल बर्जित गर्नु भन्नुको अर्थ तेल नखानु चाहिं होइन, तेल लगाउनेमात्र नगर्नु हो। तरकारी तथा अन्य खाने कुरामा भएको तेल खान नहुने होइन। एक वर्षसम्म छोडिराखेको तेल फेरि लिनलाई विधिपूर्वक लिने गरिन्छ। दाकिलाको भोलिपल्ट अर्थात् एक वर्ष पूरा भएको भोलि तेल राख्ने गरिन्छ। तेल राख्ने दिनमा नजिकका नाताहरुबाट निम्नअनुसारको भोजनका सामानहरु लगिने गरिन्छ :-

च्यूरा - १ पाठी
बारा - १६ वटा
तेल- केही
सिंके, कडासा, प्याक्सा - केही
मासु - केही किलो
गेडागुडी - २/३ माना
दही - १ वटा

124 राजचल, *पूर्ववत् पाद टिप्पणी नं. २८*।
125 परिशिष्ट १ हेर्नुहोला ।

साँझ सबै परिवार, फुकी र छोरी नाताहरु सबै भेला हुन्छन् । घरका र फुकी परिवारका आइमाईहरु रुन्छन्, छोरी नाताहरुले सबैको टाउकोमा तेल राख्दै सुमसुम्याउँछन् र हातमा कों वा पिठो राखिदिन्छन् । त्यस पिठोले हात धुन्ने गर्छ । तेल राख्ने काम सिधेपछि सर्वप्रथम छोरी नाताहरुले ल्याएको मृतकलाई भाग राखिन्छ । त्यसपछि सबैलाई भोजन गराइन्छ । मृतकको भाग भोलिपल्ट त्वंजु (कपाली) लाई दिइन्छ । यो क्रियापछि बर्षदिनदेखि बार्दै आएको तेल फुक्का हुन्छ ।[126]

## ४ : २० नेदा (२ बर्ष तिथि)

६ महिनाको दोब्बर एक बर्षमा, एक वर्षको दोब्बर दुई बर्षमा तिथि गरिन्छ । व्रतबन्ध भएका केटाहरु र बेलविवाह (इहि) भएका केटीहरु मृत्यु भएमा २ वर्षसम्मको सबै क्रिया अनिवार्य गर्नुपर्दछ । ब्रतवन्ध नभएको केटा र बेलविवाह नभएका केटीको मृत्यु भएमा २१ दिन सम्ममा सबै काजक्रिया सिधिन्छ । यिनीहरुको श्राद्धसमेत गर्नुपर्दैन ।

दुई वर्षमा गर्ने क्रिया (श्राद्ध) लाई "दुईबर्षे तिथि" भनिन्छ । दुई वर्षको तिथि एक वर्षमा गर्ने दाकिला जस्तै गरिन्छ । एक दिनअगाडि सबै फुकी परिवारले घर लिप्ने र सफा गर्ने गर्छन् । रातीको भात पकाउने गर्दैन । श्राद्ध गर्ने एकछाकी बस्छ । आफ्नो नाता तथा साथीभाइहरुलाई निमन्त्रणा पुर्‍याउने गरिन्छ ।

दुई वर्षको तिथिको दिन बिहान सबै नाता तथा फुकीहरुबाट पेकी राख्न ल्याइन्छ । नापितबाट ब्यंके गरिन्छ र पुरोहितबाट श्राद्ध गराइन्छ । श्राद्धको काम सिधेपछि नदीमा पिण्ड सेलाउने, जुगी ब्वोः कपालीलाई दिने, फुकीहरुले सम्हे खाने, भोज खाई विधिपूर्वक कलावाय् गरिन्छ । नाताकुटुम्ब तथा इष्टमित्रहरुलाई भोज ख्वाई तिथि सम्पन्न गरिन्छ ।

दुई वर्षको क्रिया नसिध्याएसम्म मृतकको नाउँमा कसैले कुनै पिण्ड दान गर्नु हुँदैन भनिन्छ । सोह्र श्राद्ध गर्दा पनि दुईवर्षे क्रिया नसिधेका मृतकको नाउँमा पिण्ड दान गरिंदैन । दुईवर्षे क्रिया सिधेपछि मृतकको नाउँमा पिण्डदान गर्न योग्य हुन्छ र श्राद्ध गर्दा पिण्ड दान गरिन्छ ।

[126] स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

दुई वर्षको क्रिया सिधेपछि मृतकको स्मरण टाढा हुँदै जान्छ । कसैकसैले तेस्रो वर्षमा पनि तिथि (श्राद्ध) गर्ने गरिन्छ । तेस्रो वर्ष तिथि गरियो भने हरेक वर्ष गर्नुपर्छ भन्ने मान्यता छ । तेस्रो वर्ष नगरी अन्य कुनै वर्षमा गरे हरेक वर्ष गर्नुपर्दैन इच्छा भएको बेला गरे हुन्छ भनिन्छ । त्यसैले तेस्रो वर्षमा प्रायले तिथि गर्ने गर्दैन ।[127]

[127] राजचल, *पूर्ववत् पाद टिप्पणी नं. ९।*

# पाँचौं अध्याय
# वर्षभरिमा गर्नुपर्ने सँस्कारगत कार्यहरु

## ५ : १ जलदान

जलदानको अर्थ मृतकको नाउँमा जल वा पानी दान गर्न हो । मृत्यु भएको महिनादिनलेखि प्रत्येक महिनामा मृतकको नाउँमा जललगायत अन्य दान गर्ने क्रियालाई "जलदान" भनिन्छ । जलदानमा जलसँग निस्ला र किसली पनि दान गरिन्छ । जलदान गर्ने कार्य क्रियापुत्र वा क्रिया गर्ने व्यक्तिले गर्छ । मृत्यु भएको तिथिको दिन जलदान गर्नु पर्दछ । पहिलो जलदान मृत्यु भएको ४५ दिनको "लत्या" क्रियामा गराइन्छ । त्यसको १५ दिनपछि दोस्रो जलदान गरिन्छ । त्यसपछि प्रत्येक महिना-महिनामा एक वर्षसम्म जलदान क्रिया गरिन्छ ।

जलदान गर्नको लागि सबभन्दा पहिले क्रियापुत्रले नापितबाट कपाल खौरिन्छ । त्यसपछि नदीमा गई नुहाई आवश्यक सरसामान लिई आफ्नो पुरोहितकहाँ गइन्छ । त्यहाँ मृतकको नाममा जलदानसहित दान गर्ने वस्तु संकल्प गरी पुरोहितले जलदान ग्रहण गरिलिन्छ ।

जलदानमा प्रायः तीन कुरा दान गर्ने गरिन्छ । पहिलो च्यूराको "निस्ला" हो । निस्ला भन्नाले एक टपरी वा थालमा करिब एक माना च्यूरा, त्यसमाथि खाजा रोटी वा केही मिठाइ राखिन्छ । दोस्रो जलको भाँडो हो । एउटा सानो माटोको भाँडो (घैंटो)मा नदीको पवित्र जल भरिन्छ । त्यस भाँडोमा सेतो कपडाले बेरिन्छ । तेस्रो हो, किसली । किसली भनेको की (अक्षता/चामल) भरेको सली (माटोको पाला) हो । एक सलीमा चामलभरी राखी त्यसमाथि एउटा सुपारी र दक्षिणा (पैसा) राखिन्छ । यो किसली जल भाँडोमाथि राख्ने गर्छ । यसरी जलदानमा जल, निस्ला र किसली दान गरिन्छ । जलदानलाई मासिक श्राध्दको रुपमा लिइन्छ ।[128]

## ५ : २ महादेवको पूजा गर्ने र जल चढाउने

128 सिः गुठिका नाइके इन्द्रवहादुर दुवालसंग मिति २०६३।०१।२० गते मौखिक रुपमा लिइएको अन्तर्वार्ता अनुसार र राम प्रजापतिबाट प्राप्त जानकारी अनुसार ।

लत्या (४५ दिन) को क्रियापछि प्रत्येक दिन महादेवको पूजा र जल चढाउने काम गर्नुपर्छ । आफूलाई पायक पर्ने स्थानको शिवलिङ्गमा प्रत्येक दिन बिहान नित्य कर्मपछि पूजा गर्ने र जल चढाउने गरिन्छ । जल चढाउनको लागि एक तामाको भाँडो, पित्तलको रिकापी छुट्याएको हुन्छ । प्रत्येक दिन त्यही भाँडो र रिकापी प्रयोग गरिन्छ । जल चढाउने काम दाहसंस्कार गर्नेले गर्नुपर्ने मान्यता छ । तर पनि आजकल अरुले भए पनि काम चलाउने गरिआएको पाइन्छ । यो कार्य पूरा एक वर्षसम्म गरिन्छ ।

## ५ : ३ साँ छोय्‌गु (गाई पठाउने)

प्रत्येक वर्ष श्रावण महिनामा पर्ने जनैपूर्णिमाको भोलिपल्ट परेवाको दिन गाईजात्रा पर्छ । गाईजात्रालाई नेवारीमा सापारु (गाई प्रतिपदा) भनिन्छ । नेपालमा गाईजात्रा पर्व राजा जगत प्रकाश मल्लले चलाएको भन्ने इतिहासमा उल्लेख छ । कतै कतै प्रताप मल्लले चलाएको भनी उल्लेख गरेको पनि पाइन्छ ।[129] नेवारहरुको बस्ती भएका प्रायः सबै शहरमा गाईजात्रा मनाउने गरिन्छ । गाईजात्राको प्रमुख विशेषता वर्षभरिमा मरेका मानिसहरुको गाईको प्रतीक बनाई पूजा गरी शहर घुमाउनु हो ।  गाईजात्रा मनाउने तरिका ठाउँअनुसार केही फरक पाइन्छ । काठमाडौं, पाटनमा मानिसलाई नै गाईको प्रतीक बनाई शहर परिक्रमा गरिन्छ । तर भक्तपुरमा फरक किसिमको गाई बनाएर जात्रा गर्ने परम्परा छ । भक्तपुरमा हरियो बाँस र रंगीविरंगी कपडाबाट गाई बनाइन्छ । करिब ७ हात लामो ४ वटा हरियो बाँस मुठो गरी चुच्चोतिर बाँधिन्छ । बाँधिएको चुच्चोमाथि पर्ने गरी ठड्याइन्छ । त्यसलाई करिब ३ फिट वर्गाकार हुने गरी फैलाइन्छ र बोक्न मिल्ने गरी ४ वटा नोल आकारको बाँस राखी परालको डोरीले बाँधिन्छ । महिलाको भए सारीले र पुरुषको भए सेतो कपडाले मोडी गाई (साँ) बनाउने गरिन्छ । त्यसमाथि विभिन्न बुट्टेडार कपडा र तस्वीरले सजाइ राम्रो बनाइन्छ । जसलाई नेवारी भाषामा “ताहा साँ” भनिन्छ । “साँ” को टुप्पो (टाउको) मा परालले बुनेको गाईको जस्तो २ वटा सिङ, कागतको २ वटा कान र गाईको अनुहार लेखेको कागजको एउटा मुकुण्डो लगाइने गरिन्छ । एउटा सानो बुट्टेदार छाता ओडाई सजाएको ताहा साँ अति राम्रो देखिन्छ । जसलाई ४ जनाले बोक्ने गर्छन् । गाई (साँ) बनाउनको लागि र त्यसलाई शहर परिक्रमा गर्नको लागि आफ्ना दाजुभाइ, छरछिमेक, नाताकुटुम्ब र साथीभाइहरु

[129] ज्ञानेश्वर भटराई, *बृहत ज्ञान कोश,* बुटवलः लक्ष्मी पुस्तक सदन, वि.स.२०५२, पृ. २६९ ।

आउने गर्छन् । [130] गाई तयार भइसकेपछि आफ्नो घर अगाडिको पिखालाखुई (कुमार देवता भएको स्थान)मा राखी विधिवत पुजा गरिन्छ । त्यस पूजालाई स्थानीय भाषामा स्वगं वियगु (सगुन दिने) भनिन्छ । "साँ" बोक्ने चार जनालाई पनि सगुन लगाई बोक्ने जिम्मा दिइन्छ । पूजापछि दही च्यूरा, केराउ, नासपाटी,कांक्रो आदि सबैलाई दान गर्ने चलन छ ।

गाईजात्रामा गाई शहर परिक्रमा गर्दा कतिले गाईसँगै नाच पनि लाने गर्छन्, कतिले गाई (साँ)मात्र घुमाउने गर्छन् । साँमात्र घुमाउनेलाई १०।१५ जना भए पुग्ने भएकाले प्रायः बिहान जान्छन् । गाईसँगै नाच पनि लानेहरु दिनको ११।१२ बजेतिरमात्र जान्छन् किनभने त्यसका लागि धेरै मानिसहरु चाहिने हून्छ । गाईजात्राको दिन सर्वप्रथम तलेजु भवानीको साँ (गाई) ल्याइन्छ भन्ने कथन छ । तलेजुको साँ राती २ । ३ बजे नै ल्याइन्छ र तलेजुको साँ (गाई) ल्याइ सकेपछिमात्र सर्वसाधारणको साँ ल्याउने गरिन्छ भने पनि तलेजुको साँ देख्ने चाही कोही पाएन । त्यसैले तलेजुको साँ ल्याउँछ भनेको सत्य नै हो भन्न कठिन छ ।

"ताहासाँ" सँग नाच लान बाजा आवस्यक छ । बाजा टोलीबाट बजाएको बाजाको तालमा बालबालिकादेखि बुढापाकाहरुसमेत परम्परागत भेषभूषामा विभिन्न व्यङ्ग गरी नाच्छन् । घिन्ताङघिसी बोलको बाजाको तालमा नाच्ने त्यस नाचलाई "घिन्ताङघिसी" भनिन्छ । उक्त नाच जोडी जोडीबीच लठी जुधाउने र हाउभाउ गर्दै शहर परिक्रमा गर्छन् । बाजाको अगाडि घिन्ताङघिसी नाच र पछाडि "साँ" चार जनाले बोकेर लान्छन् । कतिले माक प्याखं (बाँदर नाच), नत्वाचा र नागाचा नाच पनि लान्छन् । शहर परिक्रमापछि सहभागी सबैलाई भोज ख्वाइन्छ ।

एक गाईजात्रादेखि अर्को गाईजात्रसम्म एक वर्षभरि मरेका प्रत्येक व्यक्तिको त्यसरी गाई बनाई शहर घुमाउनु पर्ने नेवार समाजको परम्परा छ । स-साना बालकको मृत्यु भएमा डोकोमा गाई बनाइ घुमाउने गरिन्छ । कतिले माटोको गाई बनाई खटमा राखी बाजागाजाका साथ घुमाउँछन् । कसै कसैले वास्तविक गाईलाई एक पहेलो कपडा ओडाई घुमाउँछन् । आजकल भक्तपुरमा पनि कसैकसैले मानिसलाई गाईको प्रतीक बनाई घुमाउने गर्न थालेका छन् । कसैकसैले साँसँग कन्या केटीलाई महादेव र पार्वती बनाई घुमाउने गरिन्छ ।

भक्तपुर नगरमा गाईजात्रा घुमाउने निश्चित बाटो पहिले नै निर्धारण गरिएको छ । आ-आफ्नो घर जहाँ छ , त्यहीबाट गाईजात्रा शुरु गरिन्छ र निर्धारित बाटो परिक्रमा गरी

[130] परिशिष्ट २ को फोटो नं. ३१,३२ ३३ र ३४ हेर्नुहोला ।

आफ्नै ठाउँमा पुगेपछि जाात्रा बिसर्जन गरिन्छ । बिहान ३।४ बजेदेखि शुरु हुने जात्रा बेलुकी ६।७ बजेसम्म पनि भइरहेको हुन्छ । करिब बिहान ११।१२ बजेबाट २।३ बजेसम्म धेरै हुल हुन्छ ।

भक्तपुर नगरको सत्र वडामध्ये वडा नं.२ र १० बाहेक सबै वडामा गाईजात्राको परिक्रमा मार्ग पर्छ । सूर्यमढी, दत्तात्रय, इनाचो, गोल्मढी, सुकुलढोका, तौमढी, तालाको, नासमना, वंशगोपाल, तेखापुखु, इताछें, खौमा, लायकु, खिछें, चोछें,तुछिमला,भुलाछें, महालक्ष्मी,थालाछें, सला गणेश क्वाठण्डौ, गछें, त्वचा हुँदै गाईजात्रा परिक्रमा गरिन्छ । परिक्रमा पूरा गर्न “साँ” मात्र भएमा १ घण्टा र नाच भएमा ३।४ घण्टा समय लाग्ने गरिन्छ ।[131]

## ५.४ बाला मु वानेगु (सद्बीज छर्न जाने)

सद्बीज छर्ने दिन पनि एक धार्मिक पर्वको रुपमा लिन सकिन्छ । यो पर्व मंसिर चतुर्दशीको दिन पर्दछ । यस पर्वलाई बाला चतुर्दशी (बालाचरे) पनि भनिन्छ । उक्त दिन प्रत्येक मृतकका परिवारहरु सद्वीज छर्न पशुपतिमा जान्छन् । पशुपति क्षेत्रलाई सद्बीज छर्ने नेपालकै प्रमुख क्षेत्रको रुपमा लिइएको छ । पशुपतिमा उपत्यकाको मात्र नभै उपत्यका बाहिरका पनि धेरै मानिसहरु सद्बीज छर्न आउँछन् । त्यसैले उक्त दिन पशुपति क्षेत्रमा ठूलो मेला लाग्छ ।

बाला चतुर्दशीको अघिल्लो राती नै पशुपतिमा कतिपय मृतकका परिवारहरु मृतकको नाममा दीप, महादीप बाली भजन कीर्तन गरी रात बिताउँछन् । बिहान झिसमिसदेखि सद्बीज छर्ने यात्रा शुरु हुन्छ ।

सद्बीज छर्न आउनेहरु सर्वप्रथम बागमतीमा नुहाउने गर्छन् । त्यसपछि त्यहीबाट सद्बीज छर्ने काम शुरु हुन्छ । सद्बीज बाटामा पनि छर्दै जाने गर्छन् । सद्बीज छर्दै जाने निश्चित मार्ग निर्धारण गरिएको छ । निर्धारित मार्गअनुसार पञ्चगणेश, अनन्त आदिनारायण, पार्थिवशिला, बटुक भैरव, जयमङ्गला, नवदुर्गा (राज राज्यश्वरी), भष्मेश्वर, कोटिलिङ्गेश्वर, पशुपतिनाथ, रुद्ररागेश्वर, कैलाश, वासुकी मन्दिर, विरुपाक्ष मन्दिर, हरिणेश्वर, भागलभुगल, किरातेश्वर, गौरीघाट, गुह्येश्वरी, नमोबुद्ध, बहिरा गणेश, विश्वरुप

---

[131] स्थलगत अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

मन्दिर, मृगस्थली आदि ठाउँका देवताहरुमा सद्बीज छर्दै पुनः भागलभुगलमा पुगी सद्बीज छर्ने काम सम्पन्न गरिन्छ ।

सद्बीज भन्नाले सात थरी बीउ भन्ने बुझिन्छ । धान, गहुँ, मकै, जौ, कोडो, तिल, तोरी आदि घटीमा सात थरी अन्न मिसाएकोलाई सद्बीज भनिन्छ । त्यसमा अमला, मूला, वयर, फूल, दक्षिणा, भटमास, लावा, ज्यामीर, हलेदो आदि थप गरी छर्ने गरिन्छ । यसरी मृतकको नाउँमा सद्बीज छर्नाले दिवंगत आत्माले पुण्य पाउँछ, एक गेडा बीज छरेबाट एक गेडा सुन छरेको बराबर पुण्य पाउँछ भन्ने धार्मिक कथन छ । पशुपतिको मृगस्थली पुण्यक्षेत्र भएकोले त्यहाँ सद्बीज छर्नेको पुनर्जन्म हुँदैन, पितृ उदार हुन्छ भनिन्छ ।

एक वर्षमा दिवंगत हुनेका परिवारहरु आफ्ना दिवंगत आत्माको चिरशान्ति र पुण्यको कामना गर्दै केही पनि नखाई सद्बीज छर्ने गर्छन् । मृतक परिवारको घटीमा एकजना भए पनि सद्बीज छर्न अनिवार्य जानुपर्ने नेवार समाजको परम्परा अद्यापि कायम छ । पशुपति क्षेत्रमा सद्बीज छर्न जानेहरुमा धेरै नेवारहरु देखिन्छन् तर त्यहाँ ब्राह्मण, क्षेत्री, मगर, गुरुङ्ग, राई, दनुवार, तामाङ्ग, लिम्बू, थारु आदि जातजातिहरु पनि आउने गरेको पाइन्छ ।

सद्बीज छर्नेहरु साह्रै घुइचो लाग्ने र क्रमशः नविराइकन जानुपर्ने भएकोले सद्बीज छर्ने काम सिध्याउन करिब ३ घण्टादेखि ४ घण्टा सम्म समय लाग्छ । विनाहुलमा फटाफट जाने हो भन्नेमात्र १ घण्टाको बाटो छ । बिहान  सबेरैदेखि दिउँसो २।३ बजेसम्म हुल हुन्छ भने त्यसपछि त्यति हुल हुँदैन । केही पनि नखाइकन सद्बीज छर्नुपर्ने भएकोले समयमै सिध्याएर खानपान गर्न पाए सजिलो हुने भएकोले बिहान पख भीड हुन्छ । साथै टाढाटाढाबाट अघिल्लो दिनमै आई सद्बीज छर्ने भएकोले पनि बिहान  भीड हुने गर्छ ।[132]

## ५.५ बत्ती बाल्ने

मृत्यु भएको वर्षमा मृतकको नाउँमा विभिन्न देव स्थानहरुमा बत्ती बाल्ने चलन हुँदै आएको छ । मृतकको नाउँमा देवस्थल तथा मन्दिरहरुमा बत्ती बाल्दा मृतकको आत्मा शान्त हुन्छ, मृतकलाई पुण्य पाउँछ र मृतक राम्रोसँग तर्छ भने जनविश्वास छ । यसरी देव स्थलहरुमा मृतकको नाउँमा बत्ती बाल्नुपर्ने नेवार समाजको अनिवार्य  संस्कार होइन । मृत्यु

[132] डा.गोविन्द टन्डनबाट लिखित *"बालाचतुर्दशी पर्वमा"*नामक लायन्स क्लबबाट प्रकाशित पर्चा  र स्थलगत  अध्ययन ।

परिवारको धार्मिक आस्थाको आधारमा चाहनाअनुसारको देव स्थलहरुमा घेवा बत्ती बाल्ने चलन छ ।

भक्तपुर, ललितपुर र काठमाडौंको नेवार समाजका मानिसहरुले आ-आफ्नो ठाउँको गणेश, अष्टमातृका, बुद्ध आदि देवताहरुमा बत्ती बाल्छन् । आफ्नो क्षेत्रका देवताहरुबाहेक सबैले रातो मछिन्द्रनाथ, नमोबुद्ध, स्वयम्भू, बज्रयोगिनी, आदिमा घेवा बत्ती पाल्ने गर्छन । आफ्नो धर्म र स्थानियताको आधारमा स्थानिय अन्य देवताहरुमा पनि बत्ती बाल्ने गरिन्छ । प्रायः उक्त देवस्थानको पर्व मेलामा बत्ती बाल्ने गरेको पाइन्छ । सबै ठाउँमा १०८ वटा घेवाबत्ती बालिन्छ ।

बत्ती बाल्ने पर्वकै रुपमा ललितपुरमा “मत्या” जाने प्रचलन छ । प्रत्येक मृत्यु परिवारबाट एक/दुई जना परम्परागत पोशाकमा पहिलेदेखि निर्धारण गरेको मार्गबाट मन्दिर, विहार, स्तुपहरुमा पुगी बत्ती बाल्ने र पूजा गरिन्छ । काठमाडौंमा इन्द्रजात्राको दिन “उपाकु” जाने परम्परा छ । मृतक परिवारको घरमुलीहरुले निराहारमा पाला बत्ती (जोरबत्ती) बाली कुमारी घुमाउने सबै मार्गमा घुम्ने गर्छन् । भक्तपुरमा यसरी मृतकको नाउँमा बत्ती बाली घुम्ने परम्परा नभएको देखिन्छ ।[133]

## ५.६ नखाः मनाउन जाने

मृत्यु भएको परिवारमा एक वर्षसम्म कुनै पनि किसिमको नखाः (चाड पर्व) मनाउनु हुँदैन । दशैं, तिहार, बिस्केटजस्ता कुनै पनि चाडपर्व, भोजभतेर नहुने भएकोले त्यस्तो चाडपर्वमा छोरी नाताहरुले नखाः मनाउन जाने गरिन्छ । नखाः मनाउन जाने भनेको मृत्यु परिवारलाई भोज ख्वाउन जानु हो । दशैं, तिहार जस्तो नखाःमा छोरीहरुले, फुफूहरुले पालैपालो भोजको लागि आवश्यक सबै खानेकुराहरु तयार गरी मृत्यु परिवारमा गई सबैलाई ख्वाउने गरिन्छ ।

यस कार्यले मृत्यु परिवारलाई सान्त्वना मिल्छ र मृत्युले महशुश भएको दुःखलाई हलुका बनाउने गरिन्छ । यो राम्रो पक्ष हो ।

[133] काठमाण्डौंका तारा शाक्य र ललितपुरका जमुना राजकर्निकारसंग मिति २०६३।०५।१० गते गरेको छलफलबाट प्राप्त जानकारी अनुसार ।

# छैठौं अध्याय

## दुःखमा वर्जित हुने

कुनै पनि घरमा कुनै व्यक्तिको मृत्यु भएपछि सो घरमा रहेका सबै व्यक्तिहरुले मृत्यु संस्कारमा पालना गर्नुपर्ने अर्थात् बर्जित हुने सबै प्रकारको परम्परालाई पालन गरेको हुन्छ । जस्तो कि मृत्यु भयो भने पछि लगाई राखेको टोपी फुकाली हाल्छ । रेडियो, टीभी, क्यासेटमा गीत बजिराखेको भए बन्द गरिन्छ । तर देशका राष्ट्रप्रमुखहरु राजा, राष्ट्रपति जस्ता ठूला व्यक्तिहरुको मृत्यु भएमा भने सबै संचारमाध्यमहरुमा शोकको धुन बजाइन्छ ।

मृत्युको बेला बर्जित हुने कुरा दुःखमा बसेसम्म बर्जित गरिन्छ । त्यसरी दुःख बार्ने या जुठो बार्ने अवधि भने सबैको एउटै किसिमको हुँदैन । मृतकसँगको नाताको आधारमा जुठो बार्ने अवधि फरक हुन्छ । मृत्युको दिनदेखि एक दिन, चार दिन र १२ दिनसम्म जुठो बार्ने चलन नेवारी समाजमा हुन्छ । त्यसरी जुठोमा बर्जित हुने कुरा जुठो अवधिमा अनिवार्य बर्जित हुने नै भयो । जुठो फुकि सकेपछि पनि मृत्यु परिवार, जःफुकी र मृतकका छोरा छोरीहरुले महिना दिन र वर्षदिनसम्म पनि सुखद कुराहरु बार्ने नेवार समाजको चलन छ । त्यसरी दुःख बार्नु र बर्जित कुरा छोड्नु भनेको मृतकप्रति सम्मान र श्रद्धा देखाउनु हो ।

### ६.१ चार दिन जुठो (दुःख) बार्ने

मृत्यु परिवारका विवाहित छोरीहरु, ज्वाइँहरु र तिनीहरुका छोरा छोरीहरुले मृत्यु भएदेखि ४ दिनसम्म जुठो बार्नुपर्ने हुन्छ । चारदिनसम्म टोपी नलाउने, जुत्ता नलाउने, माछा, मासु, फुल तथा भोजभतेर नखाने, देवदेवतालाई नछुने, मनोरञ्जन नगर्ने आदि गरिन्छ । मृत्युको चौथो दिनमा नापितकहाँ गै व्रतबन्ध गरिसकेका पुरुषहरुले कपाल खौरेर, बेलविवाह गरिसकेका महिला केटीहरुले नङ छुवाई पिनाले नुहाएर चोखो गर्छन् । यति गरि सकेपछि जुठो फुकिन्छ । मृत्यु भएको घरमा गरिने काजक्रियामा जुठो परेकाले गर्न नहुने सबै काम जुठो फुकिसकेका छोरीहरु र ज्वाइँहरुले सघाई पूरा गर्ने गरिन्छ ।

### ६.२ बाह्र दिन जुठो बार्ने

मृत्यु परिवार, मृत्यु परिवारका फुकी परिवारहरु सबैले १२ दिनसम्म जुठो बार्नु पर्ने हुन्छ । फुकी अलग्ग भए पनि मृत्यु परिवारका बाजेसम्मका सन्तानहरुले जुठो बार्नुपर्ने नेवार समाजको मान्यता छ । मृत्यु भएको १०,११ र १२ औं दिनका सबै काजकियामा भाग लिई चोखाई सकेपछि जुठो फुकिन्छ । केटाहरुमा चुडाकर्म या व्रतबन्ध नगरेका र केटीहरुमा इहि (बेलविवाह) नगरेकाले जुठो बार्नुपर्दैन । व्रतबन्ध र बेलविवाह नभएसम्म वंशजमा समाहित भएको मानिंदैन ।

## ६.३ बरखी बार्ने

नेवार समाजको मान्यताअनुसार सम्पूर्ण शरीरमा सेतो पोशाक पहिरण गर्नुलाई बरखी बारेको भनिन्छ । मृत्यु भएको दशौं दिनदेखि एक वर्षसम्म बरखी बार्ने गरिन्छ । आमा र बाबुको मृत्यु हुँदा छोराहरुले बरखी पोशाक लाउने गर्छन् । बरखी बस्दा जुत्तादेखि टोपीसम्म सबै पोशाक सेतो लाउने नेवार समाजको परम्परा छ । सेतोमात्र भएर पुग्दैन सेतोको साथै संजाव नहालेको एकसरो पोशाक लाउनुपर्ने हुन्छ । टोपी ४५ दिनको तिथिदेखि मात्र लाउने गरिन्छ ।

बाबु आमा मर्दा छोराहरुले बरखी बार्ने गर्छन् भने छारीहरुले बार्नुपर्दैन । तर श्रीमानको मृत्यु भयो भने श्रीमतीले पनि बरखी पोशाक लाउने गर्छ । महिलाले सारी र चोलो सेतो लगाउँदा नराम्रो  देखिन्छ । तर पनि सेतो लाउनु पर्ने परम्परा छ । बरखी भनेपछि सेतो भन्ने मान्यता भएकोले धेरैले सबै सेतो लाउने गर्छन् । आजकल कतिले सेतोको सट्टा आकाश रङ्गको सारी चोलो लगाएर बरखी बार्ने गरेको पनि देखिन्छ । कतिले त सारी सेतो नलगाई चोलो एउटामात्र सेतो लगाउने पनि छन् ।

श्रीमतीको मृत्यु हुँदा श्रीमानले टोपी एउटामात्र बरखी बार्ने गरेको पाइन्छ । आजकल कतिले श्रीमती मृत्यु हुँदा श्रीमानले टोपी पनि बरखी नबार्नेहरु छन् । त्यस्तै श्रीमानको मृत्यु हुँदा बरखी नबार्ने महिलाहरु पनि छन् । तर त्यसो गर्ने पुरुषको तुलनामा महिलाहरु सारै कम देखिन्छन् । युवा जगतमा पनि आजकल बरखी बार्न नचाहनेहरु छन् । छोराहरुमध्ये दागबत्ती दिनेले मात्र बरखी पोशाक लाउने र अरुले नलाउने पनि गर्न थालेका छन् । वास्तवमा बरखी पोशाक लाउनु  मृतकप्रति श्रद्धा गरेको र शोक मानेको हो । त्यसको

साथै मृतकप्रति सम्मान र सद्भाव राखेको हो । बरखी पोशाकले मृतकको नाता स्पष्ट देखाउने गर्छ ।

## ६.४ टोपी बार्ने

टोपीलाई शिरको शोभाको रुपमा लिने गरिन्छ । मृत्युमा शोभा र गहनालाई बर्जित गरेको हुन्छ । त्यसैले मृत्यु स्थलमा टोपीलाई बर्जित गर्ने नेवार समाजको चलन छ । मृत्युको खबर पाउने बित्तिकै मृतक परिवार, फुकी र नाताहरुले टोपी फुकाउने गर्छन् । शवयात्रामा सहभागी हुने गुठियारहरु छरछिमेक, टोलबासी र अन्य सबैले टोपी फुकालेको हुन्छ । यो पनि मृतकप्रति सबैको सम्मान हो । शवयात्रा ल्याउँदा बाटोमा बस्ने दर्शकहरुले समेत टोपी फुकाली, राम राम भन्दै मृतकप्रति श्रद्धा गर्ने चलन नेवार समाजमा छ । मन्दिरमा जान्दा, देवतालाई ढोग्दा र पूजापाठ गर्दा टोपी फुकाउनु पर्ने हाम्रो मान्यता छ । मृत्यु भइसकेपछि मृत्यु शरिरलाई देवताको रुपमा मानी देवतालाई झैं टोपी फुकाली सम्मान र श्रद्धा राख्ने परम्परा नेवार समाजको राम्रो परिचय हो । जुठो बार्ने फुकीहरुले १२ दिनसम्म टोपी बार्ने गर्छन् । मृत्यु परिवारहरुले ४५ दिनसम्म टोपी बार्ने गर्छन् । बरखी बार्नेहरुले एक वर्षसम्म सेतो टोपीबाहेक अन्य रङ्गको टोपी बार्ने गर्छन् ।

## ६.५ जुत्ता बार्ने

टोपी शिरको शोभा हो भने जुत्ता खुट्टाको शोभा हो । दु:खको बेला शोभा सुहाउँदैन । त्यसैले मृत्यु भएको स्थलमा जुत्ता लाउनु हुँदैन । यो नेवार समाजको परम्परागत मान्यता हो । जुत्ताको साथै छालाका सम्पूर्ण वस्तु मृत्यु स्थलमा बर्जित हुन्छ । मृत्यु भएदेखि मृत्यु परिवार र फुकीहरुले १२ दिनसम्म जुत्ता बार्ने गर्छन् । शवयात्रामा जाने गुठीयारहरुलगायत मलामी जाने सबैले जुत्ता लगाएको हुँदैन । यो पनि मृतकप्रति सम्मान र सद्भाव व्यक्त गरेको हो । कुनै पनि देवस्थल र मन्दिरभित्र जान पनि जुत्ता फुकाल्नुपर्ने गरिएको छ । घरको कोठामा जानलाई पनि जुत्ता बाहिर नै फुकाल्नुपर्ने हाम्रो चलन छ । यो राम्रो पक्ष हो । श्राद्ध गर्दा, पूजा गर्दा र पूजा बोकी देवस्थल जान्दा, श्राद्ध नदीमा सेलाउन जान्दासमेत जुत्ता लाउन नहुने नेवार समाजको परम्परा छ ।

तर आजकलका युवा जगतले जुत्तालाई छोड्न नसक्ने भएको छ । त्यसैले शवयात्रा हुँदा जुठो बार्नेहरुले बाहेक मलामी जाने छरछिमेक, साथीभाइ, टोलवासी र गुठियारहरुले

कपडाको प्लाष्टिकको जुत्ता लगाएर जाने गर्न थालेका छन् । शव बोक्ने, दागबत्ती बोक्ने, अन्य विभिन्न सामान बोक्ने र रोएर जानेहरुले कुनै पनि प्रकारको जुत्ता लाउने गर्दैन । साथै मृतक छेउ जान, पानी ख्वाउन कसैले कुनै पनि किसिमको जुत्ता लगाउन नहुने चलन अहिले पनि कायमै छ । मृत्यु परिवारको ज्वाइँ छोरीहरुले चार दिन जुठो बार्ने फुकी परिवारले १२ दिन, मृत्यु परिवारले ४५ दिन र बरखी बार्नेहरुले एक वर्ष जुत्ता बार्नेमा आजकल छालाको जुत्तालाई मात्र बार्नुपर्ने र अन्य प्लाष्टिक, कपडाको जुत्ता बार्नु नपर्ने मान्यता विकास भएको छ । जसले गर्दा मृत्यु स्थल श्राद्ध स्थल र देव स्थलमा बाहेक कपडा र प्लाष्टिकको जुत्ता लगाउन हुने चलन युवाहरुले चलाएका छन् ।

## ६.६ बर्जित खाद्यान्नहरु

दुःखको समयमा सुखका सबै कुरा बर्जित हुन्छ । सुखमा खाने, सुखमा लाउने र सुखमा बस्ने कुरा दुःखमा छोड्नुपर्ने नेवार समाजको मान्यता रहेको छ । त्यही मान्यता अनुरुप मृत्यु भएको दिनदेखि जुठो बारेको दिनसम्म निम्नलिखित खाद्यान्न खान नहुने भनी बर्जित गरेको पाइन्छ । माछा, मासु, फुल, भटमास, लसुन, गोलभेंडा, भान्टा, कोदो, अदुवा, आदि जुठो बारेसम्म खाने गर्दैन । छोरी, ज्वाइँहरुले ४ दिन, मृत्यु परिवार र फुकीहरुले १२ दिनसम्म बार्ने गर्छन् । बरखीमा बस्नेहरुले गोलभेडा, भान्टा, कोदो एक वर्षसम्म छोड्ने गर्छन् ।

नेवार समाजमा भोजभतेरलाई खुशीयाली गर्ने कार्यक्रमको रुपमा लिइन्छ । भोजमा खाने परिकारहरुलाई पनि सुखमा खाने परिकारको रुपमा दुःखमा बर्जित गरेको पाइन्छ । माछा, मासु, फुल, भटमास, लसुन, अदुवालाई सुखको भोजमा खाने सामानको रुपमा बर्जित गरेको पाइन्छ । त्यसको साथै छुन नहुने खाद्यवस्तुको रुपमा गोलभेडा, भान्टा, कोदोलाई बर्जित गरेको बुढापाकाहरुको भनाइ छ । आमाको मृत्यु भएमा दूध र बाबुको मृत्यु भएमा दही मृतकका छोराछोरीहरुले एकवर्षसम्म छोड्ने गर्छन् ।

## ६.७ सिंगार तथा गरगहना बार्ने

शारीरिक सिंगार शोभाको परिचय हो । तर दुःखमा समाजले सिंगारलाई स्वीकारेको हुँदैन । त्यसैले दुःखमा सिंगार बर्जित हुन्छ । दुःख मनले मात्र व्यक्त गरेर पुग्दैन, व्यवहारले पनि देखाउनु पर्ने नेवार समाजको मान्यता छ । तदअनुरुप जुठो बार्नेहरुले जुठो हुञ्जेल कुनै

किसिमको सिंगार साधन प्रयोग गर्ने गर्दैन । कपाल कोर्ने, तेल राख्ने, दाह्री जुंगा काट्ने, टीका चुरा आदि लाउने गर्दैन । बरखी बार्ने छोरा र श्रीमतीले एकवर्षसम्म त्यस्ता सिंगारको साधन लाउने गर्दैन ।

## ६.८ चाडपर्व मनाउन नहुने

नेवार समाजमा चाडपर्व अति हर्षोलासका साथ मनाइन्छ । नेवारहरुको महिना महिनामा चाडपर्वहरु हुन्छन् । चाडपर्वमा देवीदेवताको पूजा गर्ने, बलि चढाउने, भोज खाने, नाच्ने, गाउने आदि हुन्छन् । यी सबै सुखद कुराहरु हुन् । दुःखमा यी सुखद कुराहरु सबै बर्जित हुन्छन् । जुठो परेका परिवारले जुठो अवधिमा कुनै चाडपर्वहरु मान्ने गर्दैन । जुठो परुंजेल चाडपर्वको अवसरमा नाताकुटुम्ब, साथीभाइ, इष्टमित्रकहाँ पनि भोज जाने गर्दैन र जुठो परेकालाई भोज बोलाउने पनि गर्दैन । ठूलो मानिसको मृत्यु भएमा मृत्यु परिवारले १ वर्षसम्म चाडपर्व मान्न नहुने नेवार समाजको मान्यता छ ।

## ६.९ विवाह-व्रतबन्ध गर्न नहुने

मृत्युजस्तो दुःखद अवस्थामा विवाह, व्रतबन्ध जस्तो सुखद कार्यक्रम गर्नु हुँदैन । जुठोको अवधिमा जुठो परेका कोही पनि त्यस्तो कार्यक्रममा जान नहुने नेवार समाजको मान्यता छ । बाह्र दिनको जुठो सकेपछि अन्य साथीभाइको विवाह व्रतबन्धमा जानसकिन्छ । मृतक फुकी परिवारले ४५ दिनको क्रिया नसिधेसम्म विवाह व्रतबन्ध जस्ता कुनै कार्य गर्नुहुँदैन । मृतक परिवारले एक वर्षसम्म त्यस्ता कार्यहरु गर्न नहुने समाजको परम्परा छ । फुकी परिवारको सबभन्दा जेठा "नाइके" को मृत्यु हुँदा एकवर्षसम्म र सबभन्दा जेठी "नकीं" को मृत्यु हुँदा ६ महिनासम्म फुकी परिवार सबैले विवाह, व्रर्तवन्ध, इही (बेलविवाह) र बारा (गुफा राख्ने) कार्य गर्न नहुने नेवार समाजको चलन अद्यापि कायम छ । फुकी परिवारको दोस्रो नाइके "नुकु" मृत्यु भएमा ६ महिना त्यस्ता कार्य गर्नहुँदैन । स-साना बालक मृत्यु हुँदा १२ दिन / २१ दिनसम्म त्यस्तो सुखद कार्य गर्ने गर्दैन ।

## ६.१० श्राद्ध गर्न नहुने

मृत्युमा सुखद कार्यमात्र होइन, दुःखद कार्य पनि गर्न नहुने नेवार समाजको परम्परा छ । फुकी परिवारमध्ये कसैको मृत्यु भएमा ४५ दिनसम्म फुकी परिवारमा कुनै श्राद्ध तथा

काजक्रिया गर्नुहुँदैन । फुकी परिवारकै कसैको ४५ दिनको, ६ महिनाको, एकवर्षको या दुई वर्षको काजक्रिया बाँकी हुँदै फुकी परिवारकै अर्को व्यक्तिको मृत्यु भएमा पछि मृत्यु हुनेको ४५ दिनको क्रिया नसिध्याई अगाडि मर्नेको क्रिया गर्नुहुँदैन । सोह्र श्राद्ध तथा अन्य श्राद्ध पनि विवाह-व्रतबन्ध जसरी नै बर्जित हुने गर्छ ।

## ६.११ पूजा नचल्ने

देवी-देवता, देवस्थल, मन्दिरहरु पवित्र स्थलहरु हुन् । धार्मिक पवित्र स्थलहरुमा गरिने पूजा आजा पनि पवित्र नै हुनु आवश्यक छ । जुठो परेको समयलाई नेवार समाजले पवित्र मान्दैन । त्यसैले जुठोको समयमा कुनै पनि पूजा चल्दैन । फुकी परिवारको ४५ दिनसम्म पूजा चल्दैन भने मृत्यु परिवारको १ वर्षसम्म पूजा चल्दैन ।[134]

[134] सि: गुठिका नाइके इन्द्रवहादुर दुवालसंग मिति २०६३।०१।२० गते मौखिक रुपमा लिइएको अन्तर्वार्ता अनुसार र संस्कार सम्बन्धी अनुभवी शिक्षक शिवराम राजचलसंग मिति २०६३।०३।१५ गते भएको छलफल अनुसार ।

# सातौं अध्याय

## मृत्यु संस्कारमा संलग्न हुने समुहहरु

मानव जीवनमा सबभन्दा दुःखद घटना भनेको मृत्यु हो । मृत्युलाई ठूलो विपतीको रुपमा लिइन्छ । मृत्युजस्तो आपत विपतमा शत्रुले पनि सहयोग गर्ने नेवार समाजको परम्परा छ ।

विभिन्न कारणले मानिसको मृत्यु हुन्छ । मृत्यु हुँदा मृत्यु शरीरको मात्र समस्या होइन, मृतकको संरक्षणमा रहेका बालबालिका, परिवारको संरक्षण गर्न र धैर्य बनाउन धेरैको मद्दत आवश्यक छ । यस्तो आपत विपतमा परेकालाई मदत गर्न नेवार समाज पछि पर्दैन । यो नेवार समाजको राम्रो विशेषता हो । अपरझत कसैको अन्त्य अवस्था पर्दा सर्वप्रथम छरछिमेकहरु समाहित हुन्छन् । त्यसपछि नाताकुटुम्ब, इष्टमित्र, गुठीका गुठीयारहरु सहभागी हुन्छन् । व्यक्ति मृत्यु भएको दिनदेखि दुईवर्षसम्म गरिने अनेक काजक्रियामा धेरै व्यक्ति र समुहहरुले भाग लिएका हुन्छन् । ती व्यक्ति र संस्थाहरुको यहाँ उल्लेख छ ।

### ७ : १ फुकी परिवार (जः)

"फुकी" संयुक्त परिवारको अर्थ दिने नेवारी शव्द हो । संयुक्त परिवार या फुकी परिवार प्राचीनकालदेखि चल्दैआएको देखिन्छ । आदिम कालमा सुरक्षाको दृष्टिले पनि संयुक्त परिवारको आवश्यकता थियो । लिच्छविकालीन समाजमा पनि संयुक्त परिवारको प्रचलन थियो । संयुक्त रुपमा काम गर्दा बढी आय हुने हुँदा पनि यसलाई अपनाइन्थ्यो । कुनै घरमुली बाहिर गएमा वा मृत्यु भएमा उसमा आश्रितहरुको संरक्षण गर्न पनि संयुक्त परिवारको आवश्यकता मानिन्थ्यो ।[135] मध्यकालमा पनि संयुक्त परिवारको प्रथा (Joint Family System) थियो । तीन चार पुस्ताका मानिसहरु एकै परिवारमा बस्ने गर्थे ।

---

[135] ज्ञानेश्वर भटराई, *बृहत ज्ञान कोश,* बुटवलः लक्ष्मी पुस्तक सदन, वि.स.२०५२, पृ.१४८ ।

यसरी एक व्यक्तिको छोरी, नाति, पनाति गरी तीनचार पुस्ताका सन्तानहरुको समूहलाई फुकी परिवार भन्ने चलन नेवार समाजमा अद्यापि कायम छ । आजकल फुकी परिवारहरु एकै परिवार हुन्छ भन्ने छैन । परिवारहरु भिन्न भइसकेका हुन्छन् । पाँच/दश परिवार भइसकेर पनि उनीहरु समय समयमा सबै परिवाका सदस्यहरु एकै ठाउँमा सहभागी भई भोज खाने गर्दछन् । सोह्र श्राद्ध, देवाली पूजा जस्ता कार्यहरुमा सबै फुकी परिवारहरु सहभागी  हुने मान्यता छ । यसरी फुकी भै बसी आएकाहरुले फुकीको कुनै व्यक्ति मृत्यु भएमा जुठो बार्नुपर्ने र काजक्रियामा अनिवार्य सहभागी हुनुपर्ने सामाजिक बाध्यता छ ।

## ७ : २ नाताकुटुम्बहरु

मृतक परिवारका विवाहित छोरी, ज्वाइँ र भान्जाहरु साथै फुपूहरु र फुपूका छोरा छोरीहरु, मृतकका मामाहरु, मामाका छोरा, छोरीहरु आदि नाता पर्दछन् । आइमाईको मृत्यु भए पनि माइती पक्षका मामा, मामाका छोरा, छोरीहरु, माइतीका दाजुभाइ, दिदीबहिनीहरु नाता पर्छन् । यसरी मृत्यु परिवारको विभिन्न किसिमले थुप्रै नाता संजाल भएको हुन्छ । तिनीहरुले एक दिनदेखि ४ दिनसम्म जुठो बार्छन् र मृत्यु संस्कारहरुमा समाहित भएका हुन्छन् ।

## ७ : ३  मृत्यु संस्कारमा संलग्न हुने गुठी

"गुठी एउटा सामाजिक समूहको नाम हो । गुठी संस्कृत शव्द "गोष्ठि"बाट बनेको हो । "गोष्ठि"लाई पाली भाषामा "गोठी" भनिन्छ । गोठीको अपभ्रंश भएर गुठी हुन गएको उल्लेख छ ।[136]

लिच्छविकालीन समाजमा लोक कल्याणकारी तथा धार्मिक कार्य संचालन गर्न अनेक किसिमका सामाजिक संगठनहरुको स्थापना भएको थियो । यस्ता संगठनहरुलाई गोष्ठिक वा गोष्ठी भनिन्थ्यो । यीनै गोष्ठिक शव्दपछि अपभ्रंश भएर गुठी हुन पुगेको हो ।

लिच्छविकालमा यस्ता अनेक गोष्ठीहरु सामाजिक तथा धार्मिक कार्यमा संलग्न थिए । यस्ता गोष्ठिहरुमध्ये मार्गोन्मार्जन गोष्ठि (बाटो बढार्ने गुठी), ध्वज गोष्ठी (झण्डा लिएर हिड्ने गुठी), पानीय गोष्ठी (पानीको व्यवस्था गर्ने गुठी), प्रणाली गोष्ठी (पानी खाने धाराको हेरविचार गर्ने गुठी), प्रवहण गोष्ठी ( यातायातको व्यवस्था गर्ने गुठी), अर्चा गोष्ठी (देवी

---

136 भटराई, *पूर्ववत् पाद टिप्पणी नं. १,* पृ.२२४ ।

देवताको पूजाआजा गराउने धार्मिक गुठी), तैत्तिरीय शाखा गोष्ठी (बेदाध्ययनसम्बन्धी शैक्षिक कार्य गर्ने गुठी), वादित्र गोष्ठी (बाजा बजाउने गुठी), प्रदीप गोष्ठी (बत्तीको व्यवस्था गर्ने गुठी ), धूप गोष्ठी (धुप बाल्ने गुठी), मल्ल युद्ध गोष्ठी (कुस्ती खेलाउने गुठी), गौयुद्ध गोष्ठी (साँढे जुधाउने गुठी) आदि प्रमुख थिए ।[137] धार्मिक, परोपकारी भावनाले निजीस्तरमा पनि गोष्ठीहरुको स्थापना गरिन्थ्यो । सामाजिक सुव्यवस्थाको लागि गोष्ठी (गुठी) निकै महत्वपूर्ण मानिन्थ्यो ।

मध्यकालमा गुठीको व्यवस्था झनै बढेको थियो । मठ-मन्दिर, पूजा आजा र जात्रा चलाउनको लागि गुठीलाई राजगुठी र सर्वसाधारण जनताले चलाएको गुठीलाई दुनिया गुठी भनिन्थ्यो ।[138]

नेवार समाजमा अहिले पनि असंख्य गुठीहरु छन् । त्यसमध्येमा मृत्यु संस्कारमा समाहित हुने गुठीहरु निम्नअनुसार छन् -

### ७ : ३ : १ सिः गुठी

मृत्यु शरीरलाई सकेसम्म छिटो दहन गर्नु राम्रो मानिन्छ । मृत्यु शरीरलाई आवश्यक संस्कार गरी दाहसंस्कार गर्नको लागि जनता आ-आफै मिली गुठी बनाई बस्ने नेवार समाजको चलन अद्यापि कायम छ । प्रत्येक परिवार एक न एक गुठीको सदस्य भइराखेको हुन्छ । आफ्नो सदस्य परिवारको कोही व्यक्तिको मृत्यु भएमा त्यसलाई विधिपूर्वक मसानमा पुऱ्याएर जलाउने र त्यसको खरानीसमेत नदीमा बगाई दाहसंस्कार सम्पन्न गर्ने कार्य गुठीले गर्दछ ।

यसरी दाहसंस्कार गर्नको लागि गठन भएको गुठीलाई सिःगुठी भनिन्छ । दाहसंस्कारको सामान जुताउने, दाउरा, छ्वाली, पराल बोक्ने, कुतो (खत) बनाउने, लाश बोक्ने, आवश्यक भएमा दागबत्ती दिनेसमेत काम गुठीयारहरुले गर्दछन् । गुठीको पालो हरेक वर्ष फेर्छ । सबै गुठीयारहरुलाई एक/एक वर्षको पालो पर्न जान्छ । पालो परेको वर्ष पालो पर्नेले भोज ख्वाउने, गुठी बोलाउने, मृत्युको खबर गर्ने जस्ता सबै काम गर्नुपर्ने हुन्छ ।[139]

### ७ : ३ : २ सनाः गुठी

---

137 श्री राम प्रसाद उपाध्याय , *नेपालको समिक्षात्मक इतिहास,* ललितपुर : साझा प्रकाशन , वि.स.२०५५, पृ. ८९ ।

138 भटराई, *पूर्ववत् पाद टिप्पणी नं. १,* पृ.२२५ ।

139 सिः गुठिका नाइके इन्द्रवहादुर दुवालसंग मिति २०६३।०१।२० गते मौखिक रुपमा लिइएको अन्तर्वार्ता अनुसार ।

सिःगुठीजस्तै आफूआफू मिली सहकारी भावनाले मृत्यु हुँदा सहयोग गर्न गठन गरिराखेको समूहलाई नेवारीमा सनागुठी भनिन्छ । सनागुठीले मृत्यु शरीरलाई आवश्यक काजक्रिया गरी मसानसम्म पुऱ्याई दिने काम गर्दछ । यसले सिःगुठीले जस्तै लाश जलाउने काम गर्दैन । यसमा पनि वर्ष-वर्षमा गुठी पालो फेरिन्छ । पालो पर्नेले एक वर्षसम्म गुठी बोलाउने, गुठीको भोज चलाउने र गुठीको सबै काम गर्ने गर्नुपर्छ ।

### ६ : ३ : ३ विचाःगुठी

मृतकको घरमा गई मृत्यु परिवारलाई सान्त्वना दिन जाने गुठी पनि नेवार समाजमा छ । समाजका प्रतिष्ठित व्यक्तिहरुको मृत्यु हुँदा समवेदना प्रकट गर्न जान खबर गरिन्छ । सबै गुठीयारहरु जम्मा भई मृतक परिवारलाई सान्त्वना दिन जान्छ । यो मृत्यु भएको भोलिपल्ट जाने चलन छ ।[140]

### ७ : ३ : ४ ननीःगुठी

टोलका या ननी(चोक)का छरछिमेक, दाजुभाइहरु मिली बनाइ राखेको गुठीलाई ननीः गुठी भनिन्छ । यसले टोलमा कसैलाई आपतविपत पर्दा मद्दत गर्ने र कोही बेवारिसे या गुठी नभएका व्यक्तिको मृत्यु भई दाहसंस्कार गर्न समस्या भएमा दाहसंस्कार गरी मद्दत गर्ने काम गर्दछ ।[141]

### ७: ३ : ५ अय्लां गुठी

टोल छिमेकका दाजुभाइहरु मिली नयाँ वर्षमा हुने विस्केट जात्रामा टोलटोलमा अय्लां ( बर्गाकार कपडामा विभिन्न देवी देवता चित्र अंकित चारै किनारामा झलझल राखेको ) टाग्नको लागि बनाइराखेको गुठीलाई अय्लां गुठी भनिन्छ । गुठी नभएकाहरु मृत्यु भई आपतविपत हुँदा दाहसंस्कारको लागि यस गुठीले पनि मद्दत गर्ने गर्दछ ।[142]

---

[140] सत्वतारा बज्र बज्राचार्य, *नेवा बौद्ध समाजय् मृत्यु संस्कार - वि.सं.२०६१ भद्र २१ -२५ गते अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बानेश्वरमा चतुर्थ* अन्तराष्ट्रिय बौद्ध संस्कृति सम्मेलनमा प्रस्तुत कार्यपत्र  पृ.७ ।

[141] सिः गुठीका रत्नभक्त प्रजापतिबाट प्राप्त जानकारी अनुसार ।

[142] दुवाल, *पूर्ववत पाद टिप्पणी नं. ५* ।

## ७ : ४ मृत्यु संस्कारमा संलग्न हुने छरछिमेक र साथीभाइ

परिवारमा कुनै आपत-विपत पर्दा छरछिमेक र साथीभाइहरुले मद्दत गर्नु मानवीय कर्तव्य हो । मृत्यु जस्तो विपतिमा सबैले मद्दत त गर्नैपर्छ । मृत्यु भएपछि सबै व्यवस्थाको लागि, दुःखी परिवारलाई सम्झाई, बुझाई र सान्त्वना दिनको लागि छिमेकी तथा साथीहरु लागेका हुन्छन् । अरु कार्य गर्न नसके पनि मलामी जाने, लोकाचार कार्यमा बस्ने सबैले गर्छन् । छरछिमेकी, साथीभाइ, इष्टमित्रहरुले जुठो बार्नुपर्दैन ।

## ७ : ५ मृत्यु संस्कारमा संलग्न हुने अन्य सदस्यहरु

### ७ : ५ : १ चालुंचा (शुद्धकार)

मृत्यु भइसकेपछि विधिपूर्वक लाशलाई शवयात्रा गरी मसानमा लानको लागि आवश्यक व्यक्तिमध्ये चालुंचा (शुद्धकार) पनि हो । उनले शवयात्रालाई आवश्यक दिवाचा ( महादीप) बनाउने र दिवाचा बाली बोक्ने काम गर्छ । साथै ठाउँ-ठाउँमा तं बाजा बजाउने गर्छ ।

### ७ : ५ : २ भाचा (दिवाकर)

मृत्यु भएको दशौं दिन दुब्यंके क्रिया गर्नको लागि आवश्यक व्यक्तिमध्ये भाचा ( दिवाकर) एक हो । भाचाले एकादशा राख्न आवश्यक सामान मिलाउने, घाटमा दश दिनको श्राद्ध गर्न सामान र श्राद्ध स्थलको तयारी गर्ने काम गर्दछ । साथै उनले एकादशामा राखेको सामान काजक्रियापछि ग्रहण गर्ने गर्दछ ।

### ७ : ५ : ३ नौ (नापित)

मृत्यु भएको दशौं दिन “दुब्यंके” कार्यको लागि कपाल मुण्डन गर्न नापित बोलाउनु पर्ने नेवार समाजको परम्परा छ । लत्या (४५ दिनको तिथि), खुला (६ महिना तिथि), दाकिला (एक वर्षको तिथि), र दुई वर्षको तिथिको लागि कपाल खौरिन र शुद्ध गर्न नापित नभई हुँदैन । नापितबाट चोख्याएरमात्र सबै काम गर्ने गरिन्छ ।

**७ : ५ : ४ तिनीचा (शिवाचार्य)**

मृत्युको १२ औं दिन मृत्यु घरमा यज्ञ गरी जुठो फुकाउने काम तिनीचा(शिवाचार्य)बाट गरिन्छ । कसैकसैको १२ औ दिनको कार्य पनि बज्राचार्य पुरोहितबाट गरिन्छ ।

**७ : ५ : ५ पुरोहित**

मृत्यु भएको ४५ औं दिनको श्राद्ध कार्य गर्नको लागि पुरोहित राख्नुपर्दछ । ४५ दिन देखि ६ महिना, एक वर्ष र दुई वर्षको श्राद्ध कार्य पुरोहितबाट नै हुन्छ ।

**७ : ५ : ६ त्वजु (कपाली)**

मृत्यु संस्कारमा त्वजु (कपाली) को सहभागिता मृत्युको दिनदेखि नै हुन्छ । मृत्युको दिन छ्वासवाय् भनी मृतकको लुगाफाटाहरु छ्वासमा राख्न लगेको त्वजुले नै लिने गर्छ । साथै मृत्युको दिन घर बाहिर राखिने एक पाठी धान कपालीलाई दिन्छ । मृत्युको दिनदेखि मृतकको नाउँमा राखेको भाग पनि कपालीलाई नै दिन्छ । मृत्युको सातौदिन न्हेनुमा दिएको त्वंजुले नै लिनुपर्ने सामाजिक मान्यता छ । लत्या, खुला, दाकिला र २ वर्षे कार्यमा मृतकको नाउँमा दिइने भाग कपालीलाई दिने चलन छ ।

**७ : ५ : ७ बाजा समूह**

स्थानीय सिःगुठी नाइके इन्द्रबहादुर दुवालका अनुसार धेरै पहिले सबैको शवयात्रामा बाजा बजाउने चलन थियो । कसाइहरुले नाय् बाजा (धाँ र छुस्याय्) बजाउँथे, चालुंचाले तँ बाजा बजाउँथ्यो र मानन्धरले पोङा बाजा बजाउँथ्यो ।

उहाँका अनुसार सती जाने बेलामा धिमाय् बाजा बजाइन्थ्यो । जसले सती गएकाको व्यक्तिको चिच्याहत बाजाको आवाजले छोपिन्थ्यो । पछि आएर मल्ल राजाहरुले तँ बाजा एउटामात्र बाँकी गरी अरु बाजाहरु हटाइदियो भने कथन भएको गुठी नाइके बाजे भन्नु हुन्छ । आजकल गाईजात्राको दिन “घिन्ताङघिसी” नाचको लागि धाँ बाजा, पछिमा बाजा र धिमाय् बाजा समूह लाने गरेको पाइन्छ ।

**७ : ५ : ८ बैद्य**

मृत्यु भएको हो वा होइन घोषणा गर्ने कार्य साधारण व्यक्तिले गर्नसक्दैन । मृत्यु घोषणा गर्न अनुभवी व्यक्ति, मृत्युसम्बन्धी विशेष ज्ञान भएको बैद्यको आवश्यक पर्दछ । घाटमा भए घाट बैद्यले र घरमा भए अनुभवी बैद्यले मृत्यु भएको घोषणा गराउने समाजको मान्यता छ ।

**७ : ५ : ९ डाक्टर**

दुर्घटना भई या अन्य रोगले बिरामी भई बिरामीलाई अस्पतालमा लगेको अवस्थामा बिरामी मृत्यु भएको घोषणा डाक्टरबाट गर्ने गरिन्छ । तसर्थ मृत्यु संस्कारमा डाक्टर पनि समाहित भएको मानिन्छ ।[143]

---

143 संस्कारसम्बन्धी अनुभवी शिक्षक रामशरण खानिबंजार र सुन्दरमान शाक्यबाट प्राप्त जानकारी अनुसार ।

# आठौं अध्याय

## उपसंहार

संस्कार शुद्ध गर्ने वा पवित्र गर्ने काम हो । मानिसको जन्म र मृत्यु हुँदा तथा अन्य समयमा पनि संस्कारहरु गरिन्छ । नेपाली समाजमा मात्र होइन, विश्वका विभिन्न जातजाति, धर्म, समुदायका मानिसले पनि आ-आफ्नो किसिमले संस्कारहरु गर्दै आएका छन् । विभिन्न देश, ठाउँ र क्षेत्रको फरकताअनुसार संस्कार गर्ने तरिका पनि फरक हुन्छन् । धर्म, जातिको भिन्नताअनुसार संस्कारमा पनि भिन्नता रहेको पाइन्छ । संस्कार नभएको देश, ठाउँ, क्षेत्र, धर्म, जाति र सम्प्रदाय संसारमा विरलै देखिन्छ ।

नेपाल पनि विभिन्न जातजाति, धर्म, सम्प्रदाय र क्षेत्रहरुमा विभाजित राज्य हो । यस देशमा पनि विभिन्न किसिमका संस्कारहरु विध्यमान छन् । एउटै संस्कार पनि जाति, धर्म र क्षेत्रको भिन्नतामा फरक फरक किसिमले गर्ने गरेको पाइन्छ । सबैको आ-आफ्नो किसिमका संस्कारहरु छन् । परापूर्वकालदेखि गरिंदै आएका संस्कारहरुमा अहिलेसम्ममा निकै परिमार्जित भइसकेको देखिन्छ । समयको अन्तरालमा कतिपय जात जातिहरुले आफ्नो परम्परागत संस्कारहरुलाई बिर्सिसकेका छन् । कतिपयको संस्कारहरुमा अरु जातिको संस्कारहरु मिसिसकेका छन् । कतिले आफ्नो संस्कार छाडी अरु जातिको संस्कार ग्रहण गरेका छन् ।

नेपालमा भएका विभिन्न जातिहरुमध्ये आफ्नो संस्कारलाई संरक्षण गरिराख्न सफल जातिको रुपमा नेवार समाजलाई लिन सकिन्छ । नेवार समाजलाई संस्कृति, संस्कारमा सबभन्दा धनी जातिको रुपमा लिइन्छ । आमाको कोखबाट जन्मेको घडीदेखि मृत्युपरान्त दुई वर्षसम्म अनिवार्य रुपमा गर्नुपर्ने अनगिन्ती संस्कारहरु नेवार समाजमा यद्यापि कायम छन् । दुईवर्षपछि पनि धेरै पुस्तासम्म मृतकको नाउँमा विविध संस्कारहरु गर्ने परम्परा कायम छ । मानव जीवनमा गर्ने संस्कारहरुमध्ये मृत्यु संस्कारलाई बढी महत्व दिइएको पाइन्छ । नेवार समाजमा पनि मृत्यु संस्कारलाई अनिवार्य रुपमा गर्नैपर्ने परम्परा बसालेको छ ।

मृत्युको उत्पति मानवको सृष्टि सँगसँगै भएको मानिन्छ । श्रीमदभागवतमा उल्लेख भएअनुसार ब्रम्हाद्वारा प्रजाको सृष्टि भएपछि नै मृत्युको उत्पति भएको हो । योभन्दा पहिले मृत्युको कुनै अस्तित्व थिएन । महाभारतमा उलेख भएअनुसार मृत्युको रचना ब्रम्हाद्वारा प्रजाको संहार गर्नको लागि गरिएको थियो ।[144]

मृत्यु जीवनको सबभन्दा दुःखद कुरा हो । मृतकको अभावमा ऊसँग घनिष्ट सम्बन्ध भएकाहरुलाई ठूलो चोट परेको हुन्छ । यस्ता दुःखबाट छुटकारा पाउन संस्कृत निर्माताहरुले अन्त्येष्टि संस्कारको व्यवस्थित योजना निर्माण गरे । जसले मृत्युबाट उत्पन्न दुःख कम गर्छ र घरको वातावरण पवित्र बनाउँछ ।[145]

मृत्युपछि मृत्यु आत्मा प्रेत बन्छ भन्ने प्राचीन सामाजिक मान्यता छ । विधिपूर्वक अन्त्येष्टि क्रिया सम्पन्न गरेपछि उनी प्रेतबाट मुक्त हुन्छ र पितृलोक जान्छ । यसरी अन्त्येष्टि क्रिया प्रेतबाट मुक्त गर्ने उपाय हो भनी उल्लेख छ ।[146]

अहिले पनि समाजमा मृत्युसम्बन्धी विभिन्न विश्वासहरु गरिएको पाइन्छ । त्यसैले अन्य संस्कारहरुमा भन्दा मृत्युसम्बन्धी विधि-विधान कठिन भए पनि विधिपूर्वक गरिएको हुन्छ । मृत्यु संस्कारमा धनी गरिब नभनी जतिसुकै गरिबले पनि मृत्यु संस्कार विधिपूर्वक पुरा गर्छन् ।

मानव शरीरको मृत्यु भए पनि मानिसको आत्मा मर्दैन भन्ने नेवार समाजको परम्परागत विश्वास छ । पाको बुढा बाजेहरुका अनुसार आत्मा विभिन्न ठाउँमा घुमिरहन्छ । मानव जीवनमा कुकर्म गर्नेहरु, दुर्गतिपूर्वक मृत्यु हुनेहरु प्रेत आत्मा बन्छ र लामो समयसम्म यिनीहरुले मानिसहरुलाई दुःख दिइरहन्छ भने भनाइ छ । मृत्यु आत्मालाई त्यस्तो दुर्गतिको अवस्थाबाट मुक्त गर्न मृतकको नाउँमा संस्कारहरु गर्नुपर्ने नेवार समाजको मान्यता छ ।

---

144 कला उपाध्याय, *अन्त्येष्टि एक ऐतिहासिक अध्ययन,* वाराणसी : यज्ञ प्रकाशन, इ.स.१९८९, पृ. १९,२०, पृ. १९ ।

*145* *ऐ ऐ*, पृ. १ ।

146 *ऐ ऐ,* पृ. भूमिका III ।

समाजका विद्यमान विभिन्न परम्परागत मान्यता र विश्वासहरुको आधारमा मानिसको मृत्यु भएदेखि अनेक संस्कारहरु गर्ने नेवार समाजमा अद्यापि कायम छ । मृत्यु भएपछि घरमा गरिने संस्कार, घाटमा गरिने संस्कार, मसानमा गरिने संस्कार, ४ दिनमा लोकाचार, ७ दिनमा न्हेनुमा, १० दिनमा दुब्यंके, ११ दिनमा घःसु (घर सुद्धि), १२ दिनमा ल्हापाने (यज्ञ), ४५ दिनको तिथि, ६ महिनाको तिथि, १ वर्षको तिथि, २ वर्षको तिथि आदि मृतकको नाउँमा काजक्रिया गर्ने र दानपुण्य गर्ने गर्छन् । यसको मूल आशय मृत्यु आत्मा सुमार्गमा जाओस्, राम्रो कुलमा परोस् भन्ने हुन् । सातौं दिनमा गर्ने न्हेनुमा काश्यप गोत्रकाले पाचौं दिनमा गर्छ, मंगोल गोत्रकाले ७ दिनमा गर्छ । ४५ दिनमा गर्ने लत्या कसैकसैले १३ दिनमा पनि गर्ने गर्छन् ।

नेवार समाजमा पनि विभिन्न उप-जातिहरु छन् । मध्यकालीन राजा जयस्थिति मल्लले गरेको सामाजिक सुधारअनुसार नेवार समाज विभिन्न उपजातिहरुमा विभाजित भए र कामअनुसार अनेक थरहरु कायम भए । यसरी विभाजित उपजातिहरुमा गरिने मृत्यु संस्कारहरुमा सानातिना भिन्नताहरु पाइन्छन् ।

भक्तपुरको नेवार समाजमा मुख्य गरी बाहुन (राजोपाध्याय, शर्मा, मिश्र), स्यस्य ( श्रेष्ठ, जोशी, बनेपाली, मुनंकर्मी, हाडा, बैद्य), ज्यापु (किसान), कुमाल (प्रजापति), गुरुजु ( शाक्य, बज्राचार्य), छिपी ( रंजितकार) समी (मानन्धर), नापित (नौ), नकर्मी (कौ), दिवाकर ( भाचा), कपाली (जुगि), कसाई (नाय्), द्योला (पोडे), शुद्धकार (चालुंचा) आदि उपजातिहरु छन् । यी सबै नेवारहरुले गर्ने मृत्यु संस्कारहरु एकै किसिमका छन् । तर गर्ने तरिका र दिनहरुमा केही फरक छन् ।

नेवार समुदायमध्ये कपाली (जुगी/कुस्ले) जातिले शवलाई गाड्ने गर्छन् । अरु सबै जातिले लासलाई जलाउने गर्छन् । जन्मेको ६ दिन नहुँदै मृत्यु भएमा गाड्ने चलन छ । दाहा संस्कारपछि लक्च (चार दिन), न्हेनुमा (सात दिन), दुवेंके (दश दिन), घःसु (एघारौं दिन) हात सुद्धि (वाह्रौं दिन) , लत्या (पैतालीस दिन), खुला (६ महिना), दाकिला (वार्षिकी), न्यदा तिथि (दुई वार्षिकी) मा विभिन्न काजक्रिया गर्छन् । शाक्य, नकर्मी, मानन्धर, पोडे, दिवाकर, शुद्धकार, कपाली, आदिको सातौं दिनमा न्हेनुमा (सातदिने कार्य), दुवेंके (१० दिने),

घःसु (११ दिने) र हात सुद्धि (१२ दिने) कार्य एकैदिन गर्ने चलन छ । बरखि बार्ने काम पनि सातौं दिनमा शुरु गरिन्छ । अन्य नेवारहरुको बरखी बार्ने काम दशौं दिनमा हुन्छ ।[147]

मृत्यु संस्कारको विभिन्न समयमा गर्ने श्राद्ध पोडे जातिमा ज्वाइँबाट हुन्छ, शाक्यहरुको बज्राचार्य (दीक्षा लिएका)बाट गरिन्छ । अन्य नेवारहरुको श्राद्ध कार्य बाहुन पुरोहितबाट गरिन्छ । कसैकसैको बज्राचार्य पुरोहितबाट पनि गरिन्छ ।

नेवार समाजको मृत्यु संस्कार धेरैपटक र लामो समयसम्म हुन्छ । त्यस कार्यमा विभिन्न उपजातिका धेरै मानिसहरु समाहित हुन्छन् । परम्परागत रुढिवादी, अन्ध विश्वासको मान्यतामा गरिराखेको भए पनि मृत्यु संस्कारका कतिपय कुराहरु नगरिनहुने खालका पनि छन् । मृत्यु भएको शरीरलाई त्यतिकै राखिराख्नु व्यर्थ हुन्छ । त्यसलाई सकेसम्म छिटो दाहसंस्कार गर्नु अति उत्तम हुन्छ । यो कार्य नेवार समाजमा सबैको सहयोगमा हुने गर्दछ । यो अति राम्रो पक्ष हो ।

मृत्युपछि गर्ने विभिन्न संस्कारहरुलाई आधुनिक दृष्टिले हेर्दा अनावश्यकजस्तो देखिन्छ । मनोविज्ञानको दृष्टिले हेर्दा मृत्युपछि गर्नुपर्ने विभिन्न संस्कारले मृत्यु व्यक्तिको छोरा छोरी, परिवारजन मृत्युको दुःखमा लीन हुन नदिन र उनीहरुको ध्यान मृत्युको दुःखमा सीमित नराखी अन्य क्षेत्रमा जाओस् भन्ने देखिन्छ, जसले मृत्युको दुःख विस्तारै घटियोस् । अर्को दृष्टिले हेर्दा मृत्यु संस्कारमा समाहित हुनुपर्ने विभिन्न पक्षहरु जस्तोः भाचा, चालुंचा, नौ, जुगि, पुरोहित आदिले आफ्नो काम उपयोग गर्ने अवसरको रुपमा लिन सकिन्छ । जसले उनीहरुको आयआर्जन हुन्छ । यदि सबै काम एक्लैले गर्ने हो भने बेरोजगार बढ्ने निश्चित छ । यस हिसाबले जातिअनुसारको काम भएको समाजमा कार्य विभाजनको रुपमा लिन सकिन्छ ।

मृत्यु संस्कार मृतकप्रति गरेको श्रद्धा हो । मृतकप्रति गरेको माया, विश्वास र सम्मानको प्रतीकको रुपमा संस्कारलाई लिन सकिन्छ । माया, मोह, आदर, सम्मान, विश्वास

---

[147] अगिव बनेपाली, *नेवाः संस्कृति र संस्कार (लेख संग्रह),* भक्तपुरः जगत लक्ष्मी स्मृति समाज, वि.सं. २०६३, पृ. १३६ ।

र श्रद्धा सबै मानवतामा हुनपर्ने गुणहरु हुन् । समाजमा यस्ता गुण भएका व्यक्तिहरुको वाहुल्यता भएमा समाज र देश राम्रो हुन्छ । समाजमा यी गुण्हरुको कमी भएपछि विकृति, विध्वंश, आक्रमण, युद्ध, लुटपाट हत्या आदि हुन्छन् । यसरी मानिसमा श्रद्धा, भावको विकासका लागि संस्कारको विकास भएको हुनुपर्छ ।

मानिसको मृत्युदेखि दुई वर्षसम्म गरिने विभिन्न श्राद्ध र संस्कार मृतकप्रति गरेको श्रद्धा हो । मृतक कुनै दुर्गतिमा नपरोस्, उनको दुःख मोचन होस्, कुनै किसिमको दुःख नपरोस्, सुखमय स्थानमा वास परोस्, मोक्ष प्राप्त गरोस् आदि विश्वास भावले क्रियापुत्रबाट उक्त काजक्रियाहरु गरिन्छ । मृतकको नाउँमा गरेका सबै दानपुण्यको लाभ मृतकलाई जान्छ, मृतक कहीं अप्ठ्यारोमा परिराखेको भए त्यसबाट मुक्त हुन्छ भन्ने विश्वासले दानपुण्य गर्छन् । तर यो मृतकप्रति श्रद्धाबाहेक अन्य केही नभएको आजका युवाहरुको धारणा छ ।

परम्परावादी र आधुनिक मानिसहरुको फरक फरक विचार भए पनि मृत्यु संस्कारले मृतकप्रति देखाएको श्रद्धा स्पष्ट झल्किन्छ । संस्कारमा समाहित हुनेहरु मृतकका कस्ता नाता हुन् थाहा हुन्छ, जस्तो बर्खी बस्ने मृतकका छोराहरु हुन्, श्रीमती हुन् भने सेतो पोसाकले देखाउँछ । मृत्यु हुँदा छोरी बुहारीहरु रुने र लोकाचार जस्तो कार्यले कसको मृत्यु भयो भन्ने कुरा सबैमा जानकारी गर्छ । यसलाई पनि राम्रो पक्षको रुपमा लिन सकिन्छ ।

**॥ अस्तु ॥**

# परिशिष्ट १

एक वर्षसम्म पितृ जाने मार्ग र पितृको नाउँमा दान गर्नुपर्ने वस्तुहरु निम्नअनुसार छन् :-

| क्रसं | महिना | प्रत्येक महिनामा जाने मार्गहरु | दान गर्ने सामानहरु |
|---|---|---|---|
| १ | १ महिना | सौम्यपुर | कुशासन वा चकती -१, कमण्डलु-१, जलदान |
| २ | १.५ महिना | सौरिपुर | सुनको औंठी-१ |
| ३ | २ महिना | नगेन्द्रपुर | छालाको जुत्ता -१ जोर,(सावरको) |
| ४ | ३ महिना | गन्धर्वनगर | कालो छाता |
| ५ | ४ महिना | शैलागमन | तडपत्र छाता |
| ६ | ५ महिना | क्रौचपुर | हतियार (चक्कु) |
| ७ | ५.५ महिना | क्रुरपुर | कन्दुर र दूब्य |
| ८ | ६ महिना | विचित्रपुर | तामाको बाता-१, चाँडीको डुंगा -१, सुनको चटं (डुंगा खियाउने), चाँदीको चटं-१, गाईदान, वस्त्र |
| ९ | ७ महिना | वुहापद् | चामल (अन्न) दान |
| १० | ८ महिना | दु:खदपुर | सुनको गहना |
| ११ | ९ महिना | नानाकृन्दपुर | सुनको सिंह-१ |
| १२ | १० महिना | सुतप्तपुर | कपडाको कालो जुत्ता-१ जोर |
| १३ | ११ महिना | रौद्रपुर | दण्ड (लौरो) |
| १४ | ११.५ महिना | पयोवजनपुर | वस्त्र (कपडा) |
| १५ | १२ महिना | सिताध्यनगर | ऊनको वस्त्र |

# परिशिष्ट दुई

## मृत्यु संस्कार सम्बधित फोटोहरु



१ सिकिस्त अबस्थाको विरामी



२ विरामी सिकिस्त भएको अवस्थामा गौ दान गर्दै



३ बिरामीको सामु ग्रहदान गर्दै पुरोहित



४ गौदानमा दान गरिएका अन्न तथा फलफूल




५ पार्थिव शरीर



६ मृतकलाई पानी खुवाउँदै

**Error! Not a valid link.**




७ मृतकलाई सिंगार्दै



८ मृतकलाई कुतो (घारो) मा राख्दै



९ शव यात्रा



१० शव यात्राको क्रममा नातेदारहरु रुँदै गइरहेका र सहभागीहरु



१४ लाश जलाउँदै



११ मसान घाटमा मृतकलाई पानी खुवाउँदै



१२ मृतकलाई पानी खुवाउन लाइनमा आउँदै मलामीहरु



१३ क्रियापुत्रबाट दागबत्ती दिंदै




१४ लाश जलाउँदै



१५ मृत्युको चौंठो दिन लोकाचार (लक्च) का सहभागी पुरुषहरु



१६ मृतकका नातेदार महिलाहरु रुन्दै मृत्यु घरतिर आउँदै




१७ मृतकका नातेदार महिलाहरु मृत्युघरमा प्रवेश गर्दै




१८ सातौं दिनमा न्हेनुमा दिन्दै र परम्परा अनुसार कुकुरलाई खुवाउँदै




१९ परम्परा अनुसार न्हेनुमा कुकुरलाई खुवाउँदै



२० दसौं दिनमा महिलाहरु दुबेंके (चोख्याउने) गर्दै




२१ दसौं दिनमा पुरुषहरु दुबेंके (चोख्याउने) गर्दै



२२ दसौं दिनमा क्रियापुत्रद्वारा घाटमा श्राद्ध गर्दै





२३ दसौं दिनमा क्रियापुत्रद्वारा घाटमा गरेको श्राद्ध खोलामा बिसर्जन गर्दै




क्रियापुत्रले पुरोहितबाट बरखि पोशाक ग्रहण गर्दै

२४

घाटको काम सिध्याई घर फर्कँदै

२५





२६ एघारौं दिनमा घाटमा श्राद्ध गर्दै




२७

बाह्रौं दिन यज्ञमा हात चोख्याउँदै



२८

४५ दिनको श्राद्ध गर्दै



२९ ४५ दिनमा मृतकको नाउँमा विभिन्न सामान दान गर्दै



३० ४५ दिनमा मृतकको नाउँमा दान गरेका विभिन्न सामानहरु



३१ गाई जात्रामा घुमाउन ता:हा साँ (गाई) बनाउदैं



३२ गाई जात्रामा ता:हा साँ (गाई) शहर परिक्रममा गराउँदै



३३ गाई जात्रामा तःहा सां घुमाउँदै



३४ गाई जात्रामा सां (गाई) सँगै घिन्ताघिसि नृत्य गर्दै



३५, एक बर्षको श्राध्द (तिथि) गर्दै

# सन्दर्भ ग्रन्थ सूची

## नेपाली


१.आचार्य,बाबुराम, *नेपालको साँस्कृतिक परम्परा,*काठमाण्डौः श्री कृष्ण आचार्य,२०५४।

२.उपाध्याय,श्रीराम प्रसाद,*नेपालको समीक्षात्मक इतिहास,* ललितपुरःसाझा प्रकाशन,२०५५।

३. जवरा, धनशम्शेर, *संस्कार पद्धति,* पं. कृष्णप्रसाद भट्टराई,वि.स. २०२८ ।

४.तमोट, काशिनाथ, *नेपाल समुदायको धर्म र संस्कार* (स्मारिका),काठमाडौंःनेपाल नेवार समाज, वि.स. २०५३ ।

५.दाहाल,पेशल, *नेपालको इतिहास र संस्कृति,* भोटाहिटी :एम.के.पब्लिशर्स, वि.सं.२०६३ ।

६.*नेवाः संस्कृति र संस्कार (लेख संग्रह),* भक्तपुरः जगत लक्ष्मी स्मृति समाज,वि.स.२०६३ ।

७.पन्थी, लक्ष्मीकान्त, *संस्कृतीको उत्पति संख्या र क्रम,* कान्तिपुर : वि.सं. २०५४ ।

८.पाण्डे, राजवती, *हिन्दु संस्कार* , सन् १९८५ ।

९.बुढाथोकी,चन्द्र विक्रम, *जयस्थिति मल्लको सुधार,* पुल्चोकः साझा प्रकाशन,वि.सं.२०३०

१०.भण्डारी, ढुण्डिराज , *नेपालको आलोचनात्मक इतिहास,* बाबू साप्र शर्मा

११.भट्टराई, ज्ञानेश्वर, *वृहत ज्ञानकोश,* बुटवलः लक्ष्मी पुस्तक सदन, २०५२ ।

१२.*मेचीदेखि महाकाली भाग २, मध्यमाञ्चल* , विकास क्षेत्र (२०३१), काठमाण्डौः श्री ५ को सरकार, संचार मन्त्रालय, सूचना विभाग ।

१३.शर्मा,बालचन्द, *नेपालको ऐतिहासिक रुपरेखा,* दूधविनायक बाराणसीः प्रकाशक कृष्णकुमारी देवी , २००८ ।

१४.शाक्य सविता, *भक्तपुरका प्रजापति जातिको सामाजिक जनजीवन एक अध्ययन (शोधपत्र),*२०५६ ।

१५. श्रेष्ठ, पुरुषोत्तम लोचन, *भक्तपुरको नवदुर्गा गण,* भक्तपुरः बबिता श्रेष्ठ, २०६० ।

१६. श्रेष्ठ, हिरण्यलाल, *नयाँ नेपालको परिचय,* लूज रुपेश प्रकाशन , २०३५।


## नेवारी


१७.*पलेस्वां, विशेषांक, बर्ष १६, अंक २२,* लोटस रिसर्च सेन्टरको सामयिक प्रकाशन, २०६२

।१८.बज्राचार्य सत्वतारा बज्र, *नेवाः बौद्ध समाजय् मृत्यु संस्कार (कार्यपत्र*), काठमाडौंःरत्नकीर्ति महाविहार (मखं बहाः), २०६१ ।

१९.बज्राचार्य,राजभाई, *अन्तिम अग्नि संस्कार क्रिया,* नेपाल परम्परागत बौद्ध धर्म संघ, २०६२।

२०.बज्राचार्य, सर्वज्ञरत्न, *वज्रयान पूजाविधि संग्रह,* नेपाल बौद्ध संस्कृति संरक्षण केन्द्र, २०६२ ।

२१.शाक्य, शारदा, *नेवार समाजमा "इहि" संस्कार (शोध पत्र)* , वि.सं.२०५८ ।

२२.श्रेष्ठ मदन, *नेवाः,* स्यस्य समाज, वि.सं.२०६२ ।

२३.श्रेष्ठ, रेवती रमणानन्द, *नेवाः,* ललितपुरः, साहित्य मूलुखा, वि.सं.२०५८ ।


## अंग्रेजी


२४.Nepali, Gopal Singh, *The Newars*, United Asia Publication – 1965


## हिन्दी


२५.उपाध्याय,कला,*अन्त्योष्टि एक इतिहासिक अध्ययन,* वाराणसी, यज्ञ प्रकाशन, १९८९।